# अध्याय एक

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

झण्डै ५००० वर्ष पुरानो सिन्धु सभ्यता करिब ३००० वर्ष पुरानो वैदिक सभ्यताको प्रभाव रहेको मानव समाज र अरबको मक्का मदिनालाई आफ्नो धार्मिक तीर्थस्थल मान्ने समुदायको बसोबास मात्र होइन विश्वमा तेस्रो स्थान लिने बौद्ध धर्म सम्प्रदायको उत्पत्ति विकास र विस्तारको थलो यही भएकोले यहाँको सामाजिक बनोट र जातीय परम्परा आ-आफ्नै प्रकारको छ । यसको अध्ययन रोचक मात्र छैन महत्वपूर्ण पनि छ । मानव जातिको विकास र विस्तारलाई अनुकुल प्रभाव पार्ने यस भूखण्डको भौगोलिक अवस्थाले गर्दा चारैतिरबाट विविध जाति प्रजातिका मानव यहाँ आई बस्न थाले । यसरी यो देश उत्तर तर्फको हिमाली पहाड क्षेत्रबाट आउने र दक्षिणको समथर भूभागबाट आउने मानव जातिको संगमस्थल बन्न पुग्यो । विभिन्न कारणले यस क्षेत्रमा आई बसोबास गर्ने मानव जातिहरु एक आपसमा भेटघाट र सम्पर्कबाट प्रभावित हुन पुग्यो । यहि सांस्कृतिक प्रक्रियास्वरुप एकतामा अनेकता र अनेकतामा एकता भएको नेपाली समाजको स्वरुप र संरचना निर्माण हुन पुग्यो । संगठित नेपाली समाजको ऐतिहासिक प्रमाणित आधार खोज्ने क्रममा हिन्दू, जैन एवम् बौद्ध ग्रन्थहरु कौटिल्यको अर्थशास्त्र र गोपाल वंशावली सम्म पुग्न सकिन्छ ।

फरकफरक सामाजिक सांस्कृतिक विशेषता भएका समूहहरुको सम्पर्क र उपजातिको उत्पत्ति भएकोले नेपाली समाज र सांस्कृतिको अध्ययन जटिल हुन पुगेको छ । जसरी एउटा सुन्दर फूलवारीमा रंगिविरंगी जातजातका फूलहरु फूलेर सौन्दर्यता छरिरहेका हुन्छन् । त्यसरी नै यस फूलवारीरुपी सुन्दर देश नेपालमा रंगिविरंगी फूल सरह अनेक जातजातिको बसोबासको पुर्ख्यौली बाहुल्यताको आधारमा हेर्दा हिमाली भागमा शेर्पा, मनाङे, भोटिया, आदि जाति, पहाडी भेगमा बाहुन क्षेत्री जातिको बसोबास छ भने व्यापारीक क्षेत्र र उपत्यकामा नेवार जातिको बसोबास छ । त्यस्तै तराई क्षेत्रमा मैथली, बाहुन, राजपुत, कायस्थ, भूमिहार, थारु, राजवंशि, सतार, यादव, सार्की आदि जातजातिको बसोबास पाइन्छ

तर नेपाल अधिराज्यको एकीकरण पछि त्यसमा पनि २००७ सालको प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि भएको आन्दोलनपछि देशमा आएको राजनैतिक सामाजिक परिवर्तन र यातायात संचारमा शिक्षाको क्षेत्रमा भएको पुर्ख्यौली थलोको बसाईसर्ने क्रम तिव्र बनेको हुँदा नेपालको सबै क्षेत्रमा सबै वर्गका मानिसहरु पाइने गर्दछन् । तापनि तराई र नव औद्यौगिक एवम् नव व्यापारिक क्षेत्रमा सबै वर्गका मानिसहरु भेटिने गर्दछन् ।

विविध जातिको बसोबास रहेको यो देशमा सामाजिक सांस्कृतिक आधारमा २००७ साल पछि मात्र जातजातिको अध्ययन हुन थालेको पाइन्छ । २००९ साल पहिले कर्कपेट्रिक, हेमिल्टन, जस्ता नगण्य मात्रामा अध्ययन भएका थिए तर ती अध्ययनको उद्देश्य समाजशास्त्रीय नवशास्त्रीय दृष्टिकोण भन्दा बढी विदेशी पक्षको प्रभावको अध्ययन गर्ने केन्द्रित थियो । २००७ साल पछि समाजशास्त्रीय मानवशास्त्रीय दृष्टिकोणबाट स्वदेशी एवम् विदेशी विद्वान्हरुबाट नेपाली समाजको अध्ययन हुन थालेको छ तर यो अध्ययनको परिधिभित्र नेपालका सबै जातजातिहरुको अध्ययन हुन नसकेको अवस्था विद्यमान छ । यसै सन्दर्भमा गहिरिएर अध्ययन गर्दा नेपालरुपी साझा फूलवारीमा फूलेको एक किसिमको फूलवारीका रुपमा बोटे जातिलाई लिन सकिन्छ । यसै नेपालरुपि फूलवारीमा फूलेको फूल जोअन्य फूल भन्दा लोपोन्मुख अवस्थामा पुगेको अनुमान जनजाति मञ्च नामक पत्रिका उल्लेख गरिएको छ । यसै कुरालाई मनन गर्दै बोटे जातिको जनसंख्याको अध्ययन गर्दा २०५८ सालको जनगणनानुसार नेपालको कुल जनसंख्या १८४९१०९७ मध्ये बोटे जातिको जनसंख्या मात्र ११,३२१ जुन प्रतिशतको हिसाबले ०.०६१ प्रतिशत हुन आउन भने २०६८ सालको जनगणनानुसार नेपालको कुन जनसंख्या २६४९४५०४ मध्ये बोटे जातिको जनसंख्या १०३९७ मात्र रहेको पाइन्छ । जसमध्ये पुरुष ५०१९ र महिला संख्या ५३६८ रहेको छन् । यो कुल जनसंख्याको हिसाबले ०.०४ प्रतिशत हुन आउछ ।

## १.२ समस्या कथन

नेपाल बहुजातीय, बहुभाषिक, धर्म निरपेक्ष राष्ट्र भनेर घोषणा भएता पनि जाति व्यवस्थाको शुरुवात र यसको व्यापकता नेपाली समाजमा कहिलेदेखि कसरी भएको हो ? भन्ने सम्बन्धमा खास समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन भएको पाइदैन । जे जति अध्ययन भएका छन् अध्ययनहरुको पनि जातीय व्यवस्थामाथि आ-आफ्नै दृष्टिकोण रहेको पाइन्छ । गौतम बुद्धले जाति प्रथाको विरोध गरे पनि गौतम बुद्ध पछि लगत्तै नेपालमा जाति

व्यवस्थाले जरो गाडेको थियो (बालचन्द्र शर्मा) । लगभग ३००० वर्ष पहिले मानिने विश्वकै सबैभन्दा पुरानो ग्रन्थ ऋग्वेदमा एउटै महापुरुषबाट ४ प्रकारका व्यक्तिहरुको जन्म भएको उल्लेख गरिएको छ (कर्णिकार, २०३३: १८४) ऋग्वेदमा उल्लेखित पुरुषसुक्त अनुसार बाहुन, क्षेत्री, वैश्य, शुद्र गरी चार वर्णको उत्पत्ति भएको हो । जे होस् जातीय व्यवस्था १९१० सालको मुलुकी ऐनमा पनि उल्लेखित रहेको पाइन्छ । जसमा तागाधारी अन्तर्गत ब्राह्मण, क्षेत्री, राजपुत, कायस्थ, भूमिहार र केही नेवारी जातहरु रहेको उल्लेखित छ भने मतवाली अन्तर्गत मद्यपान गर्ने जनै नलगाउने तापनि दास बनाउन नहुने जसमा गुरुङ, मगर, सुनुवार, र केही नेवारहरु राखिएको छ । दास बनाउन हुनेमा भोटे चेपाङ, कुमाल, हायु, थारु, घर्ती आदिलाई राखिएको छ भने पानी नचल्ने तर छोइछिटो हाल्न नपर्नेमा मुसलमान, धोवी, तेली, आदिलाई राखिएको छ ।  यस मूलकी ऐनले पानी नचल्ने छोइछिटो हाल्नुपर्नेमा सार्की, दमाई, कामी, च्यामे, पोडे आदिलाई समान स्थानमा राखेको पाइन्छ भने बोटेलाई भोटे, चेपाङ, कुमाल, हायु, आदिको समान सामाजिक स्तरमा पर्ने जातिका रुपमा लिइएको छ (मुलकी ऐन, २०२२) ।

यसरी हेर्दा प्रत्येक देशभित्रका भाषा संस्कृति परम्परा प्रत्येक राष्ट्रका अमूल्य निधीहरु हुन । पूर्व मेची देखि पश्चिम महाकालीसम्म उत्तर हिमाल देखि दक्षिण तराईसम्म जे जति जनजातिहरु छन् ती सबैका आ-आफ्नै महत्व र अस्तित्व छ । तसर्थ प्रत्येक जनजातिको सामाजिक आर्थिक साथै सांस्कृतिक उत्थान नगरीकन यो राष्ट्रको विकास प्रायः असम्भव छ । बोटेटारका बोटे जातिको सामाजिक आर्थिक अवस्था कस्तो रह्यो ? विवाह पद्धति कस्तो छ? विवाह पद्धतिमा कस्तो परिवर्तन आयो? विवाहमा लैङ्गिक सहभागीता कस्तो छ? यिनै प्रश्नहरुको उत्तर खोजी यिनीहरुको सम्बन्धमा उपयुक्त उपाय समेत पत्ता लगाई विश्लेषण गरिएको छ । सामाजिक आर्थिक एवम् शैक्षिक दृष्टिकोणले पिछडिएका बोटे जातिको सामाजिक आर्थिक पक्षको अध्ययन थोर बहुत रुपमा भइसकेको महसुस गरी उनीहरुको सांस्कृतिक पक्ष अन्तरगत विवाह पद्धतिको अध्ययन अनुसन्धान गर्न आवश्यक छ भन्ने ठानी विषयको चयन गरिएको हो । प्रस्तुत अध्ययनमा परापूर्वकालदेखि क्यामिन गा.वि.स. को पाथ्राघाट क्षेत्रमा रहि जीवनयापन गर्दै आएका बोटे जातिको विवाह पद्धतिको सम्बन्धमा खोजी गरी प्रकाशमा ल्याउने जमर्को गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

प्रत्येक कार्य गर्दा त्यो कामको उद्देश्यलाई हृदयङ्गम गरिएको हुन्छ । बोटे जातिको जातीय परिचान र संस्कृति संस्कारको अध्ययन गर्नु यस अध्ययनको सामान्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्न हुनेछन् ।

१) बोटे जातिको विवाह पद्धति पत्ता लगाउनु ।

२) बोटे जातिको विवाह पद्धतिमा आएको परिवर्तनलाई विश्लेषण गर्नु ।

३) अन्य जाति र बोटे जातिको विवाह पद्धतिमा के कस्ता समानता र फरक छन् भनि खोजि गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालका बहुजाति मध्ये प्रायः लोपोन्मुख अवस्थामा पुगेको बोटे जाति पनि हो । यो सुन्दर देश नेपाल बहुजाति, बहुभाषिक राष्ट्र भएकाले यहाँका सम्पूर्ण जातजातिलाई विकासको मूल प्रवाहमा ल्याउनु नितान्त आवश्यक छ । जसरी फूलवारीमा फूलेका प्रत्येक फूलका थुंगा थुंगाको आ-आफ्नै सुगन्ध र सौन्दर्यता हुन्छ त्यस्तै बहुजाति, बहुभाषिक राष्ट्रका प्रत्येक जाति रत्नको पनि आ-आफ्नै औचित्य र पहिचानको महत्व हुन्छ । त्यस्तै विविध जातजाति मध्येको आफ्नै पहिचान र औचित्य बोकेको बोटे जाति जो आजको २१ औँ शताब्दीमा पनि सिमान्तीकृत समुदायमा परेको महसुस नेपाल आदिवासी महासंघले गर्नुका साथै महत्व पनि देखाएको छ । नेपालमा रहेको सम्पुर्ण जातिहरु जातजाति हुन् त्यस मध्ये जनजातिको रुपमा ५८ जाति सुचिकृत छन् । त्यस ५८ जाति मध्येको न्यून जनसंख्या भएको जातिहरु मध्ये बोटे जाति पनि एक हो । आर्थिक अवस्था शिक्षा अवसर आदिका दृष्टिले पिछडीएको अनि भाषा संस्कृति आदिले मुलधार भन्दा भिन्न जीवनशैली भएको जातिलाई ***जनजाति*** को संज्ञा दिइएको छ । यस जनजाति मध्येकै अल्पसंख्यक एवम् सङ्कटमा रहेको बोट जातिको वर्तमान अवस्था तथा संस्कृतिको पहिचान गर्नु गरिनु आवश्यक छ । तसर्थ जबसम्म नेपाली समाज र संस्कृतिको यथार्थतालाई बुझ्न सकिदैन तबसम्म नेपाली समाजको विकास गर्न कठिन छ भन्ने कुरालाई समेत मनन गरी यस अध्ययन मार्फत बोटे जातिको सांस्कृतिक कृयाकलापका बारेमा सुझाव समेत प्रस्तुत गर्न सकिन्छ । प्रत्येक कार्यको आ-आफ्नै महत्व रहेको हुन्छ, महत्व विनाको कार्य अन्यौलपूर्ण

हुन्छ । तसर्थ यस अध्ययनको पछाडि पनि आफ्नै किसिमको महत्व अन्तरनिहित भएको पाउन सकिन्छ । बोटे जाति पिछडिएको जनजाति भएकोले उनीहरुको समुदायमा विद्यमान विवाह पद्दतिको अध्ययन गरी शिक्षा, पेशा लगायत लैङ्गिक सहभागीतामा समानुपातिक बृद्धि गर्ने कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न मद्दत गर्नेछ । यस अध्ययनको सैद्धान्तिक महत्वमा तनहूँको क्यामिन गा.वि.स.मा रहेका बोटे जातिको विवाह संस्कार के कस्तो रहेको छ ? अन्य आर्यखस ब्राह्मण जातिको भन्दा के कस्तो समानता र भिन्नता छ? उनीहरुको विवाह पद्धतिमा आएको परिवर्तन, विवाह पछिका सबल पक्ष र कमजोरी पक्ष के कस्ता छन् ? सो को विश्लेषण गर्दै यस जातिको सामाजिक संस्कार तथा सांस्कृतिक पक्षको अध्ययनले अन्य जनजातिमा भएको सामाजिक तथा सांस्कृतिक पक्षमा भिन्नता पाउन सकिन्छ जस्को व्यवहारिक महत्व बढी सबल, सक्षम, हुन जान्छ राष्ट्रले भोलिका दिनमा राष्ट्रमा लागू हुने विकास निर्माणको तय गर्न यसले ठूलो टेवा पुऱ्याउँछ । सदरमुकामबाट करिब ११ कि.मि. निकटवर्ती क्षेत्रमा रहेर पनि आधुनिकताको संकेतले स्पर्श नगरेको, २१ औं शताब्दीमा पनि अतिसिमान्तकृत वर्गमा रहेको यो जातिको जातीय पहिचान गराइ देश निर्माणको लागि वन्ने योजना सम्म यिनीहरुको पहुँच पुऱ्याउन सहयोग गर्नु हो ।

समग्रमा बोटे जातिको वैवाहिक, पारिवारिक र सांस्कृतिक संरचनाका सम्बन्धमा आएको परिवर्तनलाई मुख्य रुपमा लिइएको छ । यस अध्ययनले बोटे जातिको विवाह परम्परा र संरचनाहरुमा आएको बिचलन प्रभाव स्वरुपका बारेमा उल्लेख गरिने हुनाले पनि यसले थप महत्व बोकेको छ । त्यस्तै सामाजिक विवाह जस्तो संस्थाको बारेमा जानकारी लिई यस जातिको बारेमा जानकारी हासिल गर्न इच्छुक व्यक्ति वा संस्थालाई समेत सहयोग पुऱ्याउने आशा लिइएको छ ।

## १.५ अध्ययनको सिमा

यो अध्ययन विशुद्ध शैक्षिक प्रयोजनको लागि निश्चित समय बजेट एवम् स्रोतको प्रयोग गरि गरिएको हो । स्रोत साधनका कारण अध्ययन क्षेत्रको पनि सीमितीकरण गरिएको छ । अध्ययनका उद्देश्यमा परम्परागत विवाह पद्धति र त्यसमा आएका पविर्तन हेर्ने भन्दा पनि पुरानो पिढीँको यथेष्ट अनुपस्थितिका कारण सबै पुराना कुरा समाविष्ट गर्न सकिएको छैन । समाज परिवर्तनशील भएको हुदा दिनानुदिन बढ्दै गएको आधुनिकीकरणको प्रभाव एवम् परिवर्तनशील समयसँगै सबै परिवर्तनशील कुरा समाविष्ट गरिएको छैन । तनहूँ

जिल्लाको बोटेटारमा बस्ने बोटेहरुको मात्र अध्ययन गरिने हुँदा अध्ययनबाट प्राप्त निष्कर्ष अन्य समुदायमा लागू नहुन पनि सक्छ ।

## १.६. अध्ययनको सङ्गठन

यस शोधपत्रको संरचनामा पहिलो अध्यायको पृष्ठभूमिमा नेपालको परिचय, हावापानी, अध्ययनका उद्देश्य, अध्ययनको महत्व, अध्ययनका सिमा, अध्ययनको सङ्गठन, समावेश गरिएको छ । दोस्रो अध्यायमा अवधारणा पुनरावलोकन त्यसमा सामाजिक, साँस्कृतिक परिवर्तन सम्वन्धी धारणा, प्रसारवादी धारणा, प्रकार्यवादी धारणा, विवाह उत्पत्ति र परिवर्तन सम्वन्धी सिद्धान्तहरु, नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरु, सैद्धान्तिक पुनरावलोकन जसमा बोटे जातिको परिचय, बोटे जातिको नामकरण, बोटे जातिको आगमन वा वसोवास, पूर्व साहित्यको समीक्षा, अवधारणागत खाका समावेश गरिएको छ । तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाचा, तथ्याङ्कको प्रकृति, तथ्याङ्क सङ्कलन विधिहरु, अन्तवार्ता अनुसुचि, अवलोकन, व्यक्तिगत अध्ययन, तथ्याङ्कको प्रकृति, विश्लेषण एवम् प्रस्तुतीकरण समाविष्ट गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक विशेषताहरु जसमा तनहूँ जिल्लाको सामान्य परिचय, तनहूँ जिल्लाको नामाकरण, भौगोलिक परिचय, क्यामिन गा.वि.स.को परिचय, अध्ययन स्रोत तथा अध्ययन क्षेत्रको परिचय, तनहूँ जिल्लामा बोटे जातिको बसोवास स्थल र जनसंख्या, बोटेजातिको खानपान, भेषभुषा, भाषा, उत्तरदाताको सामाजिक आर्थिक विशेषता, लैङ्गिक सहभागीता र पेशा, उत्तरदाताको शिक्षा, धर्म, संस्कृति, चाडपर्व एवम् संस्कारहरु र बोटेजातिका पुजनादि देविदेवता एवम् विश्वास समाविष्ट गरिएको छ । पाँचौ अध्यायमा उत्तरदाताको विवाह पद्धति, परिचय, विवाहका प्रकार, दुलाहा दुलहीका घरमा गरिने विविध कार्यक्रम, मागी र प्रेम विवाह मन पर्नका कारण, वैवाहिक निर्णयमा महिलाको सहभागीता राखिएको छ । अध्याय छ मा बोटेजातिको विवाह पद्धतिमा देखिएका परिवर्तनहरुको विश्लेषण, विवाह गर्न मिल्ने नातेदारहरु, विवाहको किसिम, सगुन प्रथा, दाइजो प्रथा, विवाहमा गरिने खर्च, संस्कृतिकरण, जन्त जाने परम्परा, आधुनिकीकरणले बोटे जातिको विवाहमा ल्याएको परिवर्तन, विवाहमा परिवर्तन आउनका कारणहरु, बोटे जातिको विवाहमा परिवर्तन ल्याउने कारकहरु, उत्तरदातामा पारापाचुके र पुर्नविवाहको व्याख्या गरिएको छ । अध्याय सातमा सांराश, मुख्य प्राप्ति, निष्कर्ष एवम् सुझाव राखिएको छ ।

## १.७. अध्ययनमा प्रयोग हुने शब्दहरुको परिभाषा/अर्थ

बोटे जाति :- प्रायः नदीका किनार एवम् घाटमा बसोबास गर्ने, बालुवाबाट सुन चाल्ने धुने एवम् डुङ्गा तारेर आफ्नो जीवन धान्न मानवजाति

उमेर :- उत्तरदाताको उमेर (विवाह गर्दाको)

पेशा :- जीविकोपार्जनका लागि उत्तरदाताले गर्ने वा गर्दै आएको काम ।

शिक्षा :- उत्तरदाताले गरेको शैक्षिक अध्ययन वा तह

मन्ट्यौली :- विवाहको दिन दुलहीलाई लुगा लगाइदिने केटी ।

कलस्यौली :- दुलहीलाई जेठो सिन्दुर हाल्ने कन्या (भान्जी वा नन्द) जसले विहेको दिन काँसको थालमा मास र चामलको रोटी लिएर जान्छन् ।

लोकन्ती :- विवाहको दिन दुलाहा दुलहीका साथ माइती तर्फबाट जाने केटि

वालखा लडाउने :- दुलही भित्राइसकेपछि दुलहीले दुलाहालाई तेल लगाउने प्रथा । जसमा तेल लगाउँदै गर्दा दुलाहा दुलही वीच बच्चा लडाएर राख्ने चलन ।

खुर्सानी धुँवाउनेः- विवाहको दिन दुलही भित्राइसकेपछि दुलहीले दुलहालाई तेल लगाउने काम निश्चित समयमा सकेर निस्केनन् भने आगोमा खुर्सानी राखि दुलाहा दुलही भएको ठाउँमा राख्ने चलन ।

कलियो वा लमिः- विवाहको दुईपक्षिय कुरा मिलाउने मानिस ।

थाङ्ग्रा :- विवाहको समयमा दुलाहा पक्षले दुलही पक्षलाई दिने सिक्का वा डबल ।

दूध्यौली धोतीः- आमाको दूधको भारा लाग्छ भनि दुधको भारा कटाउन दुलाहा पक्षले दुलहीकी आमालाई दिने साडी वा धोती ।

सगुनः- विवाहमा दुलाहा पक्षले लैजाने कोशेली ।

दाइजो :- विवाहमा दुलह ी पक्षबाट दिइने सामान ।

विधवा :- एक पटक विवाह गरेर पती मरेकी महिला ।

विधुर :- एक पटक विवाह भएर पत्नी मरेको पुरुष ।

आदिवासीः- कुनै भू-भागमा प्राचीन समयदेखि बसोबास गरेको जाति ।

जनजातिः- आर्थिक अवस्था शिक्षा, अवसर आदिका दृष्टिले पिछडीएको भाषा संस्कृति आदिले मुलधार भन्दा फरक जीवनशैली भएको जाति ।

तिजिः- बोटे जातिले मान्ने तिज जस्तै पर्व जुन १६ श्राद्धको द्वितीया तिथीमा पर्दछ ।

# अध्याय दुई

## पूर्व साहित्य, पुनरावलोकन र सैद्धान्तिक समिक्षा

### २.१ बोटे जातिको परिचय

प्राय नदी वा खोलाको किनार प्रदेशहरुमा बसोबास गरी डुंगा तार्ने, माछा मार्ने, वालुवा चालेर सुन निकाल्ने वा नदीको घाट कुरेर बस्ने जातिलाई बोटे भनिन्छ । यी जातिहरु नेपाल राज्यको मध्यपहाडी श्रृखला र त्यस देखि दक्षिणतर्फ पूर्वमेचि देखि पश्चिम महाकाली सम्म साना ठूला समूहमा छरिएर प्राय स्थानै पिच्छे फरक फरक नामले चिनिन्छन् । यस जातिलाई कुसहर, मुसहर बोटे, माझी, घटवारे, जलारी, नामले चिनिन्छ । यसरी विभिन्न नाम भनिएता पनि मधुसुदन पाण्डेद्वारा प्रकाशित *नेपालका जनजातिहरु* नामक पुस्तकमा एउटै नभएको उल्लेख छ । आजको एक्काइसौँ शताब्दीमा पनि परम्परागत मूल्यमान्यतालाई अगाल्दै केही प्रलय वा विपत आइपरेमा झारफुक, धामीझाक्रीमा विश्वास गर्ने यो जातिमा कमै प्रभाव परेको पाइन्छ । आफ्नै परम्परागत जीवनशैली एवम् चिन्तन अगाल्दै अघि बढेको यो जाति भयाँर वा भुइँबाबाको पूजा गरेको दिनमा सो क्षेत्रमा खनजोत वा अन्य कुनै कार्य गरेमा भुई बाबा रिसाएर ठूलो अनिष्ट हुन्छ भन्ने विश्वास गर्दछन् । तसर्थ भुईबाबाको पूजा गरेको दिनमा बोटे बस्ती भएको क्षेत्रमा कुनै काम गर्न दिइदैन (प्रत्यक्ष अनुभव) यो जाति नेपालको पिछडिएको जनजाति मध्ये एक हो जसले पानी र जमिनका हिंस्रक जीवजन्तुसँग लाप्पा खेल्दै आफ्नो अस्तित्वलाई जीवन्त पार्दै आएको छ ।

कालो वर्णका बोटेहरुको नाक अपेक्षीत रुपमा थेप्चीएको हुन्छ । दारीजुगाँ कम आउने प्राय होचा कदका मंगोलियन जस्ता देखिन्छन् तर शारीरिक हृष्टपुष्टता भने मंगोलियन जातिको जस्तो नभई केही पातला हुन्छन् । शारीरिक रुपमा बलियो बोटेहरु नेपालको दक्षिणबाट प्रवेश गरेको हुन । अत्याधिक मात्रामा मादक पदार्थ एवम् सुर्तिजन्य पदार्थ सेवन गर्ने यो जातिमा पाहुनालाई पनि मादक पदार्थले नै सत्कार गर्ने प्रचलन पाइन्छ । प्राय नदीका किनार एवम् घाटमा बस्ने हुनाले पौडी खेल्न निकै दक्ष हुन्छन् । जस्तोसुकै वर्षाको भेलमा पनि पौडन सक्ने हुँदा पानी भन्दा एक दिन जेठो जाति पनि

भनिन्छ । यो जातिका मानिस भुतप्रेत, मसान जस्ता अदृस्य शक्तिसँग कत्ति पनि नडराई रात, साझ वा मध्यरातमा पनि नदीका किनारामा पनि एक्लै बास बस्ने हिडडुल गर्ने गर्दछन् । यस जातिको जनसंख्याको संख्यात्मक गणना हेर्दा २०४८ को जनगणना अनुसार यो जातिको जनसंख्या ६४८१ रहेको थियो भने २०५८ सालको जनगणना अनुसार ७९७९ रहेको  पाइन्छ त २०६८ को जनगणना अनुसार १०,३९७ रहेको छ ।

## २.१.१ बोटे जातिको नामाकरण

भौगोलिक विविधताले भरपुर नेपाल राष्ट्र प्राचीन कालदेखि नै विभिन्न जातजातिको साझा बासस्थानका रुपमा चिरपरिचित हुँदै आएको छ । नेपालको मध्यपहाडी क्षेत्र भित्री मधेशका नदी किनार एवम् तटिय क्षेत्रमा बसोबास गर्दै आएको जाति जसले परम्परागत पेशाका रुपमा डुंगा तार्ने, माछा मार्ने वा वालुवा चालेर सुन निकाल्दै आएको जाति नै बोटे जाति हो । बोटे जातिको नामाकरण सम्बन्धमा कतै पनि प्रमाणिक, लिखित उत्तर भेटीदैन भने बोटे जाति स्वयम् पनि नामाकरण सम्बन्धमा अनविज्ञ नै छन् । यसरी बोटे जातिको नामाकरण सम्बन्धमा लिखित प्रमाण केही पनि भेट्न नसकिएकाले नेपाली भाषामा भनिने बोट शब्दलाई केलाउनु आवश्यक देखिन्छ । नेपालीमा रुखलाई बोट भनिन्छ । त्यहि रुख वा बोटबाट डुंगा निर्माण गरी आफ्नो जीविकोपार्जन गर्ने एक जातिलाई नै बोटे भनिने भएको हुँदा बोट शब्दमा 'ए' प्रत्यय (बोट र ए) जोडिएर बोटे बनेको हो भन्ने अनुमान खिच्न सकिन्छ । यसरी अध्ययन कै क्रममा पनि हिरामणि शर्मा पौडेलले आफ्नो पुस्तकमा बोट शब्दको ए प्रत्यय जोडिएर बोटे शब्द बनेको हो भन्ने कुरा उल्लेख गरेका छन् ।

मानव विकासको सुरुमा मानिसहरु रुखको सिंगो गिँडलाई नदीमा राखेर त्यसैमाथि नदी वरिपरि गर्थे होलान तसर्थ मानिसले अंगालेको पेशाबाट मानसको जात छुट्याउने प्रचलन रहेकोले रुख वा बोट बाट नदी मा मानिस वारपार गराउने पेशा अंगाल्ने जातिलाई बोटे भनिएको हुनसक्छ । बोटेहरु आफ्नो भाषामा अझै पनि आफूलाई बोट नै भन्ने गर्दछन् । जस्तै *"बोटक अर्धे, राजक कानून कउँको नाई छेकथुन सकथाइके"* जसको अर्थ बोटेको अर्घौं र राजाको कानून कसैले पनि रोक्न सक्दैन । त्यसैले आज पनि बोटे भन्नाले रुख र बोट जाति भन्ने अभिप्राय बुझिन्छ । बोटे एवम् माझी जातिको उत्पत्तिलाई लिएर गरीने जिज्ञासामा स्वयम् बोटेहरुमा भने छुटै किसिमको किम्बदन्ती रहेको पाइन्छ जसमा अयोध्याका राजा रामचन्द्रले सीतालाई त्यागे पछि वाल्मिकी ऋषिको आश्रममा पुत्र लवको

जन्म दिइन् । एकदिन सीता ऋषिलाई थाहै नदीई छोरालाई लिएर घुम्न गइन । ऋषिलाई बालक लव सीताले लगेको थाहा नभएकोले वालक चोरियो भन्ने ठाने । आफ्नो बच्चा हराएपछि प्रत्येक मातृ आत्मा विक्षित्त हुने अनुमान गरी त्यो पीडा सीतालाई अझ असह्य हुनेछ भन्ने ठानेर कुशको बालक बनाई कोक्रोमा सुताईदिए । आश्रममा फर्किएपछि कोक्रामा बालक देखेर सीता आश्चर्यमा परिन् । ऋषिले बच्चाको सृष्टि गर्नुपर्नाको कारण बताई दुवै वालकको लालनपालन गर्ने सल्लाह दिए । पछि तिनै सीताका छोरा कुशबाट जन्मेका कारण सन्तानको नाम कुशहर राखे भने लवका सन्तानका नाम मुसहर राखे । यिनै कुशका सन्तान आज कुशहर कुसुवार भनेर जानिन्छन् । (उपस्रोत बद्धकुशवार वर्ष ८० भक्तपुर २) टर्नरले आफ्नो कृति नेपाली डिक्सनरीमा डुङ्गालाई अङ्ग्रेजीमा बोट भनिने हुँदा सोही अंग्रेजी आगन्तुक शब्दबाट बोटे जातिलाई जनाउने बोटे शब्दको निर्माण भएको कुरा उल्लेख गरेका छन् । उनको मतअनुसार बोट शब्दको अर्थ बोट वा डुङ्गा चलाउने मानिस बोटे हुन् । (टर्न नेपाली डिक्सनरी अप्लाइड पब्लिसर लिमीटेड इन्डिया फस्ट इन्डियन रिपोर्ट, १९८०) यसै सन्दर्भमा कतै कतै बोटेलाई मंगोलियन जाति मानि उनीहरुलाई उत्तर भोटबाट आएका भोटे भनिएको र पछि समयान्तरमा भोटे शब्द अपभ्रंश हुँदै बोटे हुन पुगेको हो भन्ने तर्क पाइन्छ ।

बोटे जातिलाई बुझाउने जाति बाचक नाम माझी हो । यस जातिलाई बुझाउने माझी शबद संस्कृत को मार्जक शब्दबाट बनेको हो जसको अर्थ शुद्ध पार्नु चोखो पार्नु वा परिमार्जन गर्नु हो । माझी वालुवा चालेर सुन निकाल्ने मार्जन कर्ता भएकाले मार्जक भनिन्छ । यसरी वालुवा चालेर सुन निकाल्ने हुँदा यिनलाई मार्जक, माज्झअ, माझ भन्दाभन्दै माझी भन्न थालिएको हो (थपलिया, पूर्ववत् ४) बोटे भाषामा बालुवा वा बालुवाको थुप्रोलाई शोध भनिन्छ । शोधको अर्थ संस्कृतमा शुद्ध पारिने वस्तु भन्ने हुन्छ । बालुवा शोध हो भने सुन निकाल्ने कार्य शोध कार्य र माझी वा मार्जक शोधकर्ता हो । कुनै पनि बस्तुलाई केलाएर राम्ररी छानविन गर्नु र त्यसमा भएको अनावश्यक र नराम्रा तत्व जति मिल्काएर आवश्यक तत्व मात्र सङ्कलन गर्नु पनि मार्जनको अर्थ हुन आउछ । तसर्थ बालुवा जति सबै पखालेर त्यसभित्र निहित आवश्यक र अति महत्वपूर्ण तत्व सुन निकाल्ने कार्य गर्ने व्यक्ति वा जातिलाई मार्जक भनिएको वा त्यसबाट माझी भएको हो भन्ने भनाइ उक्तिसंगत देखिन्छ ।

## २.१.२ बोटे जातिको आगमन तथा बसोबास

नदीको छेउछाउमा बसोबास गरी घाटघाटमा मानिसको आवागमनलाई सहयोग पुऱ्याउने त्यसैको आधारमा आफ्नो जीवीकोपार्जन गर्ने बोटे जातिको उद्‌गम स्थल यहि नै हो भनेर एकिन साथ भन्न सकिने प्रमाणित आधार अहिलेसम्म भेटिएको छैन तापनि उनीहरुको भाषा, लवाइखवाइ, रहनसहन, पेशा, आदिको शुक्ष्म अध्ययन अनुसन्धान एवम् विश्लेषण गर्दा उनीहरु भारत र बंगलादेशका नदी र समून्द्रको छेउछाउबाट विस्तारै उत्तरतर्फ विस्थापित भएको मान्न सकिन्छ । उच्च पहाडी भेगमा भन्दा तराई, भित्री मधेश र ठूलाठूला नदी र जलासयमा उनीहरुको सेवाको बढी आवश्यकता पर्ने तथा पेशागत दृष्टिले पनि यस्ता घाटहरु आम्दानीका मुख्य स्रोत हुनाले लिखित ऐतिहासिक प्रमाण केही नभेटिएतापनि बस्तीको फैलावट सगै एक घाट बाट अर्को घाट र एक नदीबाट अर्को नदी गर्दै दक्षिणतिरबाट उत्तर तर्फ बसोबास गर्दै आएका हुन भन्ने जनविश्वास रहेको पाइन्छ ।

बोटेहरुसँग छलफल गर्दा बोटेहरु कहाँबाट आएका हुन, यकिन साथ भन्न सक्दैनन् । व्यास नगरपालिका बैरेनी बस्ने वर्ष ८४ का काले बोटेका अनुसार बोटे जातिको पुर्ख्यौली बासस्थान दमौली भएको र दमौलीमा सदरमुकाम सार्दा उनीहरुलाई त्यहाँबाट बैरेनी पठाइएको हो भन्ने कुरा उनले बताए । जेहोस बोटे जातिका सम्बन्धमा व्यापक अध्ययन अनुसन्धान हुन नसकेको अवस्था रहेकाले धेरै कुरा अड्‌कल र जनविश्वासका आधारमा प्रस्तुत गर्नुपर्ने अवस्था रहेको छ । हिरामणी शर्मा पोखरेलका अनुसार बोटेहरु तराईका आदिवासी थारुजाति कै समूह बाटै अलग्गिएर नदीकै किनार र कछार खण्ड हुँदै नेपालको पहाडका प्रदेशमा बसोबास गर्ने आएका हुन सक्छन् । जातीय अन्तर मिश्रणका कारणबाट बोटेहरुमा मंगोलियन आकृति देखा परेको हुन सक्छ अथवा उनीहरु मंगोल जाति नै पनि हुन सक्छन् । उनीहरुले नेपालमा प्रवेश गरेपछि आर्य संस्कृति अवलम्बन गरेको हुन सक्नेकुरा शर्माले उल्लेख गरेका छन् । बालकृष्ण पोखरेलले कुमाल, दरै माझी दनुवार र थारुहरु उहिले आग्नेली भाषा बोल्थे होलान भन्ने कुरा दर्शाएका छन् । उनको आशय अनुसार यिनीहरु एउटै भाषाभाषीको समूह भित्रै पर्नुका साथै उक्त जातिहरु तराई क्षेत्रबाटै पहाडी क्षेत्रमा प्रवेश गरेका हुन् भन्ने हो । व्यास न.पा. का ८४ वर्षिय काले बोटेले आफूहरुको पुरानो बसोबास दमौली नै भएको बताए पनि पहिल्यै सरकारबाट बोटेहरुलाई

८० रोपनी किपट जग्गा प्रदान गरी बैरनीघाटको आवागमनमा सुविधा पुऱ्याउनका लागि त्यहाँ ल्याई राखेको कुरा लालमोहरबाट प्रष्ट हुन्छ ।

बोटे जातिको गहन अध्ययन अनुसन्धान एवम् साक्षात्कार भेट एवम् अन्तरवार्ताबाट पनि बोटे जातिको उद्गमस्थलको बारेमा स्पष्ट हुन सकिएको छैन । डोर बहादुर विष्टले दक्षिण चितवनको ठोरी भन्ने ठाउँमा र पर्सा जिल्लाको पशिचमी भागमा बोटे बस्ती भेटिन्छन् भनेका छन् । बालकृष्ण पोखरेलले बोटेहरु मध्य भित्रि मधेसमा बस्छन् भन्ने कुरा उल्लेख गरेपनि निश्चित स्थान भने उल्लेख गरेका छैनन् । वास्तवमा नेपालका पहाडी जिल्ला मध्ये कालीगण्डकीका किनार किनार प्रदेश लगायत ठूला ठूला नदी किनार प्रदेशहरु बोटे जातिका प्रमूख आवासीय स्थलहरु हुन । यो जातिको बसोबास भएका जिल्लाहरुमा वागलुङ, गुल्मी, पर्वत, पाल्पा, तनहूँ, स्याङ्जा, नवलपरासी, चितवन आदि प्रमूख छन् ।

## २.२. सैद्धान्तिक पुनरावलोकन

वास्तवमा आधुनिकीकरण सिद्धान्त सन् १९५०-१९६० को दशकमा देखा परेको हो । यस आधुनिकीकरण सिद्धान्तको मूलभुत मान्यता भनेको समाज र पेसा संस्कृति परिवर्तनशील छ । स्वयम् मानिस पनि परिवर्तनगामी छ । प्रत्येक समाज परिवर्तन र विकसित हुँदै अगाडि बढेको छ । समाजको प्रारम्भिक चरणभन्दा वर्तमान चरण परिवर्तनशील छ । समाज सधै आधुनिकतातर्फ उन्मुख हुन्छ भन्ने तथ्यमा आधारित छ । आधुनिकता भनेकै समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक वा कुशल र औद्योगिक तहमा पुग्ने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाज भित्रको आर्थिक, सामाजिक, धार्मिक, भौतिक, राजनैतिक लगायत मानवीय मनोवृत्तिमा पनि बढी कुशल तथा उदारतातर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडि बढ्दछ ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधियुक्त बनाउदै जान्छ । पेशाहरुका पनि परम्परागत पेसाका ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छन् । सामाजिक चालचलन रीतिरिवाज, धार्मिक कुराहरुमा परिवर्तन हुँदैं आधुनिकतातर्फ लम्कन्छ । शहरीकरणतर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरुले परम्परागत पेशा, रीतिरिवाज संस्कारलाई विस्थापित गर्दछ । आर्थिक सामाजिक अवस्था आधुनिकतातिर लम्किरहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त शहरीकरणतर्फ लम्कन्छ । यो

आधुनिकीकरण प्रक्रिया समय विकासको गतिसँगै सधैँ अगाडि बढ्दछ । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानवोपयोगमा विकल्पको प्रयोगबाट आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन गराउने आधार खडा गर्दछ । यस सिद्धान्तलाई यस अध्ययनमा प्रयोग गरिएको छ । "आधुनिकीकरण कुनै पनि कुराहरुलाई नवीकरण गर्दै विकास एवम् सामाजिक विकाससँग सम्बन्धीत हुन्छ ।" (गुरुङ, १९९८, पेज १०३) आधुनिकीकरण सिद्धान्तका अवधारणहरु वेवर र दुर्खीमका सामाजिक परिवर्तन सम्बन्धी विश्लेषणमा आधारित छन् । यस सिद्धान्तका प्रकाशमा बोटे समुदायको परम्परागत विवाहमा आएका परिवर्तनका बारेमा अध्ययन गरिएको छ ।

मानिस एउटा सामाजिक प्राणी भएकोले विवाह संस्कार एउटा सामाजिक संस्थाको रुपमा महत्व पाइन्छ । मानव समाजको विकास क्रममा जबदेखि उसले एउटा निश्चित स्थान र समुदायमा बसोबास गर्दै आयो त्यतिवेलादेखि नै विभिन्न किसिमका सामाजिक जीवन पद्धति र परम्पराहरुको पनि विकास गर्दै आयो । मानव समुदाय एकातिर संस्कृतिको सर्जक वा निर्माता हो भने अर्कोतिर स्वयम् त्यसको पालक वा अनुयायी पनि हो । समाजशास्त्रमा एउटा भनाइ पनि छ- "Culture is the man made environment" "संस्कृति अन्तर्गत विभिन्न सांस्कृतिक तत्वहरु समाविष्ट हुन्छन्, किनभने संस्कृति विभिन्न सांस्कृतिक तत्वहरुको मेलबाट बनेको हुन्छ । सांस्कृतिक परिवर्तन भौतिक र अभौतिक दुवै प्रकारको हुन्छ । भौतिक रुपमा मानव निर्मित विभिन्न प्रकारका वस्तुहरुमा आउने परिवर्तनलाई लिन सकिन्छ । यसमा घर, भवन, यातायात, संचारका साधन, लगाउने, खाने बस्तुहरुमा हुने परिवर्तनहरु पर्दछन् भने अभौतिक रुपमा मानव सोच, बसाईसराई, विचार, आस्था आदिमा आउने परिवर्तनलाई समावेश गर्न सकिन्छ । सांस्कृतिक परिवर्तन प्रत्यक्ष रुपमा संस्कृतिसँग जोडिएको छ । त्यसैले हामीले संस्कृतिको परिवर्तनको रुपमा बुझ्न सक्दछौँ ।

## प्रकार्यवादी धारणा

मानिस मानिस वीचको सामाजिक सम्बन्धको जालोलाई समाज भनिन्छ । समाज अनेकौँ इकाईहरु मिलेर बनेको हुन्छ । सामाजिक संरचना अन्तरगतका इकाइहरुले आफ्नो इकाई अनुसार भूमिका निर्वाह गर्दछ र यसैलाई एकाइको प्रकार्य भनिन्छ । हाम्रो समाजमा जाति अनुसारको कार्य विभाजन गरेको पाइन्छ । यसैलाई मनन गरेर अध्ययन गरेमा हामीले

प्रकार्यात्मक अवधारणा बुझ्दछौं । हाम्रो समाजमा ब्राह्मणले पूजा पाठ गर्ने चर्मकारले जुत्ताको काम गर्ने, नेवार ले व्यापार गर्ने, सुनारले सुनको काम गर्ने, एउटा संरचना बनेको छ । यदि यी सवैले आ-आफ्नो कार्य गर्न थाले भने पक्कै पनि अस्तव्यस्तता उत्पन्न हुन्छ । व्यापारीहरु व्यापारमा संलग्न नभई हड्तालमा उत्रिय भने पक्कै पनि समाजमा उथलपुथल हुन्छ । त्यसमा कुनै पनि एकाईको प्रकारात्मक सम्बन्ध टुटेमा समाजमा सामाजिक विचलन उत्पन्न हुन्छ । विवाह पनि यस्तै सामाजिक संरचनाको एउटा एकाई हो । यसलाई समाजबाट बाहिर निकालेर समाजको अध्ययन गर्न असम्भव छ । जसरी कुनै मेसिनको एउटा भागले काम नगर्दा त्यो मेसिनले कार्य सम्पादन गर्न सक्दैन त्यसरी नै विवाह नामक इकाई वा सामाजिक संस्थालाई झिक्दा समाजमा गतिशिलता बन्द हुन्छ । ढुंगे युगलाई दृष्टि दिदाँ यौन समता भेट्न सकिन्थ्यो । त्यतिवेला सामाजिक अस्तव्यस्तता कायम थियो । पशुको जस्तै छाडापन देखिन्थ्यो । कस्को श्रीमान् को ? बच्चाको बाबु को ? भन्ने एकिन हुँदैनथ्यो । आजको जस्तो परिवारको विकास पनि भैसकेको थिएन । त्यसैले स्वस्थ र क्रमवद्ध सामाजिक मर्यादामुलक वनाउने क्रममा विवाहको प्रारम्भ भयो । प्रकार्यवादी समाजशास्त्री टि पार्सनका अनुसार "सामाजिक व्यवस्थाको कुनै पनि अंगलाई सामाजिक व्यवस्थाबाट पृथक राखेर अध्ययन गर्न असम्भव छ किनकी समग्र व्यवस्थाका सबै अंगहरु वीच प्रकार्यात्मक सम्बन्ध भनिन्छ । यहि प्रकार्यात्मक सम्बन्धका कारणले कुनैपनि सामाजिक पक्ष वा घटनाको अध्ययन गर्दा सामाजिक व्यवस्था कै सन्दर्भमा लिनु आवश्यक हुन्छ" (बराल २०५६:५३) कुनै पनि एकाइलाई समग्र व्यवस्थाबाट अलग राखेर हेर्न थालियो भने सामाजिक व्यवस्थामा सजीवता पाउन सकिदैन । विवाहले नै समाजमा देखिने यौन अराजकता एवम् वेश्यागमनलाई नियन्त्रण गरेको छ, भने पारिवारिक एकता, सन्ततीको स्वास्थ्य लालन पालन स्वास्थ्य एवम् शिक्षाको जिम्मेवारी प्रदान गरेको पाइन्छ । सम्पत्तिको पुस्तागत हस्तान्तरण सुरक्षा तथा पुर्ख्यौली सम्पत्तिको हकदारको ग्यारेन्टी भएको पाइन्छ । त्यस्तै वैवाहिकताबाट दुई पक्षका वीच कुटुम्बीय सम्बन्ध कायम भएको हुन्छ । यसले दुइटा समुदायलाई अझ घनिष्ठ बनाएर एकसुत्रमा बाँध्दै अपनत्वको सम्बन्ध कायम गराउँछ ।

"विवाह स्त्री पुरुषको मांसमासंको अस्थिअस्थिको गठबन्धन हो " (वेद) । "पत्नीलाई पुरुषको अर्धाङ्गिनीको रुपमा मानी पतिको सुकार्यको फल पत्नीले पनि पाउछे" (मनु) । "यसरी पत्नी अर्धाङ्गिनी भएकाले हिन्दूशास्त्र अनुसार विवाह विच्छेद वा पुनर्विवाह सम्भव छैन । साथै अविवाहित मानिस अपवित्र हुन्छ" (बराल, २०५६) । हिन्दू जातीय व्यवस्थामा

अन्तरजातीय विवाह बर्जित मानिएको छ तर शहरीकरणले मानवमा फैलाएको जातीय विभेद कम हुँदै जाँदा अन्तरजातीय विवाहका घटनाहरु हाम्रो समाजमा मौलाउँदै गएका छन् । हुनत हाम्रो पौराणिक ग्रन्थहरुमा पनि अन्तरजातीय विवाहका उदाहरणहरु यथेष्ट मात्रामा पाउन सकिन्छ ।

## २.३ विवाह उत्पत्ति र परिवर्तन सम्बन्धी सिद्धान्तहरु

विवाहरुपी संस्थाको उत्पत्ति कहिले र कसरी भयो ? भन्ने बारेमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले फरक फरक सिद्धान्तहरु प्रतिपादन गरेका छन् । परिवार र विवाह संस्था एक आपसमा अन्तरसम्बन्धीत छन् । यसैले विवाह र परिवार मानव संस्कृतिको प्रारम्भिक संस्थाहरु मानिन्छन् र तिनीहरुको उत्पत्ति सिद्धान्त पनि एक आपसमा सम्बन्धीत रहेका छन् । विवाह उत्पत्ति सिद्धान्तहरुलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### मोर्गनको विवाह उत्पत्ति सिद्धान्त

मोर्गनका अनुसार मानव समाजको सुरुमा यौन स्वच्छता वा यौन साम्यवाद, पत्नी साटासाट, पत्नी आतिथ्य आदि प्रथाहरु समाजमा प्रचलित थिए । कतिपय उत्सव र पर्वहरु ताका समाजमा यौन स्वच्छता कायम थियो । मोर्गनले समरक्त विवाह, समूह विवाह, सिन्डास्मीयन विवाह, पितृसत्तात्मक विवाह र एकलगामी विवाह गरी पाँच चरणमा विवाहको उत्पत्ति र विकास भएको बताएका छन् । मानवशास्त्री Lewis Morgan ले विवाहका विकासक्रम निम्नानुसार उल्लेख गरेका छन् ।

क) रक्तसम्बन्धमा आधारित विवाह : यस अन्तरगत आफ्नै रगत नाता भित्र गरिने विवाहलाई लिइएको छ । आफ्नै नाता, रगत भित्र विवाह हुने गर्दथ्यो । यसलाई मानव समाजको पहिलो तहको विवाहका रुपमा उल्लेख गर्न सकिन्छ ।

ख) समूह विवाहः यो दोस्रो तहको विवाह हो जसमा एक समूहका पुरुषले अर्को समूहका महिलासँग विवाह गर्ने गर्दथे । एक समूहका महिला र अर्को समूहका पुरुषहरु वीच खुल्ला यौन सम्बन्ध हुने गर्दथ्यो ।

ग) अस्थाई प्रकृतिको विवाहः यस्तो प्रकारको विवाहमा एउटी महिला र एउटा पुरुष वीच विवाह हुन्थ्यो । विवाह भएपनि आफ्ना यौन तृष्णाहरु परिपूर्ती गर्नका निम्ति अन्यत्र कसैसँग सम्बन्ध राख्न सक्दथे ।

घ) पितृप्रधान विवाहः यसमा एउटा पुरुषले धेरै महिलासँग विवाह कायम गर्दथे । वंशको धारणा विकास भएको कारणले त्यसवेला यो विवाह चलेको थियो ।

ङ) एकलगामी विवाहः आजको विकसित र परिष्कृत समाजमा यो विवाह देख्न सकिन्छ । जसमा एउटा पुरुष र एउटी महिला वीच मात्र विवाह हुने गर्दथ्यो ।

प्राचिन समयमा विवाहले औपचारिकता हासिल गरेको थिएन । तत्कालिन समयमा महिला र पुरुषबीच स्वतन्त्र जैविके सम्बन्ध कायम हुने गर्दथ्यो तर त्यस सम्बन्धले विवाहको रुप लिएको थिएन । समय परिवर्तन र विकसित हुँदै जाँदा मानव चेतना एवम् विवेकको विकास हुँदै गयो र महिला र पुरुषसँगै बस्ने पशुको जस्तै स्वतन्त्र यौनाकाङ्क्षा परिपूर्ती गर्ने प्रचलनमा नियन्त्रण हुँदै गयो । त्यसपछि महिला पुरुषसँगै बस्ने सुखदुःखमा एकअर्कालाई सहयोग गर्ने प्रचलनको विकास भयो र विवाहले औपचारिकता हासिल गऱ्यो । सुरुमा मातृसत्तात्मक समाज भएको कारणले जन्मेको बच्चा आमाकै नामथरबाट चिनिने प्रचलन थियो । समय र समाजको विकास हुँदै जाँदा हरेक जातजाति, भाषाभाषी, सांस्कृतिक मूल्य मान्यता र रितीरिवाज भएको समाजमा विवाह गर्ने प्रचलन पनि विभिन्न खालको थियो । विवाह समाजमा एउटा सामाजिक संस्थाको रुपमा स्थापित थियो । यो संस्था सामाजिक नीति नियमद्वारा सञ्चालित थियो । समाजमा प्रचलित रहेका मूल्य मान्यता एवम् विवाहका स्वरुपहरुमा समय परिवर्तनसँगै परिवर्तन आउन थालेको पाइन्छ ।

नेपाली समाजमा बालविवाहलाई प्रश्रय दिइएको थियो । सानै छँदा विवाह गरिदिने प्रचलनले प्रश्रय पाएको हुनाले रजस्वला हुनु पूर्व विवाह गरिदिंने र चोखो जल खाँदा स्वर्ग गइन्छ भन्ने मान्यता थियो । त्यहि मान्यतानुरुप बालविवाहले प्रख्याती पाएको पाइन्छ । वर्तमानमा यस्तो विवाहलाई कानुनी रुपमा दण्डनीय मानेको छ । वर्तमान समयमा सबै समुदायमा विहेवारी गर्दा केटा केटीको उमेर संरक्षकको मञ्जुरी भए १८ र मञ्जुरी नभए २० नपुगी विवाहवारी गराउनु हुँदैन (मुलुकी ऐन, २०५९) । वर्तमान समयमा छुवाछुत प्रवृतिमा पनि कमी आएको छ । अभिभावकले आफ्ना छोराछोरीलाई औपचारिक रुपमा जानकारी दिई विवाह गरिदिने प्रचलनमा वृद्धि भएको छ । सिमित क्षेत्रमा रहेको बहुपति र बहुपत्नि प्रथा पनि विस्तारै विस्थापित हुँदै गइरहेको छ । छोरा छोरीलाई समाज रुपमा

हेरिनुपर्छ भन्ने धारणाले बृद्धि भएका कारण छोरो नजन्मेमा अर्को विवाह गर्ने चलनमा कमी आएको छ । विवाहमा दाइजो प्रथाले केहि जरो गाडेको पाइन्छ । दाइजोको कारणबाट कति महिलाहरुले अनाहकमा मृत्युको सिकार बन्नुपरेको छ भने कतिपय महिलाले दुःखदायी जीवन व्यतित गर्नु परेको छ । धनाढ्य समाजमा बढ्दै गएको तडकभडकका कारणले गर्दा मध्यम वर्गीय र निम्न वर्गीय समाजका मानिसहरु मकै पिस्दा घुन पिसिए जस्तै दाइजोको चपेटामा पिसिन पुगेका छन् । घाँटी हेरि हाड निल्नु पर्छ भन्ने जान्दा जान्दै पनि आफ्नी छोरी बहिनीको घर विग्रने डरले दाइजो दिँदा ऋणको दलदलमा भासिन पुगेका छन् । यसले सामान्य आर्थिक हैतियत भएका मानिसहरुलाई ठूलो असर पारेको छ । जनजाति समुदायमा मामाचेली फुपूचेला विवाह गर्ने प्रचलनमा विस्तारै परिवर्तन आएको छ । त्यस्तै जनजाती भित्र बोटे समुदाय पनि रहेको पाइन्छ । जसले गर्दा हाम्रो समाजमा धेरै विविध खालका विवाह पद्धतिहरुमा परिवर्तन आएको छ ।

## व्रिफल्टको विवाह सिद्धान्त

बेस्टरमार्कको विवाह उत्पत्ति सिद्धान्तलाई आलोचना गर्दै विकास भएको व्रिफल्टको “विवाह उत्पत्ति सिद्धान्त अनुसार बच्चाहरुको सुरक्षा, लालनपालन र पोषणको लागि आमामात्र जिम्मेवार हुन्थिन् र पुरुषलाई महिलाहरुले आफ्नो परिवारको सदस्यको रुपमा स्थापित गर्ने क्रममा नै विवाहरुपी संस्थाको उत्पत्ति भएको हो । त्यस अवस्थामा आज जस्तो परिवारमा पुरुषको हैकम चल्दैनथ्यो । कृषिका विकास हुने क्रममा पुरुषको हातमा आर्थिक क्षमताको हस्तान्तरण हुँदै जाँदा पुरुषको सर्वश्रेष्ठता कायम हुँदै गएको हो ।”

## वेकोफेनका विवाह उत्पत्ति सिद्धान्त

वेकोफेनका अनुसार आदिम युगमा विवाह संस्थाको कुनै अस्तित्व थिएन । मानिसको भरणपोषण प्रकृतिमाथि पूर्ण आश्रित हुँदा जीवन कठोर र संघर्षपूर्ण थियो । पुरुषको तुलनामा स्त्रीहरु कमजोर र अशक्त हुनाले जन्मेका बालिकाहरुको हत्या हुन्थ्यो । यसले महिलाको संख्यामा कमी आयो र बहुपति प्रथाको चलन चल्यो । समय वित्दै जाँदा कृषिको विकास भयो र जीवन कम कठिनाईपूर्ण हुँदै गयो । महिला हत्या हुन छाडेर कृषिको लागि धेरै मानिसको आवश्यकता हुँदा बहुपत्नी प्रथा चल्यो । पछि महिलाले आफ्नो हक अधिकारको

लागि संघर्ष गर्न थालेपछि सामाजिक न्याय र नैतिक विचारले एक विवाह चलनचल्तीमा आएको हो ।

यसरी विवाह विकासक्रमको व्याख्या र विश्लेषण गर्ने विषयमा मानवशास्त्री तथा समाजशास्त्रीहरुमा एकमत पाईंदैन । विवाहको उत्पत्ति प्राग् ऐतिहासिक कालबाट भएकोमा भने सबै एकमत छन् । विवाह पहिला जस्तो अहिले पनि प्रचनलमा छ तर पहिला जस्तो थियो अहिले त्यो रुपमा छैन । विवाहका कारक तत्वहरु समाज अनुसार फरक फरक छन् । यौन इच्छाको सन्तुष्टि, प्रजननको आवश्यकता सन्तानको लालनपालन र पारिवारीक आर्थिक आवश्यकताहरुको परिपूर्तिको लागि नै विवाहरुपी संस्थाको उत्पत्ति भएको हो ।

## २.३.१ विवाह उत्पत्ति सम्बन्धी दृष्टिकोणहरु

समाजमा विवाहरुपी संस्थाको उत्पत्ति कसरी हुनुपर्‍यो भन्ने सम्बन्धमा पनि विभिन्न दृष्टिकोणहरु रहेका छन् । समाजको विकासक्रमलाई व्याख्या र विश्लेषण गर्ने विभिन्न उपागमनमध्ये विवाह संस्थाको उत्पत्ति र परिवर्तनलाई अध्ययन गर्ने द्वन्द्ववादी उपागमलाई यहाँ मुख्या रुपमा उल्लेख गरिएको छ ।

मातृसत्ताको पतन नारीको ऐतिहासिक स्तरको पराजय भएको पाइन्छ । यसपछि पतिले घरमा शासनको बागडोर लिने र नारीलाई अधिकारबाट च्युत गरी दासीको व्यवहार गर्न थालियो । पितृसत्तात्मक परिवारको स्थापना बहुपत्नी प्रथाबाट भयो र यो चलन दासप्रथामा प्रचलित थियो । बहुपत्नी प्रथा धनीहरु र ठूला सामन्तहरुको विशेष अधिकारको रुपमा रहेको थियो । किनिएका दासीहरु सबै सामन्तका श्रीमती हुन्थे । प्राचीन कालमा सभ्य एवम् विकसित जनतामा चलेको एकनिष्ट विवाहको उत्पत्ति प्रेमको आधारमा नभै आर्थिक कारणहरु सामुहिक स्वामित्व माथि नीजि स्वामित्वको विजयमा आधारित थियो । “एकनिष्ट विवाह इतिहासमा पुरुष र नारीको पारस्परिक मिलनको लागि सहमतीको रुपमा र त्यसबेला देखापरेको अन्तरविरोधको रुपमा प्रकट भएको हो” (एन्गेल्स, १९८६;७८) ।

## २.३.२ नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरु

नेपाली समाज बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश भएकोले यहाँ विवाह पद्धतिमा पनि धेरै विविधताहरु पाइन्छन् । यस्ता विविधताहरु यहाँ शदियौंदेखि रहि आएका छन् (खतिवडा, २००८) । विभिन्न जातजाति, धर्म, सम्प्रदाय मिलेर बनेको सिङ्गो नेपाली

समाजमा हिन्दू धर्मसंस्कृतिको प्रभाव बढी परेको छ । यस्तो हुनुको मुख्य कारण हिन्दूकरणको प्रक्रिया हो । पृथ्वीनारायण शाहले यसलाई असली हिन्दूस्तान भएको कुरा उल्लेख गरेका छन् (विष्ट, २००५) । विवाह एक धार्मिक संस्कार हो जसको अभावमा लोग्नेस्वास्नीको जीवन अपूर्ण हुन्छ । लोग्नेस्वास्नीको सम्बन्धलाई जन्मजन्मान्तरको सम्बन्ध मानिन्छ । (हिन्दू धर्मको अवधारणा) "स्त्री र पुरुषको सम्बन्धलाई मांसमांस र अस्थिअस्थिको सम्बन्धको रुपमा लिएकोले प्राचीन समयदेखि नै विभिन्न किसिमका विवाह पद्धतिहरु कायम थिए ।" (वेद) हिन्दू धर्मशास्त्र अनुसार, ब्राह्म विवाह, दैव विवाह, आर्ष विवाह, प्रजापत्य विवाह, आसुर विवाह गान्धर्व विवाह, राक्षस विवाह र पैशाच विवाह गरी आठ किसिमका विवाह पदतिहरु कायम थिए । उल्लेखित विवाहमध्ये सुरुका चार किसिमका विवाहहरु समाजमा लोकप्रिय थिए (सुवेदी २०५६) ।

विगतमा विभिन्न विवाह पद्धतिहरु हावी भएकामा केही पद्धतिहरु रुपान्तरण हुँदै हालसम्म पनि कायम छन् भने केही पद्धतिहरु जन्मने र हुर्कने क्रममा छन् । वर्तमान विश्वभित्र नै विभिन्न धर्मावलम्बी, सास्कृतिक समूह र जनसमूदायमा विभिन्न पद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्धभित्रको घनिष्टता, स्थायित्व, लेनदेन र अन्य अन्तर्क्रियाका साथै दम्पत्तिका बालबच्चा, परिवारका सदस्य, नातागोता र मित्रगणसँगको सम्बन्ध पनि भिन्न भिन्न रहेको पाइन्छ । नेपालमा विभिन्न विवाह पद्धतिहरु कायम छन् । यी मध्येको एउटा पद्धति हो मागी विवाह जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह पद्धति भन्न सकिन्छ । त्यस्तै अर्को विवाह पद्धति हो प्रेम विवाह पद्धति जुन विवाह गर्ने केटा र केटीको इच्छा अनुसार हुन्छ । यी विवाह पद्धतिका साथै अन्य विशिष्ट पद्धतिहरु पनि कायम छन् । जस्तै जारी विवाह, विधवा-विधुर विवाह, वाल विवाह, श्रृखलायुक्त विवाह, बहुविवाह (बहुपति र बहुपत्नी), एकल विवाह, क्रमबद्ध एकल विवाह आदि । "विभिन्न पद्धतिका आ-आफ्नै छुट्टै परिवेश छन् तर यी पछिल्ला कोटीका विवाह समेत कि त मागी विवाह पद्धति अनुसार हुन्छन कि त प्रेम विवाह पद्धति अनुसार पर्दछन्" (मिश्र, २०६७;४६) ।

आजकल नेपाल तथा पश्चिमा देशहरुमा एकमात्र कानूनी तरिकाले स्वीकृत विवाह पद्धति एकल विवाह पद्धति हो । यसमा एउटा श्रीमान् र एउटी श्रीमती मात्र हुन्छन् । प्रयोगमा विशेष प्रकारको विवाह पद्धति पनि कायम छ जसलाई क्रमबद्ध एकल विवाह भनिन्छ । यसमा मानिसको जीवनकालमा धेरै जनासँग वैवाहिक सम्बन्ध गाँसिन्छ तर

एकपटकमा एकजनासँग मात्र वैवाहिक सम्बन्ध कायम हुन्छ । कुनै कुनै समाजमा एकै पटकमा एक भन्दा बढी जनासँग पनि वैवाहिक सम्बन्ध रहन्छ त्यसलाई बहुविवाह भनिन्छ । एउटा श्रीमान्का एकभन्दा बढी श्रीमतीहरु हुन्छन भने त्यसलाई बहुपत्नी प्रथा र एउटा श्रीमतीका एकैपटक एकभन्दा बढी श्रीमान्हरु छन् भने बहुपति प्रथा भनिन्छ । नेपालमा धेरै समुदायमा बहुपत्नी प्रथा कायम थियो भने केही समुदायमा बहुपति प्रथा पनि प्रचलनमा थियो । केही समाजमा विशिष्ट परिस्थितिवश बहुविवाहलाई मान्यता दिएपनि प्रायः सबै समाजमा एकल विवाह नै मान्य र प्रचलित रहेको छ । यसका धेरै कारणहरुमध्ये पहिलो कारण संसारका प्राय सबै समाजमा महिला र पुरुषको संख्या लगभग बराबर हुन्छ । यदि एकजनाले बहुविवाह गरेमा अरुलाई विवाह गर्ने जोडीको अभाव हुन्छ । त्यस्तै अर्को आर्थिक कारण हो । किनकि एउटै मानिसका धेरै श्रीमतीहरु भए भने सन्तान धेरै हुन्छन् र पालनपोषण गर्न गाऱ्हो हुन्छ । त्यसले परम्परागत रुपमा धेरै धनी र शक्तिशाली मानिसले मात्र बहुपत्नी विवाह गर्दथे ।

## २.४ पूर्व साहित्य अध्ययनको समीक्षा

तराईका आदिवासी थारु जातिकै समुदायबाट नदीमा किनार र कछाड खण्ड हुँदै, नेपालको कछाड खण्ड र पहाडी प्रदेश हुँदै बोटे जाति नेपालका पहाडी प्रदेशमा आएका हुन सकछन् (शर्मा २०४२, बोटे भाषाको अध्ययन) भन्ने कुरा उल्लेख गरिएको छ ।

जातीय अन्तर मिश्रणको कारणबाट बोटेहरुमा मंगोलियन आकृति देखा परेको हुन सक्छ अथवा बोटेहरु मंगोलियन जातीय अन्तर मिश्रणको कारणबाट बोटेहरुमा मंगोलियन आकृति देखा परेको हुन सक्छ । अथवा बोटेहरु मंगोलियन जाति नै हुन पनि सक्छन् र उनीहरु नेपाल प्रवेश गरेपछि भाषा संस्कृति र धर्मपनि आर्यहरुकै ग्रहण गरेको हुन सक्छन् (शर्मा, २०४२) भन्ने कुरा आधिकारीक प्रमाण भेटाउन सकिएको छैन भन्ने उल्लेखित छ ।

सबै जातको फूलवारी नामक पुस्तकमा पहाडी क्षेत्र, मध्य पहाडी क्षेत्र, मधेश र भित्रि मधेशमा पाइने बोटे, माझी, कुशहर, मुशहर, दनुवार एकै हुन भनी उल्लेख गरिएको छ (विष्ट, २०५५) । स्त्री र पुरुष दाम्पत्य सम्बन्धमा आवद्ध भएको अवस्था नै विवाह हो भनी उल्लेख गरिएको छ (वेब्स्टर, १९७९) । पूर्वीय आर्य साहित्यले विवाहलाई संस्कारमूलक अनुष्ठानका मानेका छ भने पाश्चात्य साहित्यले करारमूलक सम्झौता मानेको छ (बराल, २०५६) ।

हिन्दू विवाह न स्त्री र न पुरुष बीचको सम्बन्ध मात्र हो न सामाजिक संस्था नै हो न यौन समवेदना र सामाजिक सहानुभुतिको बन्धन मात्र हो । वास्तवमा हिन्दू विवाह पद्धति विशुद्ध धर्म अनुष्ठानहरुको कार्यन्वयन पछि स्थापित हुने दुई व्यक्ति दुई परिवार वा दुई गोत्र वा कुटुम्बका वीच चिरस्थायी सम्बन्ध हो (पश्चिमी समाजशास्त्री) ।

स्त्री र पुरुषका वीच सम्पन्न एउटा सम्झौता पनि होइन । यो त स्त्री र पुरुषका वीचमा स्थापित जन्म जन्मान्तरको चिरस्थायी सम्बन्ध हो (हिन्दू धर्म) ।

विवाह नभएका अपत्निक पुरुष अपूर्ण हुन्छन् साथै अयज्ञिक हुन पत्नी भनेका पुरुषका अर्धभाव हुन जसको अभावमा एउटा व्यक्ति पूर्ण हुँदैन (तैत्तेरीय ब्राह्मण) । सामान्यत प्रारम्भदेखिनै नदी किनार र घाटहरुमा बस्ती बसाल्दै, माछामार्ने, सुनधुने, डुङ्गा तार्ने पेशा अवलम्बन गर्दै आएको एक जातिनै बोटे जाति हो । वर्तमान अवस्थामा हुँदै आएको विकास एवम् आधुनिकिकरणका प्रभावले यो जातिको पेशा धरासायी बनेको अनुभव गर्न सकिन्छ । एकातर्फ डुङ्गा तार्ने पेशालाई झोलुङ्गे पुलको निर्माणले र माछा मार्ने पेशालाई विधुतिय माछा मार्ने यन्त्रले विस्थापित गरेको पाइन्छ । यसले गर्दा आफ्नो सामाजिक, आर्थिक अवस्था सुधार्न वर्तमान अवस्थामा सरकारी सेवा, नेपाली सेनामा भर्ति हुने, विदेशिने र ज्याला मजदुरी गर्ने परिपाटी बृद्धि हुँदै गएको पाइन्छ ।

कुमाल, दरै, बोटे, माझी, दुनुवार र थारुहरु उहिले आग्नेली भाषा बोल्थे होलान भन्ने संभावना देखाएका छन् । दुनुवार, माझी र दराईलाई थारु जस्तै संस्कृति र शारीरिक संरचना भएको जातिको रुपमा लिई यो जाति कम्तीमा पनि १००० वर्ष देखि भित्री मधेश र तराईको जंगलमा रहदै आएको कुरा बताएका छन् (द्विपदि, १९७५)

तराईमा माझी जातिहरु आफूलाई रामका छोरा कुशका सन्तान हौ भन्ने दावी गर्दछन् तर दुनुवार भन्दा भिन्न जात हौं भनी विहेवारी चलाउदैनन् । उनीहरु आफूलाई “सुगर” भन्दछन् (शर्मा, २०५२) ।

दुनुवार माझी र दरैहरुमा सांस्कृतिक सामाजिक सामञ्जस्यता देखाउदै माझीहरु कम्तीमा पनि २००० वर्षदेखि यता यही बसोबास गर्दै आएको बताएका छन् (आर डी. र एल.एल., २०३३) त्यस्तै मेचीदेखि महाकाली खण्ड दुई २०३१ मा माझीहरुको शारीरिक संरचनालाई थारु, सतार, राजवंशी आदिसँग तुलना गरिएको छ ।

“माझीलाई मंगोल किँरात प्रजाति एवम् भाषिक समूह भित्र पर्ने जातिका रुपमा चर्चा गरेका छन् (न्यौपाने) । त्यसै गरी जातिलाई थारुकै एक समुदायको रुपमा मान्दै

माझीहरु पनि भारतको सिन्ध प्रदेशबाट नेपालमा प्रवेश गरेको चर्चा गरेका छन् (शर्मा, २०४९) ।

माझी जातिलाई पुख्यौलीदेखि डुंङ्गा खियाएर तथा माछा मारेर जीविकोपार्जन गर्ने एक जातिका रुपमा अथ्याईएको छ (नेपाली बृहत शब्दकोश, २०४०) । कोशी प्रदेशका माझी जाति प्रकाशित गरी कोशी प्रदेशमा बसोबास गर्ने माझीहरु कै एक समुदाय मकवानपुर र मरिन क्षेत्रमा आएर बसेका हुन् भन्ने कुरा यिनीहरुको गृहनिर्माण कलाबाट ज्ञात हुन्छ भन्ने उल्लेख गरेका छन् (कोइराला) । माझी जातिको एक संस्कृति नामक लेखमा माझीहरुको भाषालाई आर्य परिवारको भाषाको रुपमा मानेर बंगाली भाषाको अलि नजिकको भाषा मानेका छन् ।

तनहूँ बसोबास गर्ने बोटे जातिको बारेमा चर्चा गरेका छन् उनका अनुसार तनहूँका बोटेहरु पाखेबाटे र पानीबोटेको लवाइखवाई रहनसहन पेशा आदिको सूक्ष्म अध्ययन गर्दा उनीहरु भारत र बंगलादेशका नदी र समुद्रहरुको छेउछाउबाट विस्तारै उत्तरतर्फ सर्दै आएको अनुमान गरेको छन् (सुब्बा, १९८८) । आजकाल लोपोन्मुख अवस्थामा रहेको बोटे जाति प्राचीन नेपाली मूलका हुन् (टोनीहागन, २०५८) ।

बोटे जातिको नामाकरण कसरी माझी जाति हुन पुग्यो ? भन्ने सम्बन्धमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा माझी शब्द संस्कृतको मार्जक शब्दबाट आएको हो, जसको अर्थ शुद्ध पार्नु, चोखो पार्नु, परिमार्जन गर्नु हो । माझीहरु बालुवा चालेर सुन निकाल्ने हुँदा यिनलाई मार्जक, मान्झअ, माझ भन्दाभन्दै माझी बन्न पुगेको हो भन्ने कुरा उल्लेख गरिएको छ (थपलिया, २०४७ ) । परम्परागत रुपमा प्राकृतिक लिंगका आधारमा महिला र पुरुषको भूमिका तोकिएको हो भन्ने उल्लेख गरिएको छ (लिलाड्युव, १९९७) ।

बोटे जातिहरु शिक्षा, स्वास्थ्य लगायत अन्य कुराहरुमा पिछडिएका कारण अति सिमान्तकृत पर्ने चौवीस जाति मध्येको बोटे जाति पनि एक हो भन्ने कुरा उल्लेख गरेका छन् (आदिवासी जनजाति महासंघ, २०६२) ।


निकुञ्जसँग जोडीएको किनारमा धेरै पहिलादेखि बस्दै आएका र बाबु बाजेका पालादेखि नै खोलामा माछा मार्ने, निकुञ्जको निउरो, टाकी, गिठा, भ्याकुर, भार्लाङ आदि ल्याई जीवननिर्वाह गर्दै आएकाले २०४९ मा माछा मार्ने जाल डुंङ्गा खोसेपछि पुनः भोगचलन गर्न पाउनु पर्ने भनी गाउँले भेला भएर समिति बनाएको र वर्तमानमा माझीहरुको उक्त समिति नवलपरासीका गाउँभरी फैलदै गएका हुन । (अधिकारी र घिमिरे, २०४९)

विवाह शब्दको आशय विशिष्ट रुपले एकले अर्कालाई पती पत्नीका रुपमा बहन गर्नु हो भन्ने कुरा उल्लेख छ (कविता कल्पदुम, १८०८) आधुनिक समाजमा परम्परादेखि चलचल्तीमा रहेको विवाह पद्धतिमा परिवर्तन आएर समयसापेक्ष बनेको देखिन्छ । शिक्षित वर्गको वृद्धि आधुनिकीकरण, पेशा, कानूनको विकास, महिला अधिकारको विकास आदि कारणले गर्दा विवाह पद्धतिमा परिवर्तन देखिएको छ । विवाहलाई समयसापेक्ष बनाउनका लागि कतिपय नकरात्मक कुराहरुलाई हटाएको पाइन्छ । वर्तमान समाजमा मागी विवाहको लागि कतिपय नकारात्मक कुराहरुलाई हटाइएको पाइन्छ । वर्तमान समाजमा मागी विवाहको साथसाथै प्रेम-विवाह, अन्तर्जातीय विवाह गर्ने प्रचलन बढेको छ । प्रेम-विवाह तथा अन्तजार्तीय विवाहलाई हाम्रो समाज र घरपरिवारले स्वीकार गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । दाइजो प्रथामा केही हदसम्म परिवर्तन आएको छ । विभिन्न जाति जनजातिमा रहेको विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ । आधुनिक समाजमा जीवनसाथीको छनौट गर्ने चलनमा वृद्धि भएको छ, जसले गर्दा सदियौंदेखि समाजमा रहेको लैङ्गिक विभेदमा पनि परिवर्तन आएको पाइन्छ ।

शोध अध्ययन एवम् अनुसन्धान गर्दा विषयगत सन्दर्भ सामग्रीहरुको अध्ययन गरी विस्तृत जानकारी हासिल गर्न नितान्त आवश्यक हुन्छ । यस बोटे जातिका बारेमा धेरै नै अध्ययन अनुसन्धान भएका छन् । तर विवाह प्रणालीका बारेमा आजसम्म विस्तृत अध्ययन हुन सकिरहेको छैन ।

## २.५ अवधारणागत खाका

विविध समाजशास्त्रीहरुले बोटे, माझी, कुशहर, मुशहर, तराई क्षेत्रमा बसोबास गर्ने थारु एउटै हुन भनेर उल्लेख गरिएतापनि २०६८ सालको जनगणनामा बोटे र माझी जातिको तथ्याङ्क छुट्टाछुट्टै उल्लेख गरिएको छ । २०६८ को जनगणनानुसार २,६४,९४,५०४ जनसंख्या मध्ये नेपाल राज्यभर बोटे जातिको जनसंख्या १०,३९७ रहेको पाइन्छ । अरु भन्दा थोरै जनसंख्या रहे पनि शीतशीतले घैला भरिए जस्तै नेपाली समाज र संस्कृतिको पहिचान गराउन महत्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनले पनि नेपालको जाति रत्न “बोटे” जातिको बारेमा धेरै थोरै ज्ञान प्रदान गरी विद्यमान संस्कृतिको परिचय दिई सम्बन्धीत साहित्य, उद्देश्य, समस्या र कथनलाई आधार मान्दै अवधारणागत ढाँचालाई उल्लेख गरिएको छ ।




उल्लेखित ढाँचामा शिक्षा पेशा आधुनिकिकरणको प्रभाव लैंगिक सहभागीता आदिले बोटे जातिको विवाह प्रणालीमा के कस्तो प्रभाव पारेको छ? भन्ने कुरा हेरिएको छ भने मुख्यतया पेशा र लैंगिक सहभागीताले विवाह पद्दतिमा पारेका प्रभाव एवम् विवाहमा परिवर्तन ल्याउने कारक तत्व मध्येको पेशा र लैंगिक सहभागीतालाई गहन रुपमा अध्ययन गरिएको छ । विशेषत: यस अध्ययनमा परम्परागत विवाह पद्धति र त्यसमा कसरी परिवर्तन आयो? वर्तमानमा परम्परागत बोटे संस्कृतिहरु कसरी लोप भएर गएका छन्? भन्ने कुरा समेत हेरिएको छ ।

# अध्याय तीन

## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

बोटे जातिको बसोबास कुनै एक क्षेत्रमा मात्र सीमित छैन, नेपालका अधिकांश जिल्लाहरुमा बोटे जातिको बसोबास रहेको देखिन्छ । यसरी छरीएर बसोबास गर्दै आएको यो जाति तनहूँ जिल्लाका १० वटा गा.वि.स. मा मात्र स्थायी रुपले बसेको पाइन्छ । यस अनुसन्धान क्षेत्र तनहूँ जिल्लाको क्यामिन गा.वि.स. वर्डा नं. ९ मा  पर्दछ । तनहूँका १० गा.वि.स. मा रहेका बोटे जातिको वसोवास स्थलमध्ये यो पनि एक प्रमुख स्थल हो । सदरमुकामबाट करिव ११ किलोमिटर टाढा रहेर पनि बत्ति मुनिको अध्याँरो बन्न पुगेको यस क्षेत्र शैक्षिक र अन्य अवस्थाबाट पिछडिएको यो क्षेत्रका बोटे जातिको परम्परागत पेशा माछा मार्नु, डुङ्गा तार्नु एवम् सुन चाल्नु थियो । हाल परम्परागत पेशामा परिवर्तन आएको छ । उनीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक क्षेत्रमा परिवर्तन आएको छ । अन्य जाति भन्दा छुट्टै सस्कृति बोकेर रहेको लोपोन्मुख जनजाति बोटेको विवाह पद्धतिले अन्य जातिको भन्दा छुट्टै किसिमको विशेषता बोकेको छ। तसर्थ उक्त विवाह पद्धतिमा आएको परिवर्तनलाई बुझ्नका साथै आजको एक्काइसौँ शताब्दीमा पनि शिक्षा स्वास्थ्य लगायत विकास निर्माणमा समाहित हुन नसकेको जनजातिको अध्ययन गरी विकासको मूल प्रवाहमा ल्याउन सकिन्छ भन्ने उद्देश्यले यो क्षेत्र चयन गरिएको हो ।

### ३.२. अनुसन्धान ढाँचा

अध्ययन क्षेत्रमा रहेका बोटे समुदायमा प्रचलित विवाह संस्कारमा आएका परिवर्तनहरु र ती परिवर्तन गराउन मुख्य भूमिका खेल्ने कारक तत्वहरुको बारेमा यो अध्ययन केन्द्रित रहेको छ । अध्ययनको प्रकृति अनुसार मुख्य तथा अन्वेषणात्मक र वर्णानात्मक किसिम को छ अध्ययनका क्षेत्रमा रहेको उल्लेखित समूहहरुको वर्तमान अवस्था

विवाह संस्थाको सांस्कृतिक एकाई ती एकाइको पूर्व अवस्था एवम् परिवर्तित अवस्था ती एकाईको सांकेतिक अर्थ उद्‌देश्यहरुको अध्ययन गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने विवाह संस्थामा आएको परिवर्तनहरु र परिवर्तन ल्याउने मूख्य कारक तत्वहरुका पहिचान गर्न र तिनीहरुले पारेको प्रभाव अध्ययन गर्न अन्वेषणात्मक विधि प्रयोग गरिएको छ ।

## ३.३. तथ्याङ्क स्रोत र प्रकृति

यो अध्ययन दुवै किसिमका प्राथमिक र द्वितीय तथ्याङ्कहरुको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको सामाजिक बनोट अवस्थिति, सामाजिक, आर्थिक शैक्षिक अवस्थाको अध्ययनमा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ भने पारिवारीक संख्या पारिवारीक बनोट, पेशा, वैवाहिक उमेर लगायतका जानकारीहरु प्राथमिक तथ्याङ्कमा आधारित छन् । यी तथ्याङ्क अर्धसंरचित अन्तरवार्ता तयार गरी विस्तृत क्षेत्र अध्ययनबाट प्रत्यक्ष रुपमा लिइएको छन् । अध्ययन क्षेत्रमा देखिएका विवाह संस्कारमा आएका परिवर्तनहरुको वारेमा जानकारी हासिल गर्न अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा नै गई विवाहित केही प्रतिनिधिहरुसँग प्रत्यक्ष अन्तरवार्ता लिइएको छ । यसमा प्रयोग भएका द्वितीय तथ्याङ्क स्रोतहरु तनहूँ जि.वि.स तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क २०६८ बोटे जाति सम्बन्धी विविध पुस्तकहरु जर्नल रहेका छन् । स्रोत अध्ययनका लागि तथ्याङ्क सङ्कलन विधिको मुख्य भूमिका हुनेछ । गुणात्मक तथा संख्यात्मक तथ्याङ्कको माध्यमबाट नै अनुसन्धान उपलब्धीमूलक हुनाले स्थानीय वासिन्दा, गाउँका बुज्रुक एवम् विवाह सम्बन्धी ज्ञान भएका जानिफकार व्यक्तिहरुसँग सामिप्यता बढाई अध्ययनलाई गुणात्मकता प्रदान गरिएको छ । यस अध्ययनमा अध्ययनलाई स्तरियता प्रदान गराउन प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतहरुकाबाट तथ्यहरु सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कहरु परिमाणात्मक र गुणात्मक दुवै भएकोले अध्ययनको प्राथमिकता र औचित्यता रहन गएको छ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरुको सङ्कलन स्थलगत सर्वेक्षणबाट र गुणात्मक प्रकृतिका तथ्यहरुको सङ्कलन सूचनादाताको उत्तर एवम् उनीहरुसँग भएको छलफलबाट भएको छ । उक्त परिमाणात्मक तथ्यांकले अध्ययन क्षेत्रको लक्षित जनसंख्याको उमेर, पेशा,

शैक्षिक अवस्था, लिङ्ग, आय आदिलाई जनाइएको छ भने गुणात्मक तथ्याङ्कले स्वास्थ्य स्थित, लैङ्गीक भेदभाव, व्यवहार, मनोवृत्तिका बारेमा अवगत हुनुका साथै संख्यात्मक तथ्याङ्कलाई तालिका र प्रतिशतमा देखाइएको छ भने गुणात्मक तथ्याङ्कलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.४ समग्र तथा नमुना छनोट

क्यामिन ९ बोटेटारमा अवस्थित ६० घरधुरीलाई अध्ययनको इकाई मानिएको छ । ती इकाईका प्रत्येक घर ६० जना विवाहित व्यक्ति छनौट गरी प्रत्येक घरबाट १/१ जना महिला पुरुष ३०/३० जना गरी उद्देश्यमूलक नमुना छनौट अन्तर्गत ६० जनालाई चयन गरिएको छ । ६० जनाको नै अध्ययन गरिएको हुनाले जनगणना विधि अवलम्वन गरिएको छ। जसमा १० बर्ष उमेर समुह देखि ४५ बर्ष उमेर समुहका विवाहित व्यक्तिहरु उत्तरदाताको रुपमा रहेका छन् । २०६८ सालको जनगणना अनुसार यो वडामा बोटेजातिको कुल जनसंख्या १६४ जना रहेको पाइन्छ । यस गा.वि.स.मा बस्ने बोटे जातिको सामाजिक, आर्थिक शैक्षिक अवस्था प्राय समान स्तरको छ । तसर्थ यो वडा नं. ९ मा बसोबास गर्ने ६० घरधुरीका विवाहित जोडीलाई यस अध्ययनमा समग्रको रुपमा लिइएको छ । यी सबै घरपरिवारका एक एक जना आवश्यकता अनुरुप आफूले तयार गरेको निर्मित प्रश्नावली अनुसचि र चेकलिष्टका आधारमा परिणात्मक तथा गुणात्मक तथ्यहरु सङ्कलन गरिएको छ । गरिएको अध्ययन विषयमा सकेसम्म बढी तथ्य प्राप्त हुन सकोस् भन्ने उद्देश्यले सो क्षेत्रमा रहेका विभिन्न पेशा र वर्गका मानिसहरुसँग पनि सम्पर्क गरिएको छ । यो सम्पर्कले अध्ययनलाई सहि र तथ्यपरक एवम् विश्वसनिय बनाउन उचित सुझाव र निष्कर्ष प्रदान गर्न सहयोग पुऱ्याएको छ । केहि गुणात्मक तथ्यहरु बोटे जातिको रीतिरिवाज, चालचलन, धर्म, धार्मिक, विश्वास, जन्म, मृत्यू, संस्कार, आदि बारेमा सुझबुझ भएका उक्त विषयमा जानकारी राख्ने पाका उमेरका व्यक्तिहरुलाई नमुनाको रुपमा छनौट गरी तथ्यहरु सङ्कलन गरिएको छ । संस्कृतिका विविध पक्षहरुको तथ्य सङ्कलनका लागि नमुनाको रुपमा छनोट गरी तथ्यहरु सङ्कलन गरिएको छ । संस्कृतिका विविध पक्षहरुको तथ्य सङ्कलनका लागि नमुना छनौट विधिलाई अवलम्बन गरिएको छ । यस अध्ययनमा तथ्य

सङ्कलनको मुख्य आधार घरधुरी सर्वेक्षणलाई बनाइएको छ । अतः क्यामिन ९ बोटेटारको बोटे समूदायमा आधारित भएर गरिएको यस अध्ययन मूलतः बर्णनात्मक, विश्लेषात्मक, अवलोकनीयका ढाँचामा आधारित भएर गरिएको छ ।

## ३.५. प्राथमिक तथ्याङ्क सङ्कलन विधिहरु

प्राथमिक स्रोतबाट लिइने तथ्याङ्कहरु बढी वास्तविक र विश्वासनीय हुने हुँदा अनुसन्धान कार्यमा यसको महत्वपूर्ण स्थान हुन्छ । तसर्थ यस अनुसन्धान कार्यमा पनि प्राथमिक स्रोतको महत्वपूर्ण स्थान रहने हुनाले प्राथमिक स्रोतलाई पनि विशेष जोड दिइएको छ, प्राथमिक स्रोतमा अनुसन्धानकर्ता स्वयं उपस्थित भई लक्षित समुदाय वा क्यामिन ९ बोटेटारका विवाहित जोडीसँग अर्न्तवार्ता लिइनुका साथै टोलका प्रमुख बुज्रुक व्यक्ति व्यक्तित्वहरुबाट सामुहिक छलफलका साथै व्यक्तिगत अन्तर्वाताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, अवलोकन, अर्न्तवार्ता र समूह छलफल विधिद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा कतिपय गुणात्मक प्रकृतिका तथ्यहरु सङ्कलन विशेष गरेर बुज्रुक र पाका व्यक्तिहरुलाई मुख्य सूचनादाता मानि तिनै सूचनादाताको सामुहिक छलफलबाट पनि गरिएको थियो ।

### ३.५.१ अन्तर्वार्ता अनुसूचि

अन्तवार्ताका माध्यमबाट विवाहित प्रत्येक जोडीमध्ये कुनै एक सँग अन्तवार्ता लिइएको छ । यो विधिबाट उत्तरदाताको व्यक्तिगत मनोवृत्ति अवगत हुनुका साथसाथै बोटे जातिको पारिवारिक, शैक्षिक, आर्थिक, अवस्थाको समेत अवगत भएको छ । अन्तरवार्ता अनुसुचीमा उक्त समुदायका विवाहित जोडी लगायत अन्य जानिफकार व्यक्तिहरुलाई पनि समावेश गरीयो । यसबाट सामान्यतः बोटे जातिको विवाह प्रणालीको विगत र वर्तमान अवस्थाको बारेमा अवगत भएको छ ।

### ३.५.२ अवलोकन

प्रस्तुत अध्ययनमा बोटे जातिको दैनिक क्रियाकलाप वैवाहिक जीवनमा पुरुष र स्त्रीको मुख्य भूमिका बुझ्नका लागि यो विधि अपनाइएको छ । यस विधिबाट अध्ययन गर्दा

उनीहरुका अव्यक्त कुराहरु वा भन्न अप्ठ्यारो मानेका कुराहरुलाई पनि अवलोकन गरिएको छ । जसबाट क्यामिन ९ बोटेटारका बोटे जातिको सामाजिक आर्थिक एवम् शैक्षिक अवस्थामा निकै पिछडिएको अनुभव गरिएको छ । जसबाट केही हदसम्म भए पनि वास्तविकता र यर्थाथता अवगत भएको छ ।

### ३.५.३ व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययनको गर्नुको उद्देश्य पनि समग्रमा मूल उद्देश्यलाई अझ छर्लङ्ग र प्रष्ट पार्नका लागि गरिएको हुन्छ । पाको मानिस जिउँदो इतिहास हुन् तसर्थ परम्परागत प्रष्ट्याईका लागि पाको मानिस, परिवर्तन एवम् आधुनिकरण प्रष्ट्याईको लागि यूवा र तटस्थ भावको प्रष्ट्याईको लागि मध्यउमेरका जानकारलाई छनौट गरिएको छ । यसरी छनौट गर्नको मुल उद्देश्य बोटे जातिको विवाह पद्धतिमा आएको परिवर्तन एवम् पेशामा आएको परिवर्तनलाई पत्ता लगाउनु हो । यसमा अध्ययनका लागि छनौटमा परेका महिला, पुरुषबाट ६ जना छनौट गरि व्यक्तिगत विवरण तयार गरिएको छ ।

### ३.५.४ तथ्याङ्कको विश्लेषण

तथ्याङ्क सङ्कलनपछि परिमाणात्मक तथ्याङ्कहरुलाई सुचीकरण गरी वर्गीकरण गर्ने कार्य गरियो । यसरी वर्गीकरणका आधारमा तालिकीकरण गरियो । गुणात्मक प्रकृतिको तथ्याङ्कलाई तथ्यपरक र बोधगम्य बनाउन आवश्यकतानुसार व्याख्या विश्लेषण र विस्तार गरिएको छ । उत्तरदातालाई उमेर, पेशा, शैक्षिक अवस्था, लैङ्गिक सहभागीतालाई लिएर तथ्यांक लिइएको छ । उक्त तालिकीकरण गरिएको तथ्याङ्कहरुलाई तुलनात्मक बोधगम्य बनाउने सांखिकीय विधिको प्रयोग गरी विभिन्न तालिका, पाइचार्ट, प्रतिशतबाट अध्ययनलाई प्रस्तुत गरिएको छ । अनि सो गुणात्मक र विश्लेषणात्मक तथ्याङ्कको आधारमा विवाहित जोडीको अनुभवलाई वर्णनात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

## ३.६. तथ्याङ्कको प्रस्तुतीकरण

अध्ययनको प्रकृति अनुसार प्राथमिक तथ्याङ्क सङ्कलन लागि अर्धसंरचित प्रश्नावली तयार गरी अनुसन्धानकर्ता स्वयम् घरधुरी पुगी परिवारका ज्येष्ठ सदस्यबाट प्रत्यक्ष

अन्तरवार्ता एवम् अवलोकन विधिका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । उत्तरदाताबाट प्राप्त तथ्य र धारणाहरुलाई कोडिङ गरी कम्प्यूटरमा प्रविष्ट गरियो । कम्प्यूटर SPSS विधि प्रयोग गरी एक चलिय दुई चलिय र बहुमतिय तालिकामा प्रशोधन गरी विश्लेषण योग्य बनाइएको छ । प्रशोधित तथ्याङ्कहरुलाई प्रतिशत अनुपात तथा औसतको प्रयोगद्वारा विश्लेषण र तुलना योग्य बनाइएको छ । प्रत्यक्ष क्षेत्र अध्ययनबाट प्राप्त विवाह सम्बन्धी कतिपय धारणाहरुलाई Pie Chart एवम् Table मा प्रस्तुत गरी संख्यात्मक विश्लेषण गरिएको छ भने कतिपय खुल्ला प्रश्नद्वारा प्राप्त धारणाहरुलाई गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रसँग सम्बन्धीत कतिपय द्वितीय तथ्याङ्कहरुलाई प्राप्त स्रोतहरु अनुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छन् । बोटे जातिको विवाह संस्कारमा आएका परिवर्तनहरुलाई अध्ययन गर्ने क्रममा विवादित ६० जोडी मध्ये महिला पुरुष दुवै गरि ६० जनालाई विवाह सम्बन्धी प्रश्न शोधी उनीहरुले दिएका सत्यतथ्य उत्तरहरुलाई तुलना गरी विश्लेषण गर्न सहज पारिएको छ । उत्तरदाताहरुलाई ३ उमेर समूहमा विभाजन गरी तिनीहरु वीच रहेको तथ्यगत एवम् धारणागत विभिन्नतालाई गणितिय र गुणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक आर्थिक विशेषताहरु

### ४.१. तनहूँ जिल्ला र बोटे जाति

विश्व मानचित्रमा नेपाल, एक भौगोलिक, विविधताले भरिपूर्ण राष्ट्र हो । नेपाल राष्ट्रको पश्चिमाञ्चल विकासक्षेत्रमा अवस्थित गण्डकी अन्चलमा पर्ने तनहूँ जिल्ला पनि भौगोलिक, जातीय, धार्मिक तथा भाषिक विविधताले भरपुर छ, यहाँ निकै अग्ला पहाडहरु देखि लिएर निकै होचा बेसी र खोंचहरु छन् । ऐतिहासिक रुपमा बाइसे, चौविसे राज्यकालमा एउटा बलियो राज्यको रुपमा नाम कमाएको तनहूँ वर्तमान अवस्थामा भौगोलिक रुपले खुम्चन पुगेको छ । महर्षि परासर वेद व्यासको जन्मभूमि तनहूँ जिल्ला प्राचीन समयमा शिक्षाको केन्द्रविन्दुको रुपमा चिनिएको थियो । रामभक्ति धाराका प्रणेता प्रमुख आदिकवि भानुभक्त आचार्यको जन्मभूमि तनहूँलाई वि.स. १८४० मा नेपाल राष्ट्रमा मिलाइएपछि पश्चिम ३ नं. मा परेको थियो । पछि वि.स. २०१८ सालमा नेपाल राष्ट्रको प्रशासनिक विभाजन हुँदा १४ अन्चल ७५ जिल्ला कायम भएपछि यो जिल्ला पनि छुट्टै एकाई भनेर रह्यो । वि.स. २०२० सालदेखि यो क्षेत्र पूर्णत तनहूँकै नामले प्रसिद्ध हुन पुगेको छ । प्राचीन ऋषिमुनिहरुको तपोभूमिका रुपमा प्रसिद्ध सुन्दर नदीनाला छहराहरु फाँट र टारहरु वनपाखा पर्वतहरु कोट र दरवारहरुले सुसज्जित छ । तनहूँ जिल्ला नेपाल राष्टको मध्यभाग र गण्डकी अञ्चलको दक्षिणपूर्वमा अवस्थित छ, मध्यपहाडी भेगदेखि दक्षिण चूरेपर्वतको उत्तरतर्फ भित्रि मधेससम्म अवस्थित यो जिल्ला मर्स्याङदी, सेती, काली नदीले घेरिएको र मादि नदीले सिञ्चीत भएको छ । दक्षिण पूर्वबाट उत्तर पश्चिम हुँदै तेस्रो परि बसेको झण्डै इँट्टा आकारको देखिने तनहूँ जिल्लाको पूर्वमा चितवन र गोरखा, पश्चिममा स्याङ्जा, उत्तरमा कास्कि र लमजुङ तथा दक्षिणमा नवलपरासी र पाल्पा जिल्लाले घेरीएको छ । तनहूँले पृथ्वी राजमार्गको कुल लम्बाईको ७२ कि.मि. समथर भूभाग ओगटेको छ । थुप्रै

पहाड, गुफा, मठ मन्दिर र पर्यटन स्थलहरु रहेको छ । यो जिल्ला विकासतर्फ उन्मुख अर्धविकसित जिल्ला मध्येको एक हो ।

"चार वर्ण छत्तीस जातको फुलबारी" यो सुन्दर नेपालमा सबै जाति, धर्म, सम्प्रदायका मानिसहरु जातजाति हुन । कुनै भु-भागमा प्राचीन समय देखि बसोबास गर्दै आएका मानवजाति आदिवासी हुन । हाम्रो देशमा लगभग ५०% भन्दा बढि जातजातिले आफूलाई छुट्टै जनजातिको रुपमा प्रस्तुत गरिसकेका छन् । हालसम्म ***नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान*** द्वारा ५८ जनजातिको सुचिकृत गरिएको छ । जनजातिको परिभाषा यसरी गरिएको छ, *"राष्ट्रको मुलद्वार भन्दा भिन्न भाषा, संस्कृति र जीवनशैली अवलम्बन गर्दै आएको एवम् शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था तथा अन्य अवसरहरुबाट पिछडिएको जातजातिलाई जनजाती भनिन्छ ।"* यी ५८ जनजातिले आफूहरुलाई आदिवासीको रुपमा घोषणा गरिसकेका छन् र सरकारलाई आदिवासीको रुपमा स्वीकार्न जोडदारमाग समेत गरिसकेका छन् ।

"बोटे, गुरुङ, मगर लगायत ५८ भन्दा बढि जनजातिहरुको आफ्नै भाषा भेषभुषा र सामाजिक सांस्कृतिक एवम् जातीय पहिचान हुदा हुँदै पनि तिनीहरुको उचित संरक्षण हुन सकेको छैन । उनीहरुमा प्रष्ट समस्याहरुको निहित समस्याहरुको वास्तविक पहिचान एवम् समाधानको ठोस नीति तथा कार्यक्रम तर्जुमा र त्यसको कार्यान्वयनको पक्षमा राज्यद्वारा उत्तरदायित्वपूर्ण राष्ट्रिय कार्यक्रमको घोषण गरिनु पदर्छ" (आदिवासी जनजाति घोषणापत्र २०६१ चैत्र) ।

हालै त्रिभुवन विश्वविद्यालय मानव तथा समाजशास्त्र विभागले साढे २ वर्ष लगाएर ९७ जातजातिको आर्थिक, राजनैतिक, सांस्कृतिक, लिङ्गीय समावेशिताको विस्तृत अध्ययन गरि प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त प्रतिवेदनले नेपालको वर्तमान समावेशिकरण सम्बन्धी नीति तथा अभ्यासको कमजोर पक्षलाई तथ्यको आधारमा उजागर गरेको छ (मेधावी समर्पण, समसामयिक विशेषाङ्क २०७१/०७२) ।

### ४.१.१ तनहूँ जिल्लाको सामाजशास्त्रीय परिचय

नेपाललाई पचहत्तर जिल्लामा विभाजित गरिएको छ । यी पचहत्तर जिल्ला मध्येको एक ऐतिहासिक जिल्ला तनहूँ पनि हो । जसको नामाकरण र उत्पत्ति सम्बन्धमा विविध जनश्रुति एवम् किंवदन्तीहरु पाइन्छन् । यस जिल्लको नाम तनहूँ, तन्हौं, तुनहुँ आदि विभिन्न रुपमा लेख्ने गरेको पाइन्छ । भाषागत रुप र शब्द बनोटमा फरक भएता पनि अर्थमा एकै भएको कारण आधिकारिक लेखनमा तनहूँ रुपले नै आधिकारिकता प्राप्त गरेको छ । यसो हुनाको प्रमुख कारण यस जिल्लाका अन्य ठाउँमा मानहुँ, काहुँ, किहुँ आदि अन्त्यमा "हुँ" अक्षर आउने नामको प्रभाव पाइन्छ । यसको साथै मिर्लुङ, कुर्लुङ, मिछुलुङ्ग पनि छन् । यहाँको प्रचलित बोलीमा तनहूँलाई तुतुङ पनि भनिन्छ । यो शब्द त्रितुङ शब्दबाट बनेको हो । नेपाली भाषाका जनक एवम् संस्कृत वाङ्मयका प्रकाण्ड विद्वान शिव शर्मा सुरीले सम्बत् १८९० सालमा काशीबाट प्रकाशित गरेको आफ्नो ग्र*न्थ* ***"वासुदेव रसानन्द"*** मा तनहूँको तात्पर्यमा त्रितुङ शब्दको प्रयोग गरेका छन् । बाइसे चौविसे टुक्रे राज्यको समयमा तत्कालिन राजाको राजधानी तनहूँसुरलाई ***त्रितुङ राजधान्या*** भनेर लेखिएको पाइन्छ । तनहूँसुरको पश्चिमपट्टि तीनवटा एकैनासका चुचुराहरु भएकाले त्रितुङबाट *"तनुङ्ग"* र अन्य डाँडाकाँडाका नामले प्रभावित भएर ***तनहूँ*** लेख्ने गरिएको हो भन्ने धारणा रहेको पाइन्छ ।

यसरी तनहूँको नामाकरणको सम्बन्धमा आधिकारिक प्रमाण नपाइए पनि त्यसै जनश्रुति अनुरुप *तनहूँ* नामाकरण हुन गएको हो भन्ने जनविश्वास रहेको पाइन्छ । प्राचीन समयमा तनहूँका दुई ठाउँमा तमोर र तामिन नाम गरेका दुई गाँउहरु थिए । यीनै तमोर र तामीन अपभ्रंश हुनै जाँदा तमोरबाट *तनहुँ* र तामिनबाट *क्यामिन* रहन गएको हो भन्ने विश्वास पाइन्छ । क्यामिन भनेको तनहूँ जिल्लाकै एक गा.वि.स. को नाम हो । अहिलेसम्म प्राप्त भएको उपरोक्त तथ्य, जनश्रुति र किंवदन्तीकै आधारमा नै तनहूँको नामाकरण भएको पाइन्छ ।

### ४.१.२. तनहूँ जिल्लाका जातजाति

विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन रीतिरिवाज आदिको सगरमाथाको रुपमा रहेको तनहूँ जिल्लाको ९१ प्रतिशत हिन्दू, ७ प्रतिशत बौद्ध, १.७

प्रतिशत मुस्लिम, ०.२ प्रतिशत इसाई र ०.१ प्रतिशत अन्य धर्मावलम्बी रहेको छन् । हिन्दूहरुको बहुल्यता कायम रहेको जिल्ला भएतापनि यहाँ अत्यधिक मात्रामा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ । विभिन्न जातजातिहरु जस्तै ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, मगर, नेवार, दराई, कुमाल, बोटे, थारु, कामी, दमै, सार्की शेर्पा लिम्बु, तामाङ आदिको बसोबास रहेको तनहूँ जिल्लामा विभिन्न भाषाहरु बोलिए तापनि एक समुदाय अर्को समुदाय वीचको सम्पर्कको भाषा नेपालीभाषा नै रहेको छ । यस जिल्लाका अधिकांश मानिसहरुले आफ्नो भाषाका रुपमा नेपालको राष्ट्रिय भाषा नेपाली नै प्रयोग गर्दछन् । उपयूक्त तथ्यहरुबाट यस जिल्लामा जातीय, भाषिक, धार्मिक सांस्कृतिक तथा भौगोलिक विविधता रहेको प्रष्ट हुन्छ ।

### ४.१.३ तनहूँ जिल्लामा बोटेजातिको बसोबासस्थल र जनसंख्या

बोटे जातिको पुरानो पुर्ख्यौली थलो कहाँ हो भन्ने कुरा एकिन हुन नसकेता पनि हाल सम्म ४० वटा जिल्लामा साना ठूला झुण्डका रुपमा बसोबास गर्दै आएको पाइन्छ । तराईका समथर भूभागमा मात्र नभै पहाडका नदी किनारहरुमा एवम् घाटमा बसोबास गर्दै आएको पाइन्छ । तनहूँ जिल्लामा पनि यस जातिका मानिसहरु मादी मर्स्याङ्दी, सेती तथा काली नदीका छेउछाउमा बसोबास गर्दै आएको पाइन्छ । माछा मार्ने, सुन धुने पेशा अपनाएका तथा नदी तार्ने जिम्मेवारी लिएका बोटेहरुका लागि टाढा टाढा गएर आफ्नो जीविकोपार्जन गर्न कठिन हुने हुँदा नै बसोबासका लागि नदी छेउछाउ र किनारहरु रोजेको हुन सक्छ । अग्ला पहाडी टाकुराहरुमा यिनीहरुको बस्ती पाइदैन । तनहूँका व्यास नगरपालिकाको बैरेनी र कुमालटारीमा बसोबास गर्ने बोटेहरु आफूलाई तनहूँका सबैभन्दा पुराना बासिन्दा हौँ भन्ने बताउछन् । तनहूँमा बोटेहरुको बसोबास भएका प्रमुख स्थानहरुमा देवघाट, बैरेनी, बटौले, गौरीटार, पिपलटार, गाइघाट, बन्दीपुर, सतीघाट, दुम्सी, चेपेघाट र पाथ्राघाट आदि प्रमुख रहेका छन् । वि.स. २०२५ सालमा बन्दीपुरबाट दमौली सदरमुकाम सार्दा दमौलीका बोटेहरुलाई कुमालटारी पठाइएको कुरा उल्लेख गरिएको छ । २०६८ को जनगणना अनुसार तनहूँ जिल्लामा बोटे जातिको कुल जनसंख्या १७१७ जना रहेको उल्लेख छ । जसमध्ये पुरुष ८८९ र महिला ८२८ जना रहेका छन् । यस जिल्लामा बोटेजातिको

ठूलो बस्ती व्यास नगरपालिकाको कुमालटारी र बैरनीमा रहेको पाइन्छ । यसर्थ तनहूँ जिल्लाका बोटे जातिको विभिन्न गा.वि.स. र नगरपालिकाको बसोबास स्थिती तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ तनहूँमा बोटे जातिको बसोबास स्थल र जनसंख्या**

| क्र.स. | नगरपालिका/गा.वि.स. | महिला | पुरुष | जम्मा जनसंख्या | प्रतिशत | प्रमुखबस्ती |
|---|---|---|---|---|---|---|
| १ | व्यास नगरपालिका | ३१३ | ३०६ | ६१९ | ३६.०५ | बैरेनी, कुमालटारी, दुम्सी, ढोडेनी, वेलथुम्की |
| २ | भानु गा.वि.स. | ६० | ५४ | ११४ | ६.६४ | सतिघाट |
| ३ | देवघाट | २०६ | २४२ | ४४८ | २६.९ | बटौले, पिपलटार, गौरीटार, गाइघाट, झारखाने |
| ४ | राम्जाकोट | ५ | ३ | ८ | ०.४६ | |
| ५ | स्याम्घा | ४ | २ | ६ | ०.३५ | |
| ६ | पुकोट | ६१ | ६८ | १२९ | ७.५१ | चेपेघाट |
| ७ | क्यामिन | ७२ | ९२ | १६४ | ९.५५ | पाथ्राघाट (बोटेटार) |
| ८ | कोटा गा.वि.स. | ८ | १६ | २४ | १.४ | |
| ९ | जामुने | १० | १३ | २३ | १.३४ | |
| १० | भिरकोट | ८९ | ९३ | १८२ | १०.६ | |
| | **जम्मा** | ८२८ | ८८९ | १७१७ | १००% | |

स्रोतः तनहूँ जिल्लाको जातिगत विवरण राष्ट्रिय जनगणना २०६८ तथ्याङ्क विभाग माथि जि.वि.स. तनहूँ सूचना शाखा ।

तनहुँ जिल्लाको कुल जनसंख्या ३,२३,२८८ मध्ये महिला १,४३,४१० र पुरुष संख्या १,७९,८७८ रहेको छन् । उपयुक्त तालिकालाई अवलोकन गर्दा यस जिल्लाको एक नगरपालिका र ९ वटा गा.वि.स.मा मात्र बोटे बस्ती रहेको पाइन्छ । तनहूँ जिल्लाको व्यास नगरपालिका वैरेनीमा ६१९, पुर्कोटमा १२९, देवघाटमा ४४८, कोटामा २४, भानुमा ११४, क्यामिन पाथ्रघाटमा १६४, राम्जाकोटमा ८, जामुनेमा २३, भिरकोटमा १८२, श्याम्घामा ४ जना गरि तनहूँ जिल्लामा बोटे जातिको जनसंख्या १७१७ जना रहेको पाइन्छ । थोरै भएपनि धेरै स्थानमा छरिएर रहेको देखिन्छ । यसरी तनहूँ जिल्लामा बसोबास गर्ने बोटे जातिको जनसंख्या १७१७ जनाले तनहूँको कुल जनसंख्याको ०.५६% मात्र ओगटेको पाइन्छ ।

## ४.२ अध्ययन स्रोत तथा अध्ययन क्षेत्रको परिचय

व्यास नगरपालिका तनहूँको निकटवर्ती क्यामिन गा.वि.समा पर्ने बोटेटार सदरमुकाम दमौलीबाट निकट (करिब ११ कि.मि.) रहेर पनि वत्ती मुनिको अँध्यारो बन्न पुगेको छ । जुन क्यामिन उच्च मा.वि.बाट झण्डै ३० मिनट को पैदल यात्राबाट पुगिने ठाउँ भएपनि यहाँका वास्तविकता माध्यमिक शिक्षाबाट प्रायः बञ्चित रहेका छन् । अध्ययन क्षेत्र बोटटार को दक्षिणमा व्यास नगरपालिका पूर्वमा क्यामिन गा.वि.स. को कार्यालय पश्चिममा मादी नदी एवम् स्याम्घा गा.वि.स. र उत्तरी भाग भागमा वर्लाची गा.वि.स. अवस्थित रहेका छन् ।

### ४.२.१ क्यामिन गा.वि.स., बोटेजाति एवम् बसोबास स्थल

तनहूँ जिल्लाको सदरमुकाम व्यास नगरपालिकाले छोएको गा.वि.स. क्यामिन गा.वि.स. हो । जसलाई व्यास राजमार्ग छोएको छ । यो व्यास राजमार्गले नै दमौली, भोर्लेटार, सोतीपसल, दमौलीदेखि मिर्लुङसम्म आवागमनमा सहजता ल्याइदिएको छ । २०५८ को जनगणना अनुसार यस क्यामिन गा.वि.स.को कुल जनसंख्या १०१३६ जना मध्ये बोटे जातिको जनसंख्या १४८ जना रहेको थियो । जुन कुल जनसंख्याको २.४१ प्रतिशत हुन आउछ । २०६८ सालको जनगणनानुसार नेपाल राज्यभर जम्मा १०,३९७ रहेको देखिन्छ । जस मध्ये तनहूँ जिल्लामा क्यामिन गा.वि.स. को कूल जनसंख्या ७,६०८ मध्ये बोटे जातिको जनसंख्या १६४ रहेको छ । जुन कुल जनसंख्याको २.१६% हुन आउछ ।

यस गा.वि.स. को पूर्वमा सतीस्वाँरा गा.वि.स. पश्चिममा स्याम्घा उत्तरमा लमजुङ जिल्ला दक्षिणमा व्यास नगरपालिका पर्दछन् । क्यामिन गा.वि.स.को नाम किन क्यामिन रहन गया? भनी खोज गर्दा प्राचीन समयमा तनहूँका दुई ठाउँमा तमोर र तामिन नाम गरेको दुई गाउँ थिए । समयको परिवर्तन सगै क्रमश? तमोर र तामिन पनि अपभ्रंश हुँदै गए तमोर अपभ्रंश भएर तनहूँ र तामिन अपभ्रंश हुँदै गएर क्यामिन नामाकरण हुन गएको पाइन्छ ? राजनैतिक विभाजनका हिसाबले यो गा.वि.स. जिल्लाको क्षेत्र नं. २ र इलाका नं. १३ अन्तरगत पर्दछ । यस गा.वि.स.मा नौ वडा र ५४ बस्तीहरुमा विभाजित यस गा.वि.सको प्रशासनिक कार्य वर्डा नं. १ को छापथोकमा अवस्थित गा.वि.स.को कार्यालयबाट हुने गरेको छ । व्यास नगरपालिकाले छोएको यस क्यामिन गा.वि.स. को वडा नं. १, ९ र ७ लाई दमौली भोर्लेटार सडकले छोएको छ ।

भाषा, धर्म, चाडपर्वका हिसाबले हेर्ने हो भने यस गा.वि.स.का मगर, नेवार र बोटेहरु आफ्नै मातृभाषा बोल्दछन् भने अन्य जातीय समुदायहरुले नेपाली भाषा बोल्छन् तापनि सरकारी प्रयोजन तथा विविध भाषाभाषी अन्तर सम्बादका लागि नेपाली भाषानै प्रयोग हुने गर्दछ । विविध जातजातिहरुको मातृभाषानुसार पठनपाठन सुरु गर्न नसकिएकोले नयाँ पुस्तामा आफ्नो मातृभाषाको कमी हुँदै गएको देखिन्छ । यस गा.वि.स. का प्राय सबै समुदायले हिन्दू धर्म मान्ने गरेकोले दशैँ, तिहार, माघे सँक्रान्ती जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । यसका अतिरिक्त आफ्नो संस्कृति अन्तरगत सबै समुदायमा न्वारन, पास्नी, चुडाकर्म, वर्तवन्ध, विवाह, मृत्युपश्चातका संस्कारहरु आ-आफ्नै प्रकारका छन् । खासगरी यस गा.वि.स.मा बसोबास गर्ने धेरै जातजाति मध्ये बोटे जातिको आफ्नै भेषभुषा भएतापनि यो विस्तारै लोप हुँदै गएको पाइन्छ ।

शैक्षिक हिसाबले हेर्ने हो भने क्यामिन गा.वि.स. लाई शैक्षिक स्तरले पछाडी परेको देख्न सकिन्छ । यस गा.वि.स.मा प्रा.वि. र मा.वि. सहित जम्मा नौ वटा स्कुलहरु छन् क्याविन कोट मा.वि. र क्यामिन मा.वि. विद्यालयहरु वडा नं. १ मा छन् भने माहेन्द्री मा.वि. क्यामिन गा.वि.स. र सतीस्वाँरा गा.वि.स. को विवादमा परेको छ । क्यामिन गा.वि.स. वडा नं ९ मा एक मात्र प्रा.वि. जुन बोटेटार गाउँमा अवस्थित रहेको छ । यस पञ्चज्योती प्रा.वि.मा कूल विद्यार्थी संख्या ७७ छन् । जसमध्ये २९ जना छात्र र ११ जना छात्रा गरि जम्मा ४० जना विद्यार्थीहरु बोटे परिवारका हुन । यसरी ४० जना विद्यार्थी बोटे जातिका मात्र हुनुमा सो प्रा.वि. बोटे समुदायको बाहुल्यता भएको गाउँ बोटेटारमा हुनुले महत्व राखेको छ । त्यसै गरि क्यामिन उ.मा.वि. कलेस्तीको नि.मा.वि. तहका १२३ जना मध्ये ९ जना विद्यार्थी बोटे जातिका छन । जसमध्ये ४ छात्र र ५ छात्रा रहेका छन् । मा.वि. तहमा १४३ जना मध्ये ३ जना मात्र बोटे जातिका विद्यार्थी छन् । यी ३ जना पनि सबै छात्र हुन छात्रा होइनन् । यसै तह बोटे समाज शिक्षामा पछि परेको छ भने महिला शिक्षा पुरुषको तुलनामा झनै पछाडी भएको प्रष्ट देखिन्छ । यस क्यामिन गा.वि.स. को माथि उल्लेखित २ विद्यालय बाहेक अन्य विद्यालयहरुमा बोटे परिवारका विद्यार्थी छैनन् । यस गा.वि.स.मा अन्य जनसेवामूलक कार्यलयहरुमा एक गा.वि.स. कार्यालय जसमा तिन पुरुष कर्मचारी कार्यरत छन् भने एक उपस्वास्थ्य चौकी वडा नं. १ मा अवस्थित छन् । जसमा पाँच पुरुष, एक महिला कार्यरत छन् ।

### ४.२.२. बोटे जातिको खानपान, भेषभुषा र भाषा

सामान्यत बोटे जाति अरु जाति जस्तै दातभात खाने गर्छन । तर त्यो सधै सम्भव नहुने हुदा कोदाको ढिडो, रोटी, खोले पनि खाने गर्छन भने त्यसपछिको मुख्य खाद्यान्न मकै हो । मकै पिनेर ढिडो, आटो, रोटी खाने गर्छन । उनीहरु निउरो, सिप्लीगान, बाँको, जलुको (कर्कलो प्रजातिको पानीमा पाइने वनस्पति) जस्ता बनमा पाइने तरकारी खाने गर्दछन् । तर तरकारीमा रोजै एक दुई टुक्रा माछा भने पनि अनिवार्य रुपमा मिसाउने गर्दछन् । आजभोलि आधुनिकिताले गर्दा आलु केराउ जस्ता बजारमा पाइने तरकारी पनि किनेर प्रयोग गर्ने गर्दछन् । तर आफैले भने आलु केराउ लगायत अन्य तरकारी खेती गर्दैनन् । यिनीहरु सानैबाट महिला पुरुष दुवै मद्यपान एवम् सुर्तिजन्य पदार्थ सेवन गर्दछन् । अनियन्त्रित रुपमा रक्सी सेवन गरेर झगडा गर्ने यिनीहरुको बानी हुन्छ । तर इखालु प्रवृत्ति नहुने हुँदा रक्सीको नशाले छाड्ने वित्तिकै मेलमिलापको वातावरण शुरु हुन्छ । मासुमा कुखुरा, भैसी, रागो, बाखा, सुँगुर आदि खाने गर्दछन् ।

बोटे महिलाहरु चोलो, लुंगी पटुका लगाउने गर्दछन् भने पुरुषहरु लगौटी वा कछाड, भोटो लगाउने गर्दछन् । आजभोली आधुनिकताले महिलाहरु टिसर्ट, सर्ट, स्कर्ट, कुर्ता सुरुवाल र कतै कतै पाइन्ट लगाउने गरेको पनि देखिन्छ । पुरुषहरु सर्ट पाइन्ट टिसर्ट लगाउने गर्दछन् ।

भाषा विचार विनीमयको माध्यम हो । मानिसले आफ्ना मनका अव्यक्त भावलाई व्यक्त गर्न समर्थ हुन्छ । यसरी मानिसले आफ्नो मनका अव्यक्त मनका भावहरु व्यक्त गर्ने फरक फरक भाषा हुन्छ । नेपालको राष्ट्र भाषा नेपाली भएता पनि बहुजातीयताका कारणले प्राय प्रत्येक जातिको आफ्नै मातृभाषा रहेको छ । त्यहि मातृभाषाको माध्यमबाट उनीहरु आफ्ना विचारहरु आदानप्रदान गर्ने गर्दछन् । त्यस्तै प्राय नदी किनार एवम् घाटमा बस्ने डुंगा तार्ने, माछा मार्ने एवम् सुन धोएर आफ्नो जिविकोपार्जन गर्दै आएको बोटे जातिले बोल्ने भाषालाई बोटे भाषा भनिन्छ । बोटेहरु अरुसँग कुराकानी गर्दा खस भाषामा कुराकानी गर्ने भएतापनि आफू आफूमा बोल्दा वा कुराकानी गर्दा धेरै जसो आफ्नो भाषा प्रयोग गर्दछन् । उनीहरुको भाषाको छनकले केही भाषाको अर्थ बोधगम्य भएपनि केही भाषाको अर्थ भने अबोधगम्य हुन्छ ।

उत्तरदाताको समुदायमा बोलिने भाषाको विवरण

| बोधगम्य भाषा (बोटे भाषा) | नेपाली भाषा |
|---|---|
| मई, तोहो, उसे बोटे कुरा बोल्थाइने? काल आब हैत, उस कत्का हइरान पार्थान इसेद | म, तिमी, उसले बोटे कुरा बोल्छ र? भोलि आउ है त, उस ! कत्ति हैरान पार्छ यसले त । |
| **अबोधगम्य भाषा (बोटे भाषा)** | **नेपाली भाषा** |
| म जिथुँ है । ए तो हो पो गई त नई चिन्लाइट । हेटकई घर बाटई । काज करलधक खाजा पाइथाई छउनी । | म जान्छु है । ए तिमी पो हो म त नचिनेको । तलतिर घर छ । काम गरुन्जेल खान पाइन्छ छोरी । |

## ४.३ विवाहित उत्तरदाताको सामाजिक आर्थिक विशेषता

### ४.३.१. अध्ययनका लागि छनौट गरिएका उत्तरदाताको उमेर समूह

बोटेटार गाउँमा गरिएको ६० जोडी विवाहित महिला पुरुषको स्थलगत सर्वेक्षण (प्रश्नावली सुचि सहित) गरेको रिपोर्ट यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२ बोटे जातिमा विवाह हुने औसत उमेर

| उमेर समूह | पुरुष विवाहित संख्या | महिला विवाहित संख्या | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १० वर्ष सम्म | ० | २ | २ | १.६६ |
| ११-१५ वर्ष | १ | १० | ११ | ९.१६ |
| १६-२० वर्ष | २७ | ३५ | ६२ | ५१.६६ |
| २१-२५ वर्ष | २२ | १० | ३२ | २६.६६ |
| २६-३० वर्ष | ६ | २ | ८ | ६.६६ |
| ३० वर्ष भन्दा माथि | ४ | १ | ५ | ४.१६ |
| कुल संख्या | ६० | ६० | १२० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।

तालिका ४.२ बाट के पुष्टी हुन्छ भने बोटे जातिमा बाल विवाह र उमेरगत हिसाबले बेमेल विवाह अझै पनि विद्यमान रहेको छ । वाल विवाह पुरुषको भन्दा महिलाको अत्याधिक रुपमा देखियो । तुलनात्मक रुपले पुरुषको भन्दा महिलाको कम उमेरमै विवाह भएको पाइयो । ढिलो विवाह पनि न्यून रहेको पाइयो । बोटे जातिमा बढि मात्रामा विववाह हुने उमेर ब्राह्मण क्षेत्रीको तुलनामा कलिलो देखियो । १६-२० उमेर भित्रमा अधिक मानिसहरुको विवाह भएको देखियो । जुन वर्तमान समाजमा अति कलिलो उमेर मानिन्छ । यस्तो हुनुको कारण बोटे जातिको मानिसहरु शिक्षामा पछि पर्नु हो । बालबालिकाहरु प्रा.वि. नि.मा.वि तह मै स्कूल छोडनु नै शीघ्र विवाहको प्रमूख कारण हो भने मा.वि. तह नपुग्दै स्कूल छोड्नु आर्थिक कारण हो । अति आर्थिक पक्ष कमजोर हुनु भनेको उनीहरुको दुवै खालको परम्परागत तथा वर्तमान पेशा अर्थमूलक नहुनु हो । जुन कुरा प्रश्नावली सुचि फाराम को अध्ययनबाट प्रष्ट अवगत हुन सकिन्छ ।

## ४.३.२ पेशामा लैङ्गिक सहभागीता

कुनै पनि पेशा वा कार्यमा पुरुष र महिलाको सहभागीतालाई लैङ्गिक सहभागीता भनिन्छ । नेपालको परिप्रक्ष्यमा अन्य जानजातिमा जस्तै, पेशामा लैङ्गिक विभेदता बोटे जातिमा विद्यमान छ कि छैन भनि अध्ययन गर्न तपाईको पेशामा महिला सहभागीता छ कि छैन भनि गरिएको प्रश्नले यस्तो निष्कर्ष निकालेको छ । जसलाई तालिकाद्वारा प्रस्तुत गरिन्छ ।

तालिका ४. ३ पेशामा लैङ्गिक सहभागीता

| पेशा | उत्तरदाताको संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| कृषि | २३ | १७ | ४० | ६६.७ |
| ज्यालामजदुरी | ४ | १ | ५ | ८.२ |
| जागिर | १ | २ | ३ | ५ |
| माछा मार्ने | २ | ८ | १० | १६.७ |
| कृषि + ज्यालामजदुरी | | १ | १ | १.७ |
| माछा मार्ने + ज्यालामजदुरी | | १ | १ | १.७ |
| **जम्मा** | **३०** | **३०** | **६०** | **१००** |


स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।

तालिका ४.३ मा कृषि पेशा अवलम्बन गर्ने महिलाहरुको संख्या अधिक रुपमा मात्रामा देखिन्छ भने पुरुषहरुको संख्या केही न्यून देखिन्छ । ज्यालामजदुरीमा पनि महिलाको संख्या अधिक देखिएको छ । तर माछा मार्ने मिश्रित पेशा लगायत नोकरीमा भने महिला सहभागीता न्यून देखिन्छ । जसले गर्दा बोटे जातिमा पनि महिलालाई घरायसी कामकाजमा अधिकमात्रामा संलग्न गराइने र बाह्य पेशामा उनीहरुको पहुँच नपुगेको कुरा स्पष्ट रुपमा देखाइएको छ । यसरी अन्य पेशामा रहेको जस्तो लैङ्गिक विभेदता र नारीलाई अनुत्पादकमूलक कार्यमा अधिक संलग्नता गराइने परिपाटी बोटे जातिमा पनि रहेको कुरा प्रष्ट हुन्छ ।

## ४.३.३ उत्तरदाताको शिक्षा

मानिसका आधारभूत अवस्यकता मध्येको शिक्षा पनि एक हो । शिक्षा प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो तसर्थ कुनैपनि बालबालिका शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस भन्ने उक्ति हुँदाहुँदै पनि बोटे जातिमा शैक्षिक चेतना भने निकै कम भएको पाइन्छ । ज्यादै न्यून व्यक्तिहरुले मात्र माध्यमिक शिक्षा उत्तीर्ण गरेको पाइन्छ । २०६८ सालको जनगणनानुसार १६४ जना रहेको क्यामिन गा.वि.स.का बोटेहरुको

शैक्षिक स्थिती नियाल्दा छनौट गरिएका ६० जना उत्तरदाता मध्ये २० जना मात्र शिक्षित रहेको पाइन्छ । शिक्षित मध्ये ५ जना मध्ये प्राथमिक तह उत्तिर्ण, २ जना नि.मा.वि. तह उत्तीण, १ जना एस.एल.सी. उर्त्तिण र बाकी १२ जना साक्षर रहेको पाइन्छ । कुमाल जातिमा रहेको ***"पढौं लेखौ नकाम, माटो खेलाए कामै काम"*** भन्ने उक्ति बोटे जातिमा चरितार्थ भएको पाइन्छ ।




**चित्र ४.१ बोटे जातिको शैक्षिक अवस्था उत्तरदाताको आधारमा**


स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।

चित्र ४.१ मा कुल ६० जना उत्तरदाता मध्ये ३३.३ प्रतिशत साक्षर ६६.७ प्रतिशत निरक्षर । आजको एक्काइसौं शताब्दीमा पनि प्रवेशिका परीक्षा उत्तीर्ण मानिसहरु खोज्न औंसीको रातमा जून खोज्नु जस्तै कठिन हुन्छ । तसर्थ बोटे जातिको शैक्षिक चेतना ज्यादै न्यून रहेको कुरा उल्लेख गर्न सकिन्छ ।

## ४.३.४. धर्म

हामीले सरसर्ती बोटे जातिको अध्ययन गर्दा उनीहरुमा बौद्ध र हिन्दू धर्मको समन्वीति रहेको भेट्न सकिन्छ तर तथ्याङ्कीय रुपमा अध्ययन गर्ने हो भने २०६८ सालको जनगणना अनुसार उल्लेख गरिएको तनहूँ जिल्लामा बोटे जातिको कुल जनसंख्या १०३९७

जना मध्ये १००५९ जनाले हिन्दू धर्म, २२८ जना बौद्ध धर्म, ७५ जना क्रिश्चियन धर्म र बाँकी ३५ जनाले अन्य धर्म अवलम्बन गर्दै आएको पाइन्छ । क्यामिन ९ बोटेटार बस्ने बोटे जातिमा भने हिन्दू र बौद्ध दुवै धर्मको सम्मिश्रण भेट्न सकिन्छ । तर अधिकांश मानिसहरु हिन्दू धर्म परम्परा मानेको पाइयो । उनीहरुको समाजमा धार्मिक विवाद देखिदैन ।




**चित्र ४.२ बोटे जातिमा मानिने धर्म उत्तरदाताको आधारमा**

स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।

चित्र ४.२ मा ६० जना कुल उत्तरदाता मध्ये ८८.३३ प्रतिशत हिन्दू, ११.६७ प्रतिशत बौद्ध धर्म मान्ने देखिन्छ । सेता अक्षता लगाएर बौद्ध धर्मावलम्वीको अनुसरण गरे पनि अत्याधिक उत्तरदाताहरु हिन्दु धर्म मान्ने कुरा पुष्टि हुन्छ ।

## ४.३.५.संस्कृति, चाडपर्व र संस्कारहरु

नेपालका आदिबासी जनजाति मध्येको बोटे जातिलाई आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक एवम् सम्पूर्ण दृष्टिकोणले पिछडिएको लोपान्मुख जातिमा लिन सकिन्छ । यो जाति नेपालका आदिवासी जनजाति मध्ये आफ्नो छुट्टै पहिचान भए पनि पछौटे र गरीविको रेखामुनी पिल्सीएर रहेको पाइन्छ । बोटे जाति अन्य जाति झैं आफ्नै भाषा, संस्कृति र धर्ममा धनी भए पनि सामाजिक, आर्थिक र शैक्षिक सवालमा अति नै पछि परेको आदिवासी जनजाति हो । २०६८ सालको जनगणना अनुसार नेपाल राष्ट्रमा बोटे जातिको कुल जनसंख्या १०३९७ रहेको पाइन्छ । हामीले धेरै अध्ययन अनुसन्धानमा बोटे माझी एकै

हुन भने पनि २०६८ सालको जनगणनामा माझी जातिको कुल जनसंख्या छुट्टै उल्लेख गरिएको छ । आदिमकाल देखि आफ्नै पहिरन रहनसहन तथा आफ्नै रहनसहन तथा आफ्नै भाषा संस्कृतिका रमेका तर सरकारद्वारा उपेक्षित अनि लोपोन्मुख अवस्थामा रहेका जाति हो बोटे । यो जातिको भाषा झण्डै थारु जातिसँग मिल्न खोजे पनि भित्री मधेश र नारायणी अञ्चलका प्रायशः जिल्लाहरुमा र गण्डकी अञ्चलका जिल्लाहरु बोटेजातिका बसोबास स्थल बनेको छ । झण्डै थारु जातिसँग सामिप्यता हुन खोजेको यो जाति संस्कृति र चाडपर्वहरुमा कुलपूजा (भुइबाबा बोटे भाषामा) गर्छन् । हिन्दू धर्मावलम्बीले दशै मान्दछन् । यी जातिमा भुईबाबा पूजालाई ठूलो पर्वका रुपमा मनाउने गर्दछन । माछा मारेर मात्र गुजारा नचल्ने भएपछि यी जातिमा सामान्यतः खेतीपाती गर्न चलन रहेको छ । यसका अलावा गाई, भैसी, कुखुरा, हाँस जातिका पशुपंक्षि पनि पाल्ने चलन छ ।

प्राकृतिक अवस्थामा रहेका यी बोटे जाति प्रायशः प्रकृतिलाई देवता मानेर पूजा गरेका पाइन्छ । कुनै रोग लाग्यो भने वायु, सुर्यलाई देवता मानेर पुज्ने गरेको पाइन्छ । कुनै रोग लाग्यो भने वायु, सुर्य अर्थात देउरालीलाई पूजा गरी आफ्नो मनको आकांक्षा पुर्ति हुने भाकल समेत गर्दछन् । कुनै पनि चाडपर्व आएमा मात लाग्ने गरी रक्सी सेवन गरी इष्टमित्रसँग बसी रमाइलो गर्दछन । यो जातिभित्र पनि विवाह व्रतबन्ध जस्ता धेरै काममा ज्वाइँ भान्जालाई पुरेत मानी पुरेतकै रुपमा बोलाई तन्त्रमन्त्र गरेपछि आफ्नो मनको मनोकांक्षा सफल भएको महसुस गर्दछन् । यहि अन्धविश्वासले गर्दा नै यो जाति शिक्षामा अधि बढ्न सकेका छैनन् यी जातिका चाडपर्वहरु निम्न छन् ।

### ४.३.६. चाडपर्वहरु

**भुईबाबा (कलपूजा)** :- भुईबाबा पर्व यो जातिको ठूलो पर्व हो । जुन पर्व दशैको फूलपातीको अर्को दिन वा अष्टमीको दिन मनाउने गरिन्छ । मनाउने क्रममा रक्सी, खाने भुई बाबाका नाममा ठोक्कर, झ्याली, हार्मोनियम, ढोलक र बाजागाजा बजाउदै पुरुषहरु महिलाको पोशाक लगाएर यो पर्व मनाउछन् ।

**माघे संक्रान्ती** :- यो पर्व पनि निकै धूमधामका साथ मनाउने गरिन्छ । यो पर्वमा आन्दी ( अन्दी) चामलको चिचर बनाएर खाने चलन छ । अचम्मको चलन त केराकोपातमा मासु अथवा माछा डल्लो पारेर घरको आँगनमा आगो बाली राखेर पकाउने गरिन्छ । यसरी

पकाइएको परिकारलाई नै चिचर भनिन्छ । यो माघे संक्रान्ती पर्व बोटेहरुले निकै जोशीलो पाराले मनाउने गर्दछन् ।

**फागू पूर्णिमा** :- फागू पूर्णिमाको दिन भान्जीले मामालाई अविर लगाइ दिने र मामाले भान्जीलाई दक्षिणा दिने रमाइलो चलन छ । त्यसमा पनि मामाको हातबाट दक्षिणा पाए पछि जसरी पनि मासु रक्सी खुवाउनु पर्ने चलन छ ।

यस्ता रोचक चाडपर्वका साथसाथै एमोशा (पितृ औशी) गाई तिहार, चैते दशै, तीज, नाम पञ्चमी, लगायत अगम एकादशी (मंसिरको एकादशी) लाई धूमधामसँग मनाउने चलन छ भनेर आदिवासी जनजाति मञ्चमा उल्लेख गरिएको छ । तर गाई तिहार, चैते दशै, तिजि जस्ता पर्व मनाउने भए पनि नाग पञ्चमी, अगम एकादशी भने क्यामिन ९ बोटेटारका बोटेहरुले मनाउने गरेको पाइदैन ।

## ४.३.७. उत्तरदाताका पूजनादि देव देवी एवम् विश्वास

प्रकृतिका पूजक मानिने बोटेहरुको जीवनचक्र विविध संस्कारहरुलाई हेर्दा वर्तमान अवस्थामा पनि परम्परागत रुपमा रहेको आभाष हुन्छ । यस जातिमा पाप, पुण्य, भुतप्रेत, दुष्टात्मा जस्ता कुरामा असाध्यै विश्वास छ । त्यसैले पिपल एवम् खोलानालाको गुफा जताततै पूजाका थान बनाएर पूज्ने गर्दछन् । रुखमुनी ढुंगाका मूर्ति बनाएर पूजा गर्दछन् । भुयर वायु, कालिनाग, सेतीनाग, जलदेवी, सम्सारीमाई, कुलायन, सुनझाक्री, चण्डीकाली, खम्बादेव, डिङ्गिनीबूढी जस्ता अनेकौ देवी देवताको पूजाआजा गरी भाकल चढाउने गर्दछन् । कुनै देवतालाई पूज्ने कुनै देवतालाई नपूज्ने गर्दा नपूजिएको देवीदेवता रिसाउछन् भन्ने विश्वास राखेर सम्झना भएसम्मका सबै देवीदेवता तथा सिमेभूमेको पूजा गर्दछन् ।

## ४.४ संस्कार

प्रत्येक जातजातिको आ-आफ्नो किसिमको संस्कार हुन्छ । उनीहरु आफ्नो संस्कारलाई जीवन्त राख्न प्रयत्नशील रहन्छन् । त्यस्तै बोटे जातिका पनि जन्म, विवाह एवम् मृत्युसंस्कारहरु विद्यमान रहेको पाइन्छ ।

**जन्म संस्कार** :- बच्चा पाएको ५ दिन पछि सुत्केरी र बच्चा नुहाउने काम गरिन्छ । त्यहि दिन सुडेनीले कुखुराको भाले रक्सी, कपडा, चामल, दिने चलन छ । सुडेनी घर गइसकेपछि बाबा आमाले रक्सी खाएर बच्चाको नाम राख्ने चलन भेटिन्छ ।

**न्वारन** :- बच्चा जन्मेपछि नाम राख्ने प्रचलनलाई न्वारन भनिन्छ । बोटे जातिको न्वारान संस्कार अलि भिन्न प्रकारको पाइन्छ । उनीहरु जन्मेका बार र महिनाको आधारमा नाम राख्ने गर्दछन् । धेरै लेख एवम् पुस्तकहरुमा छोरा भए ११ दिन र छोरी भए ९ दिनमा न्वारान गरिन्छ भन्ने कुरा उल्लेख गरे पनि क्यामिन ९ बोटेटारका बोटेहरुमा ३, ५, ७ मध्ये कुनै एक दिन न्वारान गर्दे प्रचलन रहेको पाइन्छ । यसरी न्वारानमा नाम राख्दा ग्रहदशाका आधारमा नराखी जन्मेको वार महिनाका आधारमा नाम राख्ने गरिन्छ । यदि बालबालिका चैत्रमा जन्मेको छ भने चैते, आइतबार जन्मेकालाई आइते/आइती/आइतु, शुक्रबार जन्मेकालाई सुके/सुकु/सुकमाया आदि । जहाँ जे कुरा उल्लेख भए पनि पाखे बोटेले हिन्दू संस्कार अनुरुप ११ दिनमा र पानी बोटेले बौद्ध संस्कार अनुसार ३, ५, ७ दिनमा न्वारन गर्ने प्रचलन विद्यमान रहेका पाइन्छ ।

**पास्नी वा भात खुवाइ** :- बोटे जातिमा पनि अन्य जातिमा जस्तै छोरा छोरीको फरक फरक महिनामा पास्नी गर्ने चलन विद्यमान रहेको छ । पास्नी गर्दा छोरीको पाँच महिनामा र छोराको छ महिनामा गरिन्छ ।

**छेवर** :- हिन्दू संस्कारमा छोराको ब्रतबन्ध गरे जस्तै बोटे जातिमा पनि उक्त चलन रहेको पाइन्छ । छोरो ५, ७, ११ वर्षको भए पछि छेवर गर्ने चलन छ । छेवर भन्नाले विशेषत विजोर अंकलाई शुभ मान्ने हुँदा ५, ७, ११ वर्षको भइसके पछि एक मानो चामलको पिठाको सेल बनाई गाईको गोठमा लगी दाम्लाले बाँधी मामाले केश मुण्डन गर्नेकार्यलाई बोटे जातिमा छेवर भनिन्छ । हिन्दू संस्कारमा जस्तै बोटे जातिमा पनि मामाले केश मुण्डन गरीदिने चलन छ तर बोटे जातिमा भने केश मुण्डन गरेवापत टोपी लगाइदिनुपर्ने पृथक चलन भेटिन्छ ।
**विवाह** :- अध्याय ५ मा विस्तृत गरीने छ ।

## ४.५. मृत्युसंस्कार

बोटे जातिमा विद्यमान विभिन्न संस्कारहरुमध्येको मृत्युसंस्कार पनि एक महत्वपूर्ण संस्कार हो जसमा आफ्ना परलोक भइसकेका पितृहरुको सम्झानामा विभिन्न संस्कारहरु गरिन्छ । यस मृत्यु संस्कार १३ दिन सम्म निरन्तर चलिरहन्छ । यो संस्कार पनि पानी बोट र पाखे बोटेमा फरक पाउन सकिन्छ । पाखे बोटेका पितृ उद्दारका कार्यमा आर्य संस्कृतिको झल्को देख्न पाइन्छ भने पानीबोटेको पितृ उद्दारमा मंगोलियन संस्कारको झल्को देख्न पाइन्छ ।

### क) पाखे बोटे

मृत्यु प्रत्येक प्राणीको स्वभाविक प्रकृया हो । कुनैपनि सजिव प्राणी सधैं यस पृथ्वीमा वीचरण गर्न सक्दैन अझ मानवको मृत्यु त कहिले हुन्छ पत्तै हुँदैन । त्यसैले पाखे बोटेमा कसैको मृत्युभएमा आफ्नै परम्परानुरुप कार्य गरिन्छ । कसैको मृत्युभएमा नदीको किनारमा लगेर दाह संस्कार गरिन्छ । उनीहरु मानिस मरेको १३ दिन सम्म विभिन्न संस्कारहरु गर्दछन् र १३ औं दिनमा चोखिन्छन् । मृतकलाई पार तार्न मृतकका छोराहरुले दागबत्ति दिएर किरिया कार्य गरिन्छ । अन्य समुदायमा जस्तै छोरीहरु २, ४ दिन मात्र क्रिया बस्ने गर्दछन् । छोरालाई बढी महत्व दिएर छोरी विना काजक्रिया ठप्प नहुने हुँदा यस समुदायका पनि लैंगिक विभेदीकरणले जरो गाडेको देख्न सकिन्छ । मानिसको मृत्यु भइसकेपछि मृत्यु संस्कारबाट चोख्याउने अरु कुनै पुरोहितको आवश्यकता नपर्ने हुँदा आफ्नो ज्वाँई भान्जाबाट काम सम्पन्न गरीन्छ । मृतकलाई पार तार्न वा जुठो परेपछि आफ्नो दाजुभाइ आफन्तहरुले खल्को नुहाउने, सुनपानी खाने, गर्छन् भने नुन, माछा मासु, कोदोको जाँड, घ्यू खादैनन् । निख्लो अदुवासँग मात्र भात खाने चलन छ । यसरी मृत्युको दिन देखि १३ दिनसम्म विविध कार्य गरिन्छन् । यिनीहरुमा आर्य समुदायमा जस्तै पिण्डदान गरेर तेह्र दिनमा चोखिन्छन् । यस समुदायमा वर्षको एक पटक सोह्र श्राद्धको समयमा चोखो खाएर एक छाक बसी श्राद्ध गरेर आफ्ना पितृहरुको सम्झना गर्दछन् ।

### ख) पानी बोटे

मृत्यु सबै प्राणीको अवश्यम्भावी प्रकृया हो । पानी बोटेमा कसैको मृत्यु भएमा पितृ उद्दारका निम्ति अर्घौं गर्ने चलन छ जसमा मंगोलियन प्रभाव देख्न सकिन्छ । मृतकलाई

आफ्ना भाइ भारदार मिलि हरियो बाँसमा हाली लैजान्छन् । यसरी घरबाट लाश लेजादा बाटोमा एक मुठी चामल र खुद्रा पैसा राख्छन् जसलाई बुर्की भनिन्छ । यो चलन हिन्दु आर्य खस समाजमा पनि देख्न सकिन्छ । यसरी शबलाई नदी किनारमा लगी समाधिस्थल खनिन्छ र शबलाई उत्तानो पारी राख्छन् । उत्तानो पारी समाधिस्थलमा राखिएको शवको मुखमा दागवत्ति दिने काम गरिन्छ । दागबत्ती दिने काम भने अन्य जातिको संस्कारमा जस्तै छोराबाट नै गरिन्छ । यसरी शवको दाह संस्कार गर्दा मृतकका कपडा नदीमा बगाइन्छ र नाङ्गो शवमा नै दागबत्ती दिइन्छ । यसरी दागबत्ति दिइसकेपछि उक्त शवलाई माथिबाट बालुवा ढुङ्गा बालुवाले पुरिन्छ । यसरी शवलाई पुरीसकेपछि माथिबाट चोखो कपडाको धजा, फूलमाला राखिन्छ । अझै समाधिस्थलमाथि हरिया स्याउला राखिन्छ । जसले मृतकलाई शितलता प्रदान गर्दछ भन्ने जनविश्वास पाइन्छ । यसरी समाधिस्थल बनाउनका लागि प्रयोग गरिएको कोदालोको बींड पनि समाधिस्थलमा नै राखिन्छ । त्यसपछि किरियापुत्रि नुहाई समाधिस्थलमा केश मुण्डन गरी नयाँ सेता कपडा लगौटी वा धोती लगाउछन् । यसपछि जो तौल राखि एक अञ्जुली पानी समाधिस्थलमा चढाउछन् र सम्पूर्ण मलामी सहित गंगास्नान गरी घर फर्कन्छन् । घर फर्किदा बाटोमा कोदालो हँसिया आदिले रेखा लगाई बयँरको काँडाको टुप्पो नदीतिर फर्काइ राखिन्छ । यसरी मलामी सहित सबै जना काँडामा टेकेर घर आउँदा भुत प्रेतले दुःख दिदैन भन्ने विश्वास गरिन्छ । यसरी शवको दाह संस्कार सकिएर फर्केपछि किरियापुत्रीहरु बस्नका लागि पराल ओछ्याइ कोरा बनाइन्छ । यो समयमा तेल, घ्यू खादैनन । अदुवा, कागती, मूला भने खाने गरेको पाइन्छ । किरियापुत्री लगायत अन्य भाई भतिजाहरु एघार दिन सम्म लसुन, माछा, मासु, प्याज खादैनन् । यो जातिको चलन अन्य जातिको भन्दा अलि फरक किसिमको पाइन्छ । प्रत्येक दिन किरियापुत्री नदीमा स्नान गरी आफैले खाना बनाई खाने गर्दछन । किरियापुत्री दिनभरी नदीमा बसी वेलुका घर फर्कन्छन् । चौथो दिनमा केरा पकाउने गर्दछन् जसलाई केरा गाड्ने भनेर चिनिन्छ । चौथो दिनदेखि गरीने काज किरियालाई स्थानै पिच्छे फरक फरक नाम दिइन्छ । क्यामिन, देवघाट, शिशाघाटमा अर्घौं भनिन्छ भने व्यास नगरपालिका बैरेनीमा किरिया भनिन्छ । चौथो दिनमा डालीमा केरा राखेर असुराको पातले छोपेर पकाएको केरा १२ औं दिनमा अनिवार्य मानिन्छ । बोटेहरुको किरियामा खास खास दिन हुन्छन् ।

| | |
|---|---|
| *केरा गाड्ने दिन* | *चौथो दिन* |
| *घोत मिसाउने दिन वा निम्तेनी दिन* | *११ औं दिन* |
| *बडक काज* | *१२ औं दिन* |
| *सेलाउने* | *१३ औं दिन* |

एघारौँ दिनमा छरछिमेकी किरियापुत्रीको घरमा चामल अदुवा मिसाउन आउछन् । बोटेभाषमा घोतको अर्थ सहयोग हो । घोत मिसाउदा निम्तारुहरुको जमघट हुने हुँदा निम्तेनी भनिएको हो भन्ने उनीहरुको भनाई रहेको छ । एघारौ दिनमा मूर्ति पूजा गरिन्छ । उक्त दिन किरियापुत्रीले स्नान गरी मृत व्यक्तिको मृर्ति बनाई एक एक हात लामा उखुका टुक्रा जमिनमा अड्याई मृत व्यक्तिको प्रतिमुर्ति बनाइन्छ । लोग्ने मानिस मरेको भए सेतो र स्वास्नी मानिस मरेको भए रातो कपडाले ढाकिन्छ । मूर्तिमा एक पुङ रक्सी चारमाना चामल ६/७ वटा रोटी चारौँ दिनमा गाडेको एक घरी केरा र एक माना भाते जाँड मूर्तिमा राखिन्छ । यसरी यो मृतकको समाधिमा पनि फरक फरक चीज चढाइन्छ । तसर्थ क्यामिन ९ बोटेटारका बोटे जातिको मृतकका समाधिमा राख्ने चिजहरु निम्न छन् ।

*जवान : माटोको भाडोमा राखिएको रक्सी*

*फूला : मानवाकृति रोटी*

*एक घरी केरा: चौथो दिनमा गाडिएको केरा*

मूर्तिको दाँया बाँया र वीचमा गरी तीनवटा बत्ती सल्काएको चुरोट, माछा मासु, पिठो, जाँड भात तरकारी, आदि चढाइन्छ । मृत व्यक्ति, स्त्री भए चुरा, धागो, पोते, डालो, नाङ्लो, र पुरुष भए पिठोको डुंगा र जावे राखिन्छ । मूर्तिको नजिकै चुरोट सल्काएर राखिन्छ । चुरोट सल्किएर सकियो भने पितृ खुशी भएको ठानिन्छ । यसरी एघारौ दिनमा सजाइएको मृत व्यक्तिको शव वरीपरि घुम्दै तीन पटक सिठ्ठी बजाई, ज्वाँईचेलाका हातबाट पाडो काटी टाउको र एउटा साँप्रो कल्पित मूर्ति मै छाडिन्छ । अरु भाग घरमा लगी सम्पूर्ण मलामी चेलीबेटी मिली पकाएर खान्छन् र पंक्तिबद्ध भई गोलाकार रुपमा बसी विरह लाग्दा गीतहरु गाउछन् ।

***गीतका केही अंशहरु :-***

***कोकले चरीले मोकई खायो हानिदेऊ खोयाले,***

***मरे पछि सरिम छैन, बाँधिदेऊ चोयाले,***

*पातला गाउँका पातला चिउरा भादगाँउको दालचिनी,*
*अँधेरी रात कोहि छैन साथमा पठाइदेऊ लालटिनी ।*


यसरी उक्त एघारौँ दिन घोडचढी गर्ने, घोडचढीले उपद्रव मच्चाउने समेत गरिन्छ । यसरी उपद्रव गर्दा उसमा स्याल, कुकुर, बाँदरको समेत काम देखाइएको हुन्छ जसमा प्रतिकात्मक विधिको समेत प्रयोग गरेको पाइन्छ । यसरी दुःखद गितका साथ एघारौँ दिन समाप्त हुन्छ । बाह्रौँ दिनको रातको तेस्रो प्रहर तिर मुकुण्डो खेल प्रदर्शनी गरिन्छ । जे होस् बोटे जातिमा रक्सी पितृलाई पनि चढाउने र पितृका प्रसादका रुपमा सबैले खाने चलन छ । यसरी बाह्रौँ दिनमा पनि मृग शिकारी र लामाको खेल शुरु गरिन्छ । तेह्रौँ दिनमा कुभिण्डो वा मेवालाई पाडाको प्रतिक मानी बली चढाउने गरिन्छ ।  त्यहि दिन अर्घौंका दिन गीत गाउदै नाच्दै मूर्ति सेलाउन नदी तर्फै जान्छन् । (क्यामिन ९ निवासी धनबहादुर बोटेसँग गरिएको साक्षात्कार कुराकानी) उक्त मूर्ति सेलाउन जाँदा सुपो (नाङ्लो) मा मूर्तिमा चढाइएका समान राखिन्छ र नदीमा पुगेपछि नदीको वीचमा गई सुपोका सम्पूर्ण सामानहरु बगाइन्छ । उक्त मूर्ति ढाकेको कपडा ज्वाई चेलालाई दिन्छन् । त्यसदिन नदीमा गएर स्नान गरेपछि बत्ति बालि पानीमा बगाउछन् र उक्त बत्तिलाई सबैले ढुङ्गा हानी निभाउछन् । यसपछि सम्पूर्ण दुःख विर्सेर “सालै जो” भाकामा गीत गाँउदै फर्कन्छन् । फर्कदा साँघुरो बाटोमा मूर्ति ढाकेको कपडा भाँडो खुकुरी खुँडा राखेर पैसा नतिरी जान पाइन्न जगत लाग्छ भन्दै बाटो छेक्छन् र पैसा तिरैपछि बाटो छाडिदिन्छन् । घर आएपछि चेलीबेटी, ज्वाई चेलालाई टीका लगाई दक्षिणा दिन्छन् । नाँच्ने गाउँने मान्छेलाई जाँड रक्सी र पैसा दिनुपर्छ । यसरी उनीहरुको अर्घौ सकिन्छ ।

अर्घौ गर्दा ठूलो मानिसको जुठोमा सानो मानिसको जुठो खप्टेमा ठूलो मानिसको जुठो सँगै सानो मानिसको जुठो सकिन्छ । सानो मानिसको जुठोमा ठूलो मानिसको जुठो खप्टेमा सानो मानिसको जुठो पनि ठूलो मानिसको जुठोसँगै लम्बिएर जान्छ । बोटे जातिको अर्घौं मरेकै वर्ष गनुपर्छ भन्ने हुँदैन । तीन दिनमा चोख्याएपछि आफ्नो औकातले भ्याउदा अँर्घौ गरे हुन्छ । जुठो खप्टने प्रक्रिया ब्राह्मण क्षत्रीमा पनि उस्तै गरि लागू हुन्छ (शर्मा ...........) ।

## ४.६. परिवारको प्रकारका आधारमा उत्तरदाता

प्राचीन कालमा संयुक्त परिवारमा रम्ने बोटेजाति वर्तमान युगसम्म आइपुग्दा एकल परिवारमा सीमीत हुन पुगेको देखिन्छ । आजकल त विवाह हुने वित्तिकै छुट्टिएर अलग बस्ने प्रचलन बढ्दै गएको देखिन्छ । साठीघरमा गरिएको सर्वेक्षण अनुसार ५६ घर एकल परिवार

र ४ घर मात्र संयुक्त परिवार भेटियो । २१ औँ शताब्दीमा पनि पूरानो चलन/संस्कृति अझै रहनु बोटे समाजलाई संस्कृति प्रेमीको रुपमा चिनाउन सकिन्छ ।




**चित्र नं. ४.३ उत्तरदाताको आधारमा परिवारको प्रकार**

(स्रोतः तनँहू क्यामिन गा.वि.स. वडा नं. ९ बोटेटार (स्थलगत सर्वेक्षण २०७१)

चित्र ४.३ मा देखाए अनुसार उत्तरदाताहरुमा एकल परिवारको धारणाले प्रख्याती पाएको देख्न सकिन्छ । जसमा ६० जना उत्तरदाता मध्ये ५६ घर एकल परिवार (९३.३३%) र ४ घर संयुक्त परिवारमा (६.६७%) रहेको पुष्टि भएको छ । एकल परिवारमा खाजा खाँदा पसलमा पाइने Fast Food ल्याई खाने, नजिकको चिया पसलमा गई आफूखुशी खाजा नास्ता गरि आउने प्रायः देखिन्छ भने संयुक्त परिवारमा पुरानै शैलीमा घरमै खाजा/नास्ता वनाई खाने चलन भेटिन्छ । लगाउने लुगामा पनि एकल परिवारमा तयारी फेन्सी कपडाको बढि प्रयोग पाइयो भने संयुक्त परिवारमा बस्ने मानिसहरुले सिलाउन दिएर बनाएको कपडाको बढि प्रयोग र फेन्सी तयारी पोशाक कपडाको प्रयोग नगन्य रुपमा देखियो ।

त्यसै गरि अन्य कुराहरुमा पनि तुलनात्मक रुपले संयुक्त परिवारलाई भन्दा एकल परिवारमा बस्ने बोटेजातिका मानिसहरुलाई आधुनिकताले छोएको महशुस गर्न सकिन्छ ।

# अध्याय पाँच

## बोटे जातिको विवाह पद्धति

### ५.१ परिचय

विवाह दाम्पत्य जीवनको प्रथम सोपान हो । विवाह भनेको उमेर पुगेको केटाकेटीलाई समाजले पति पत्नीका रुपमा स्वीकार्ने प्रकृया वा यौन सम्पर्क राखी सन्तान पैदा गर्न वैधता प्राप्त गर्ने प्रकृया हो । विवाह वास्तवमा समाजले सुचारु रुपमा अगाडि बढाउन प्रदान गरीने कानूनी मान्यता हो । हाम्रो हिन्दू समाजमा विवाह प्रथालाई व्यवस्थित रुप दिने पहिलो व्यक्तिको रुपमा स्वेतकेतुलाई लिन सकिन्छ । उनी महर्षि उद्यालकका पुत्र थिए । यसको विवाह देवर ऋषिकी कन्या बर्चलासँग भएको थियो । उनै स्वेतकेतुलाई हिन्दू विवाह पद्धति व्यवस्थाका आचार्य मानिन्छ । परापूर्वकालमा वैवाहिक कार्य नियमवद्ध नभएकाले स्त्रिहरु अतिथि सत्कारमा लागेर परपुरुषसँग सम्भोग गर्न जानुपर्ने स्थिती देखा पर्दथ्यो । एक पटक उद्यालकले आफ्नो पत्नीलाई अतिथि सत्कारका निम्ती पठाए तर उनका छोरा स्वेतकेतुले आफ्नी आमा त्यसरी अतिथि सत्कारमा गएको मन परेन र त्यसको विरोध गरे । त्यहि समयबाट नै उनले आजदेखि एउटी स्त्रीले एउटै पुरुषमात्र बरण गर्न पाउने घोषणा गरे । त्यहि नियम सबै जातिका समाजमा लागू गरेर विवाहको परम्परा अघि बढ्यो । (क्यामिन ९ पाथ्रा निवासी ६२ वर्षिय समाने बोटेसँगको प्रत्यक्ष कुराकानी) यहि हिन्दू विवाह पद्धतिबाट नै अन्य समूहमा पनि औपचारिक विवाहको शुरुवात भएको पाइन्छ । भारत, नेपाल, श्रीलंका तथा अन्य कतिपय राष्ट्रहरुमा विवाहको प्रकृया हिन्दू विधिमा भर पर्दछ । हिन्दू विधि एवम् धर्मशास्त्रबाट प्रभावित शास्त्रीय विधिपूर्वक वरले कन्यालाई पत्नीका रुपमा ग्रहण गर्ने प्रकृयालाई विवाह भनिन्छ । जसबाट प्राण प्राणको वा आत्मा आत्माको, हाड हाडको, मासु मासुको, छाला छालाको, स्थायी बन्धनकारी पवित्र आन्तरिक योग हुन्छ । त्यसैले विवाह महत्वपूर्ण संस्कार मध्येको एक हो । अन्य निति र धर्मको सहकार्य मध्येको एक हो । हिन्दू धर्ममा विवाह सम्बन्धी जति नियमहरुछन् त्यतिनै कठिन खालका नियमहरु अन्य धर्ममा देखिदैनन् । हाम्रो देश नेपाल धर्म निरपेक्ष मूलुक भनिएतापनि यहाँका झण्डै ८२ प्रतिशत जनताहरु हिन्दू धर्म मान्दछन् । त्यसैले हिन्दू

विधिअनुरुपको विवाह पद्धति अपनाइन्छ । हिन्दू विवाह पद्धति भारतबाट शुरु भएको हो तसर्थ भारतमा देखिएको हिन्दू विवाह पद्धति केही परिष्कृत छ किनकि भारतमा धेरै वर्षसम्म अंग्रेजहरुले शासन गरे । त्यसरी शासन गर्दा हिन्दू संस्कृति भित्रका कृरीतिलाई फ्याक्न मूलुकी ऐन विवाह ऐन जस्तै वैवाहिक नियमको सृष्टि भएको हो । सन् १९५५ मा भारतका एक कुशल विवाह विधि निर्माताले हिन्दू विवाह सम्बन्धी प्रचलित प्राचीन विधिलाई निश्चित रुप प्रदान गर्नका लागि यो नियमपारित गरे । यसमा बौद्ध, जैन तथा शिखहरुलाई हिन्दूहरुका समकक्षमा राखिएको पाइन्छ । (मूलकी ऐन २०५० दफा २ कानून किताब व्यवस्था समिति) तसर्थ बोटे जातिको विवाह पद्धति पनि हिन्दू विवाह पद्धतिसँग मिल्जोजुल्दो छ ।

पूर्वीय आर्य साहित्यले विवाहलाई संस्कारमूलक अनुष्ठान मानेको छ भने पाश्चात्य साहित्यले करारमूलक सम्झौता मानेको छ । हिन्दू विवाह न स्त्री र पुरुष वीचको सम्बन्ध मात्र हो, न सामाजिक संस्था नै हो । न यौन समवेदना र सामाजिक सहानुभुतिको बन्धन मात्र हो । वास्तवमा हिन्दू विवाह विशुद्ध धर्म अनुष्ठानको कार्यान्वयन पछि स्थापित हुने दुई व्यक्ति दुई परिवार वा दुई गोत्र वा दुई कुटुम्बका वीच चिरस्थायी सम्बन्ध हो ।

विवाहलाई गहन रुपमा अध्ययन गर्दा वास्तवमा विवाह भनेको के हो ? भन्ने सम्बन्धमा फरक फरक धारणा र दृष्टिकोणहरु पाइन्छन् । हिन्दू संस्कारबाटै विकसित भएको बोटे जातिको विवाह पद्धतिलाई पनि बोटे जातिमा महत्वपूर्ण संस्कारका रुपमा लिइन्छ । परम्परागत मान्यता अनुरुप यस जातिको विवाह गर्दा मामाकी छोरी माथि फूपूको छोराको पूर्ण हक लाग्दछ तर फूपूको छोरी र मामाको छोरा वीच भने विहेवारी चल्दैन । यो जातिमा दाजु मरेपछि भाउजू स्याहार्ने चलनलाई सामाजिक मान्यता प्रदान गरिएको छ । यसरी बोटेजातिको विवाह, मागी विवाह, प्रेम विवाह, जारी विवाह गरी तीन प्रकारका विवाह देख्न सकिन्छ ।

## ५.२ मागी विवाह वा आयोजित विवाह

हिन्दू संस्कार र हिन्दू परम्परा अनुरुपको विवाह मागी विवाह हो । यस प्रकारको विवाहमा केटा र केटी दुवै पक्षको बाबुआमा मञ्जुर हुनुपर्दछ तब मात्र विवाह सम्भव हुन्छ । विवाह भन्दा पूर्व विवाह गर्ने उमेर पूगेका केटाका बाबुआमाले कुनै लमि वा कलियो वा स्वयं नै केटी माग्ने गरिन्छ । यसरी केटी माग्न जाँदा लमिले आलंकारीक भाषाको प्रयोग

गर्दछन् । "ठूलो रुखको ओत लाग्न आएका थियौँ, शितल छाँया पाइदैन" वा "चौतारीमा वर सार्न आएका थियौ, वर सार्न पाइन्छ की पाइदैन?" भनी आलंकारीक भाषाको प्रयोग गर्दछन् । केटी वा दुलही पक्षकाले पाइन्छ वा पाइदैन के भन्दछन त्यसैले आधारमा कुरा अघि बढाइन्छ । यसरी सकारात्मक उत्तर पाइन्छ भनीसकेपछि स्वीकृत भइसकेको ठानी कुरो अघि बढाइन्छ (क्यामिन ९ पाथ्रा निवासी आसमाया बोटेसँगको भेटवार्ता) । यसरी सकारात्मक उत्तर अर्थात् पाइन्छ भनीसकेपछि स्वीकृत भइसकेकी केटी अर्कोसँग पोइल गई भने उक्त केटीकी बहिनी भएपनि दुलाहालाई जिम्मा लगाउनु पर्दछ । यसरी मागी विवाह गर्दा जेठो छोरा या छोरीको जेठ महिनामा विवाह गरीदैन भने श्रावण, भाद्र, आश्विन, कार्तिक, पौष र चैत्रमा कसैको पनि विवाह गरीदैन । मागी विवाह गर्दा लगन हेर्ने वा दिन जुराउने नगरी **"मंगलबार गइजे, बुधबार ल्याइजे"** भनेर मंगलबार जाने र बुधबार ल्याउने गरिन्छ । व्यास नगरपालिका वैरेनी निवासी ६० बर्षीय सोम बहादुर बोटेले आफ्नो अन्तरवार्तामा वताए अनुसार यसरी मागी विवाह गर्दा हिन्दूहरुको विवाह गरिने महिनामा गरीने तर लगन किन हेरिदैन भन्ने प्रसङ्गमा अत्यन्तै रोचक 'किंबदन्ति' पाइन्छ । धेरै पहिला बोटे विवाहको लगन जुराउन हातमा माछा लिएर पुरेत वा बाहुन कहाँ गएका थिए रे । माछा पछाडी लुकाएर धेरै बेर पर्खदा पनि बाहुनले जुराइदिएनन रे । त्यसले बोटे बाहुनसँग रिसाएर मंगलबार गइजे बुधवार ल्याइजे भन्दै फर्के रे । त्यहि समय देखिनै उनीहरुको नियमित लगन मंगलबार र बुधबार बन्यो भन्ने भनाइ छ । मागी विवाह वा आयोजित विवाहमा गरीने क्रियाकलापहरु पनि पानी बोटे र पाखे बोटेमा फरक फरक छ ।

सामान्यतः बोटे जातिको अध्ययन गर्दा पाखे बोटे र पानी बोटे भनेर थर विभाजन गरेको पाइन्छ । किन यसरी पाखे बोटे र पानी बोटे भनियो त भन्ने सम्बन्धमा रोचक किवंदन्ती रहेको पाइन्छ । कुनै एक समयमा कुनै दुई दाजुभाइ किनारमा बसी डुङ्गा तार्ने काम गर्दै आफ्नो जिविकोपार्जन गर्ने गर्थे । एक दिनको कुरा हो गोरखाकाली त्यहि बाटो हुँदै कतै जान आइन र उनीहरुले तिनलाई नदी तारिदिए । नदी तारिदिएपछि भाडा स्वरुप गोरखाकालीले नदी किनारको बालुवा उठाएर दिईन् । त्यस समयमा उनीहरुसँग जाबे (प्वाल नै प्वाल परेको जाली झोला) बाहेक केही पनि नभएकोले जाबे थापे । जाबेबाट बालुवा सुन वनी नदीमा खस्यो । यसरी ती दुईभाई मध्ये एक भाई सुन छोप्न नदीमा पस्यो र नदीको बहाबसँगै अघि बढ्यो भने अर्को एक भाई नदी किनारमा बसेर हेर्न थाल्यो । नदी किनारमा

बसेर हेर्ने भाई पाखे बोटे भयो र सुन छोप्न नदी नदी दौडने भाई पानी बोटे भयो भनी बोटे जातिका अग्रज कमाने बोटेले बताउनु भयो ।

## पाखे बोटेको विवाह

विवाह गर्नु पूर्व केटी मगनीमा जाँदा पाखेबोटेको कुनै कलियो (लमि) मार्फत् नगई सोझै केटाका बाबुआमा नै जाने चलन पनि छ ।

**जन्त जाने काम र दुलहीको माइतमा गरिने विवाह संस्कारः-** उनीहरुको विवाहमा घरभित्र जग्गिया बनाइन्छ र त्यो जग्गियामा पिठाको रोटी बनाएर त्रिशुल बनाइन्छ । उक्त त्रिशुल बनाइएकोले पिठो नदेखियोस भनेर धानले छोप्ने गरिन्छ । विवाहको दिन दुलाहा पक्षबाट जलकलश लिएर गई दुलहीका माइतिमा घरबाहिर लेख्नुपर्छ । यसरी जलको कलश लिएर गई रातभरि आँगनमा बास बस्नु पर्ने हुन्छ यसरी केटा पक्ष केटीपक्षमा जाँदा जन्ति पर्सने चलन हुन्छ जुन चलन हिन्दूहरुको चलन भन्दा फरक देखिदैन । बोटे जातिमा चुम्नी गन्ने, बेसार थिच्ने मुखमा दल्ने लोहोरो समात्ने दुलाहा दुलहीको गालामा लगाइदिने चलन हुन्छ । अझ नयाँ चलन त विवाहको दिन सिन्दुर हाल्न कलस्यौली (नन्द वा भान्जी वा अन्य कन्या) जानु पर्छ । यसरी नन्द भान्जी वा कन्याले जेठो सिन्दुर हालिसकेपछि दुलाहाले कपडा सिँगारेर सिन्दुर हाल्ने चलन विद्यमान छ । यो जातिमा अन्माउदा साइमुन्द्रो (स्वयम्बरको औँठी) मा एक रुपैया राखि दुलाहाको भाइले दुलहीको बाउआमा लगायत अरुलाई दिने चलन छ । यो जातिमा ब्राम्हण, क्षत्रीको संस्कारमा जस्तो केटी पक्षकाले केटा पक्षकालाई ढोग्ने चलन हुन्छ । जहाँ लैंगिक विभेदीकरणको प्रस्टता भेटिन्छ यो जातिमा पनि पुरुष प्रधानता देखिन्छ । यसरी दुलही अन्माउने समय भएपछि दुलहीको हातले पिठाको छाप माइतीघरको भित्तामा ३ ठाँउमा लगाउने चलन छ । यो जातिमा आमाको सम्मान गरिन्छ जसमा विवाहको दिन दुधको भारा कटाउनका लागि एउटा दूध्यौली धोती र त्यसमा ३२ थाङग्रा पैसा राखि दुलहीको आमालाई दिनु पर्दछ । यसरी दूध्यौली धोती र ३२ थाङ्ग्रा (सिक्का) पुनः दुलाहा पक्षकालाई फिर्ता गर्दै दूध्यौली धोती मात्र दुलहीकी आमाले राख्ने चलन छ ।

**दुलही भित्र्याउने कार्यक्रम :-** दुलही भित्र्याएका दिनमा बालखा लडाउने, खुर्सानी धुँवाउने एवम् श्रीमान्ले श्रीमतीलाई र श्रीमतीले श्रीमानलाई तेल लगाइदिने रोचक रोचक चलनहरु पाखेबोटेमा विद्‌यमान रहेका पाइन्छ ।

**पानी बोटेको विवाह :-** सामान्यतः पानी बोटे र पाखे बोटेमा केही संस्कृतिहरु अलिक भिन्न खालका देखिन्छन् । हुनत केही समय अघिसम्म पानी बोटे र पाखि बोटेका वीचमा विहेवारी र लेनदेन समेत हुँदैनथ्यो । अहिले उनीहरुमा आएको चेतनाको वृद्धिले गर्दा विहेवारी चल्न थालेको पाइन्छ तापनि विवाह गर्दा गरीने केही कार्यक्रमहरुमा विविधता पाउन सकिन्छ ।

**विवाहको दिन दुलाहाको घरमा गरिने कार्यक्रम :-** पानी बोटेका विवाहको दिन घर वाहिर जग्गिया घर वाहिर लगाउने चलन छ । विवाह कै दिन दिदी वहिनी र भान्जीहरुले चरेशको थालमा एक माना चामल त्यसमाथि बत्ति बालेर ढाकेर दुलहीको माइतीमा लैजान्छन् । यिनीहरुमा विवाहका दिन दहिको ठेकी लैजाने प्रचलन छ । यसरी ठेकी लिएर जाँदा साथामा रक्सी तेल बेसार, माछा जस्ता सामानहरु दुलहीका माइती पक्षमा लगिन्छ । दुलहा घरमा भेला भएका इष्टमित्र, परपाहुना एवम् छरछिदुलहा घरमा भेला भएका इष्टमित्र, परपाहुना एवम् छरछिमेकीले जाँड र मासु भात खान्छन त्यसपछि दुलाहलाई सिगांरपटार गरी घर भित्र इष्टदेवता वा कुल देवता, भिमसेन र बलीको पूजा गर्दछन् । दुलहा अन्माउने बेला दुलहाकी आमाले दुलाहालाई दूध चूसाउँछिन । छोराले पनि मातृ ऋण तिर्न भेटी राखी आमाको खुट्टामा ढोग्दछ । यसरी दुध ख्वाउने काम सकिए पछि दुलाहाका भिनाजुले दुलाहलाई बोकी अन्माउने परम्परा यो समाजमा विद्‌यमान छ ।

यसरी यो समाजमा सगुन प्रथाका साथसाथै जन्तीले विवाहकै दिनमा १२ पाथी चामल र ३ गाग्रो मकैको जाँड एक गाग्रो भाते जाँड, छ बीस सेल रोटी (१२०), ५ वटा भाले पोथी कुखुरा, ५ मुठी बेसार, नून, तमाखु लैजाने गरिन्छ (व्यास न. पा. बैरेनीमा गरिएको समूह केन्द्रित छलफल विधि) ।

**विवाहका दिन दुलहीको घरमा गरिने कार्यक्रम**

विवाहको दिन आँगनमा केराको थाम गाडी जग्गिया लगाइन्छ । दुलहीलाई सकेसम्म राम्री देखिने गरी सिंगारपटार गरिन्छ । मन्ट्यौलीले दुलहीलाई लुगा लगाइदिएर सघाउछन् ।

दुलाहको घरबाट चरेशको थालमा राखि लगिएको चामल वत्ती र माछा लिएर जाने लगाएत सवै जन्तीहरुलाई दुलहीका बुबा एवम् माइती पक्षले पर्सिने काम गरिन्छ । दुलाहाका बुबा, दाजुभाइलाई मात्ने गरी रक्सी खान दिइन्छ । अनि सिंदुर हाल्ने काम गरीन्छ । दुलहीलाई सिन्दुर हाल्दा माइतीकै जग्गियमा स्वयम् दुलाहाबाट नै सिन्दुर हालिन्छ । त्यसपछि दुवै पक्षका जन्ती माइती भेला भइ मासु भात रक्सी खान्छन् ।

**दुलाहाका घरमा दुलही लगेपछिको कार्यक्रम :-** घरमा दुलही लगिसकेपछि भित्राउँदा नन्द वा अमाजुले रातो कपडाले बाटो छेक्छन् । त्यसरी बाटो छेक्दा दुलहीले पैसा दिनुपर्छ अनि मात्र दुलही भित्र्याइन्छ । यसरी विवाहका दिन नन्द, अमाजू, सासुलाई अनिवार्य रुपमा केही न केही ल्याउनु पर्छ ।

**सगुन प्रथाः-** यसरी बोटे जातिमा पनि आफ्नै जाति भित्र पनि संस्कारगत विविधता पाइन्छ । यी जातिमा विद्यमान सगुन प्रथा भने एकै किसिमको देखिन्छ । यो जातिमा दाइजो प्रथा त्यति नभए पनि सगुन प्रथा भने चर्को पाइन्छ ।

**विवाहमा दिने सगुनः-** विवाहमा जन्ति जानु भन्दा ५ दिन अगाडि नै सगुनमा २ घैटो जाँड (जसमा १ घैटो कोदोको १ घैटो मकैको) १ पाथी चामल, १ घैटो रक्सी, अदुवा, नुन, बेसार, तमाखु, भालेपोथी कुखुरा, एक पेरुङ्गो माछा, ५ धार्नी सुंगुरको मासु, सेलरोटी लैजाने चलन छ ।

**दुरान फर्काउने र विवाह पछिका कामः-** यसरी विवाह सम्पन्न भएको तेस्रो दिनमा दलहन वा दुराने जान्छन् । दुरानेमा जाँदा रक्सी, रोटी लैजानु पर्छ । दुलहीका घरबाट कति गर्दुवा आएको छ सोही अनुरुप कोशेली पठाइन्छ । यो प्रचलन पानी बोटेमा विद्यमान छ । विवाह सम्पन्न भइसकेपछि पहिलो दशैमा विवाहमा गर्दुवा राखेको जति सबैलाई रोटी रक्सी वा अन्य कोसेली लैजानुपर्छ । यसरी बोटे समदायमा आयोजित वा मागी विवाह सम्पन्न गरिन्छ ।

दुलाहा अन्माउँदा दुवै बोटे जातिको चलनमा आमाको सम्मान गरिने प्रक्रिया एउटै हो । क्यामिन गा.वि.स. वडा नं. ९ मा पर्ने बोटेटारमा गरिएको स्थलगत सर्वेक्षण अनुसार पाखे बोटे ५९ घर र पानी बोटे एक घर मात्र विद्यमान देखियो । तसर्थ वैवाहिक कार्य अलि अलि वाहेक धेरै समानता भेटिएकोले एकै ठाउँमा व्याख्या गरिएको छ ।

### ५.२.१ रत्यौली/रतेउली

विवाहका दिन दुलाहा अन्माएर लगेपछि दुलाहाकार घरमा महिलाद्वारा विविध गीतहरु गाएर गरीन राग-रौसलाई रतेली भनिन्छ । अन्य समुदायमा जस्तै बोटे समुदायमा पनि रतेली गाउने प्रचलन हुन्छ । दुलाहा अन्माएका दिन बोटे महिलाहरु भेला भइ जाँड खाँदै झाम्रे गाउने गर्दछन् ।

## ५.३ भागी वा प्रेम विवाह

विशेषत उमेर पुगेका युवायुवती मेलापात, वनपात, जङ्गल, गोठ, हाट, बजार, जाँदा केटाकेटी दुवैले एक अर्कालाई चिन्ने मौका प्राप्त गरेपछि एक अर्कामा प्रेम अंकुराउन थाल्दछ र आफ्ना अभिभावकभावकको मञ्जुरी विना नै केटाकेटीको मात्र स्वीकृतमा गरीने विवाहलाई प्रेम वा भागी विवाह भनिन्छ । यस प्रकारको विवाह केटाकेटीको हित्तचित्त मिलेपछि मात्र सम्भव हुन्छ । एक अर्कामा प्रेम भाव अंकुराउन थालेपछि वा एक अर्कामा प्रेम भाव फस्टाउन थाले पछि वन जंगल मेलापात गएको वेला भगाएर ल्याउछन् । यसरी वनपाताबाट भगाएर ल्याइसकेपछि त्यसलाई घर भित्र स्वीकृति दिइन्छ । यसरी केटी ल्याउदा केटा पक्षले दैलोमा फूलमाला र जलपूर्ण कलश राखि स्वागत गर्दछन् । यस पछि दुलहीका माइतमा सगुन पुऱ्याई विवाहलाई वैधता प्रदान गर्ने काम गरिन्छ । माइतीबाट समर्थन नदीएसम्म विवाहले वैधानिकता प्राप्त नगर्ने हुँदा दुलहीका माइतिको समर्थन लिन दुलाहा पक्षले सगुन पुऱ्याउने चलन छ ।

## ५.४ जारी विवाह

एक जनासँग विवाह भएकी महिलाले अर्कै पुरुषसँग विवाह गरेवापत् पहिलाको श्रीमान्ले तोके बमोजिम दोस्रो श्रीमान्ले पैसा तिर्नुपर्दछ । यस्तो विवाहलाई नै जारि विवाह भनिन्छ । यो विवाह बोटे जातिमा केही मात्रामा छ । पहिलो जारी विवाहमा ६० रुपैया खत स्वरुप तिर्नुपर्ने र दोस्रोमा ३० रुपैया तिनुपर्ने चलन रहेको पाइन्छ ।

## ५.५ मागी विवाह मन पराउनका कारण

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्छ । समाजमा बस्दा प्रत्येक कुरा एवम् व्यवहारले गर्दा उसले सामाजिक मूल्य मान्यतालाई पनि त्यत्तिकै ध्यान दिएको हुन्छ ।

त्यस्तै बोटे समुदायमा बस्ने केही मानिसहरुले भागि, प्रेम र जारी विवाह भन्दा मागी विवाह बढी रुचाएको पाइन्छ ।

**तालिका ५.१ मागी विवाह मन पराउनुका कारणका आधारमा उत्तरदाता**

| बोटे समुदायमा मागी विवाह मन पराउनुको कारण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| संस्कृतलाई निरन्तरता प्रदान गर्नुका साथै इज्जतमा बृद्धि हुनु | ३६ | ६० |
| रमाइलो हुने | ९ | १५ |
| आफन्तहरु खुशी हुने | ११ | १८.३ |
| प्रेम विवाहमा पनि स्थायी घरबार नहुने डर | ४ | ६.७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

यसरी मागी विवाह मन पराउनुमा ६० प्रतिशतले वा ३६ जनाले आफ्नो परम्पराको निरन्तरताले गर्दा इज्जत बढ्ने हुनाले मागी विवाह नै ठीक हो भनेको पाइयो भने १५ प्रतिशत वा ९ जना मानिसले मागी विवाहका अन्य फाइदा भन्दा रमाइलो हुने हुनाले यो विवाह मन पराएको पाइएको छ । त्यस्तै आफन्तलाई खुशी पार्न १८.३ प्रतिशत वा ११ जनाले मागी विवाह मन पराएको पाइएको छ भने बाँकी ६.७ प्रतिशत वा ४ जनाले प्रेम विवाहमा स्थायी घरबार नहुने सम्भावना भएकाले मागि विवाह मन पराएको पाइयो । जसलाई तालिका मार्फत प्रष्ट हुन सकिन्छ ।

## ५.६ भागी वा प्रेम विवाह मन पराउनका कारण

बोटे समुदायमा विद्‌यमान विवाह पद्धति मध्येको भागी वा प्रेम विवाह पनि हो । वास्तवमा विवाह पद्धतिमा पनि विशेषतः पुराना पूस्ताले संस्कृतिलाई निरन्तरता दिने क्रममा नै मागी विवाह मन पराउँछन् । तर आजका युवा पुस्ता भने संस्कृतिलाई निरन्तरता दिन भन्दा आफ्नो खुशीका साथै भावी दाम्पत्य जीवन सुखी होस् भन्ने चाहन्छन् । त्यसैले उनीहरु भागी वा प्रेम विवाह मन पराउछन् । यसरी किन भागी वा प्रेम विवाह मन

पराउछन् भन्ने खोजमा यस्ता निष्कर्ष वा उत्तर पाइएको छ जसलाई तालिकाद्वारा यसरी प्रस्तुत गरिन्छ ।

**तालिका ५.२ भागी वा प्रेम विवाह मन पराउनका कारणका आधारमा उत्तरदाता**


| भागी वा प्रेम विवाह मन पराउनका कारण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| दुवै जनाको मन मिल्ने | २२ | ३६.७ |
| परिवार सुखी हुने | १० | १६.७ |
| केटाकेटी दुवैको बानी व्यवहार बुझिने | ६ | १० |
| माया प्रेम गाढा हुने | ८ | १३.३ |
| खर्च कम हुने र आफनो इच्छा अनुसारको साथीको चयन | १४ | २३.३ |
| **जम्मा** | ६० | १०० |

श्रोत : कार्यक्षेत्र स्थलगत सर्वेक्षण, २०७१ ।

आजका युवा पुस्ताले मागी विवाह भन्दा भागी विवाह वा प्रेम विवाह बढी मन पराउँछन् । किन उनीहरुले भागी वा प्रेम विवाह नै मन पराउछन् त ? भनी गरिएको अनुसन्धानमा २२ जना वा ३६.७ प्रतिशतले दुवै जनाको मन मिल्ने कारणले भागि वा प्रेम विवाह रुचाएको पाइयो । १० जना वा १६.७ प्रतिशतले परिवार सुखी हुने देखेर भागी वा प्रेम विवाहलाई रुचाउँछन् भने ६ जना वा १० प्रतिशतले केटाकेटी दुवैको वानी व्यवहार बुझिने जसबाट अन्योलतामा गरीने विवाहबाट हुन सक्ने दुर्घटना कम हुने हुनाले भागी वा प्रेम विवाह मन पराएको पाइएको छ । ८ जना वा १३.३  प्रतिशतले माया प्रेम गाढा हुने हुनाले पारिवारिक असमझदारी कम हुने हुँदा र १४ जना वा २३.३ प्रतिशतले विवाहमा हुने फजुल खर्चप्रति विशेष ध्यान दिइएको पाइयो वा आर्थिक मीतव्ययीता अपनाई खर्च कम गर्न सकिनुका साथसाथै आफ्नो बानी व्यवहार अनुरुपको जीवन साथी रोज्न पाइने लालचामा प्रेम वा भागी विवाह मन पराएको कुरा तथ्याङ्कले देखाएको छ ।

## ५.७ वैवाहिक निर्णयमा महिलाको सहभागीता

बोटे जातिमा वैवाहिक निर्णयमा नारीलाई कतिको सहभागि गराइन्छ भनि गरिएको अध्ययनले नारीलाई सहभागि नगराउने निष्कर्ष निकालेको छ। जसले अन्य समुदायमा जस्तै महिला र पुरुष वीचको लैंगिक विभेदता विद्यमान प्रष्ट हुन्छ । पेशाको सम्लग्नताको अध्ययन गर्दामात्र नभएर वैवाहिक निर्णयमा पनि महिला र पुरुषको समान सहभागीता नभेटिएकोले प्रायः सबै समुदायमा देखिने नारी पराधीनताको अवस्था यो समुदायमा पनि विद्यमान देखिन्छ । विवाहमा नारीलाई समान सहभागी नगराउने कुरालाई एकिन गर्न विवाहको कुरामा महिलालाई सहभागी गराइन्छ कि गराइदैन ? भनी सोधिएको प्रश्नमा ५१ जना उत्तरदाताले गराइदैन भनी उत्तर दिएका छन् । बाँकी ९ जनाले मात्र गराइन्छ भनिए पनि वास्तविक रुपमा नारीलाई वैवाहिक कार्यक्रमको निर्णयाधिकार दिइएको छैन, मात्र सामान्य घरायसी कामकाजमा मात्र नारी सहभागीता भेटिन्छ ।




**चित्र ५.१ वैवाहिक निर्णयमा महिला सहभागीता गराइने वा नगराइने आधारमा उत्तरदाता**

(स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

यसै पनि हाम्रो देश नेपाल पुरुष प्रधान देश हो । प्रेम विवाहले भन्दा मागी विवाहले नै बढी महत्व तथा प्रश्रय पाउदछ नेपाली समाजमा भागी वा प्रेम विवाह त स्वतः नै लैङ्गिक असमानता प्रष्ट देखिने विवाह ठहरिन्छ । मागी विवाहको सवालमा ब्राह्मण, क्षेत्रीको बढी प्रभाव बोटे समुदायमा परेको छ । जसमा महिलाको भन्दा पुरुषको निर्णय लागू हुन्छ । आजभोलि महिला सहभागीताको प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा दर बढ्दो छ । महिला सहभागीताका हकमा सामान्य औपचारिकता निभाउने काम बाहेक महिला पुरुषको सल्लाह अनुसार विवाहको निर्णय गर्ने चलन कताकति मात्र देख्न सकिन्छ ।

# अध्याय छ


## बोटे जातिको विवाह पद्धतिमा देखिएका परिवर्तनहरुको विश्लेषण

समाज परिवर्तनशील छ । परिवर्तनशील समाज भएका कारणले एक पटक राम्रा र सही मानिएका कुराहरु सदासदाका निम्ति सही ठहरिन सक्दैनन् । त्यसमा कनै न कुनै दुर्बलता देखा पर्दछन् । त्यस्तै बोटे जातिका सामाजिक, सांस्कृतिक रहन सहन एवम् वैवाहिक परम्परामा पनि फरकपन देखा परेको देखिन्छ । "विवाह प्रत्येक समुदायमा दाम्पत्य जीवनको प्रथम सोपान हो ।" युवा युवतीका बीच स्थापित हुने दाम्पत्य सम्वन्धलाई सामाजिक मान्यता प्रदान गर्नु नै विवाह हो । अझै मनुस्मृतिमा यस लोक र परलोकको हित अहित दुवै साध्यका लागि संक्षिप्त रुपमा आठ किसिमका पतीपत्नी नै विवाह हो भनिएता पनि बोटे जातिमा तीन किसिमका विवाहहरु विद्यमान छन् । यसरी हेर्दा समयको परिवर्तन सँगै पहिला जुन किसिमको विवाह पद्धति थियो वर्तमान सोही किसिमको विवाह पद्धति विद्यमान छैन । वर्तमानमा गरीने विवाह पद्धतिमा केही परिवर्तन पाउन सकिन्छ ।

### ६.१. विवाह

दाम्पत्य जीवनको प्रथम सोपान हो विवाह । जसले एक जोडीका वीच निकटस्थ सम्बन्ध कायम गर्ने सेतु (पुल) का रुपमा काम गरेको हुन्छ । तसर्थ युवायुवती वीच हुने दाम्पत्य सम्बन्ध एवम् सन्तान उत्पादनका निम्ति सामाजिक वैधानिकता प्राप्त सम्बन्धलाई नै विवाह भनिन्छ । प्रत्येक समाजमा कुनै न कुनै प्रकारका विवाह विद्यमान रहेका हुन्छन् । जसले सृष्टि संचालनलाई निरन्तरता दिएको हुन्छ । बोटे जातिमा पनि कुनै न कुनै प्रकारका विवाह विद्यमान रहेका हुन्छन् जसले सृष्टि संचालनलाई निरन्तरता प्रदान गरेको छ । बोटे जातिमा पनि विवाह प्रथा कायमै प्रथा हो तापनि धेरै मात्रामा आफ्ना नाता भित्र विपवाह हुने गरेको पाइएको छ । बोटे जातिको विवाहमा पहिले र अहिले उस्तै देखिएता पनि पहिला बुवाआमाले बरवधु मिलाएर कबलेको सगुन पूरा गरी विवाह गर्ने प्रचलन थियो भने वर्तमानमा यो प्रचलनमा परिवर्तन आएको छ ।

आजका युवा पुस्तामा प्रेम विवाहले प्रश्रय पाएको देखिन्छ । उक्त समाजमा गरिएको स्थलगत सर्वेक्षण अनुरुप केही विवाह नातेदार भित्र र केही वाहिर गर्ने गरेको पाइएको छ । ६० जोडीमा गरिएको सर्वेक्षणमा ४५ जनाले नातेदारसँग १५ जनाले नातेदार भन्दा बाहिर गरेको पाइएको छ । पहिले सवैले नातेदार भित्र विवाह गर्ने गरेको पाइन्छ भने वर्तमानमा नातेदार वाहिर पनि विवाह गरेको पाइन्छ । उक्त खोजका लागि के विवाह नातेदार बाहिर गर्नु भएको हो भनी सोधिएको प्रश्नको उत्तरलाई तालिकाद्वारा यसरी देखाइन्छ ।




**चित्र ६.१. नातेदार भित्र र बाहिरको आधारमा विवाह**

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

यसरी नातेदार भित्र र वाहिर दुवैतिर विवाह सम्पन्न गर्ने प्रथालाई प्रस्तुत तालिकाले उजागर गरेको छ । १५ जनाले नातेदार बाहिर विवाह गरेको बताए भने ४५ जनाले भित्र गरेको पुष्टि गरे । जसमा निकटवर्ती समाज गुरुङ एवम् ब्राम्हण क्षेत्री दुवैको सम्मिश्रणीय प्रभाव देख्न सकिन्छ ।

## ६.२ विवाह गर्न मिल्ने नातेदारहरु

बोटे जातिमा नातेदार भित्र विवाह भएको जानकारी भए पनि कस्तो किसिमको नातेदार भित्र विवाह सम्पन्न गरिन्छ भन्ने निर्क्यौल गर्नुपर्ने त्यत्तिकै महत्वपूर्ण मानिने हुनाले कुन किसिमको नातेदार भित्र गर्नुभएको हो भन्ने प्रश्न गरिएको थियो । जसलाई चित्रद्वारा यसरी प्रस्तुत गरिन्छ ।

तालिका नं. ६.१ विवाह गर्न मिल्नेका आधारमा नातेदारको किसिम

| नातेदारको किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| मामाको छोरा | ४५ | ७५ |
| फूपूको छोरी | ८ | १३.३ |
| नातेदार बाहिर | ७ | ११.६ |
| **जम्मा** | ६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ६.१ मा मामाको छोरासँग ४५ जनाले फुपूको छोरीसँग ८ जनाले र बाहिरी नातेदारसँग पनि ७ जनाले विवाह सम्पन्न गरेको पाइन्छ । जसमा गुरुङ समुदायको प्रभाव देख्न सकिन्छ । जसले ७५ प्रतिशत र क्रमश १३.३ प्रतिशत, ११.६ प्रतिशत ओगटेको पाइन्छ ।

यसरी विवाह गर्दा आफ्नो नातेदार भित्र र बाहिर दुवै किसिमका विवाह सम्पन्न हुने यो जातिको संस्कृति बुझ्न आफ्नै जाति भित्र विवाह गर्नु हुन्छ भन्दा आफ्नै जाति भित्र गर्छौं भन्ने उत्तर पाइए पनि चामलमा वियाँ मिसिए, जस्तै कसै कसैले गुरुङ, कुमाल जातिसँग विवाह गरेको पाइएको छ । (प्रत्यक्ष अनुभव) पहिले पहिलेत उक्त समुदाय भित्र पनि पाखेबोटे र पानीबोटे वीच विवाह चल्दैनथ्यो । उक्त विवाह अस्वीकृत मानिन्थ्यो । तर आजभोली त्यो सामान्य बन्दै गएको छ ।

## वैयक्तिक अध्ययन १


*वैयक्तिक अध्ययन १ का ७५ वर्षिय सेते बोटे क्यामिन ९ बोटेटार निवासी हुन् । उनका २ छोरा २ छोरी रहेका छन् । उनकी श्रीमती भने पहिले नै मरेकी रहिछन् । छोरा छोरीको विवाह भइसकेको र आफू छोरीसँग रहेको कुरा उनले बताए । आफ्नो समयमा बाबुआमाको निर्णय अनुसार मागी विवाह मात्र हुने गरेको बताउने सेते बोटेले अहिले विवाहमा परिवर्तन आएको बताए । आजभोलिका केटाकेटीहरुले भगाएर लैजाने र पोइल जाने (प्रेम विवाह) गरेका छन् भन्ने बताए । त्यति मात्र होइन छोरीको विहे गर्दा सगुन आउनुको सट्टा दाइजो दिनुपर्ने बताए । निरक्षर तर बोटे धामी रहेका उनले यसरी दाइजो दिनु पर्नुका कारणमा अरुको देखासिकी हो भन्ने जनाएका छन् । त्यति मात्र नभएर विवाहमा*

*केटीहरु जन्त जाने प्रकृया पनि बढेको बताए । पहिले बोटे संस्कार अनुसार कलस्यौली मात्र चरेशको थालमा एक माना चामल र पैसा राखेर दुलहीका घरमा जान्थे तर अहिले पाएसम्म अरु महिला पनि जन्त जाने कुरा बताए । उनले फुपूचेला मामाचेली, फुपूचेली मामाचेला दुवैमा विवाह चल्ने बताए । आफ्ना समयमा यी दुई नातेदार भित्र मात्र सम्पन्न हुने विवाह अहिले बाहिर पनि विवाह चल्ने भएकाले विवाहमा आएको परिवर्तनको रुपमा यसलाई पनि व्याख्या गरेका छन् ।*

*बोटे जातिको विवाह नातेदार भित्र नै अत्याधिक हुने गरेको पाइयो । तथापि मामाको छोरासँग ४५ जना, फुपुको छोरीसँग ८ जना र बाहिरी नातेदारसँग पनि ७ जनाले विवाह गरेको पाइयो (६० जना उत्तरदाता मध्ये गरिएको सर्वेक्षण अनुसार)* ।

## ६.३ विवाहको किसिम

बोटे जातिमा विद्यमान विवाहका किसिम मागी, प्रेम वा भागी र जारी विवाह विद्यमान रहेपनि जोडीको रोजाइको किसिममा भने परिवर्तन देखिन्छ । पहिले पहिलेका पुस्ता प्रायः सबैले मागी विवाह गरेको देखिए पनि अहिलेको पुस्तामा प्रेम र भागी विवाह नै बढी रुचिकर विवाहको किसिमको रुपमा देखा परेको छ । जसलाई चित्रद्वारा यसरी प्रस्तुत गरिन्छ ।




**चित्र ६.२ विवाहको किसिम मन पराइनुको आधारमा उत्तरदाता**

श्रोत स्थलगत सर्वेक्षण, २०७१ ।


चित्र ६.२ ले बोटे जातिको विवाह पद्धतिमा आएको परिवर्तन मध्ये विवाहको किसिमलाई उजागर गरेको छ । जसमा आजका नयाँ पुस्ताले प्रेम वा भागी विवाहलाई आफ्नो छनौटको विवाह पद्धतिको रुपमा लिएका छन् ।

## ६.४. विवाहको उमेर

सामान्यतः मूलकी ऐनले केटीको विवाहको उमेर १६ र केटाको उमेर १८ वर्ष हुनुपर्ने मान्यता तय गरेको छ । यदि त्यो उमेर भन्दा कममा विवाह गरेमा बाल विवाह सम्बन्धी मुद्दा लाग्ने व्यवस्था समेत गरेको छ । मुलुकीऐन मा जे भएपनि बोटे जातिमा भने फरक फरक उमेर समूहमा विवाह भएको पाइन्छ । बाल विवाह यस समाजमा कायमै छ तर विगतका तुलनामा बाल विवाह दर घट्दो छ ।

## ६.५ सगुन प्रथा

विवाह गर्दा केटी पक्षकाले केटा पक्षकालाई आफ्नी छोरी विवाह गर्दा यति खानेकुरा, लुगाकपडा, सरसामान, चाहिन्छ भनी माग गर्ने प्रथालाई सगुन प्रथा भनिन्छ । पहिला मागी विवाह गर्दा बोटे जातिमा सगुन कबल्ने चलन थियो । त्यो चलन अहिले विस्तारै विस्थापित हुँदै गएको छ । सामान्य रुपमा परम्परा र संस्कृतिको जगेर्ना गर्ने हिसाबले मागी विवाह गरेपछि सामान्य रुपमा मात्र सगुन कबोल्ने चलनको विकास भएको पाइन्छ । यो प्रथा नेपालका प्रत्येक जातजातिमा नरहे पनि गुरुङ मगर बोटे समुदायमा प्रचलित छ । पहिला मागी विवाह गर्दा यथेष्ट मात्रामा सगुन कबल्ने चलन भए पनि वर्तमानमा परम्परा र संस्कृतिको जगेर्ना गर्ने हिसाबले मागी विवाह गरेपनि सामान्य रुपमा सगुन माग्ने प्रचलनले प्रश्रय पाएको छ । भनिएपनि व्यवहारिक रुपमा परिवर्तन नआएको निष्कर्ष निकालिएको छ । जसलाई चित्रद्वारा प्रस्तुत गरिन्छ ।





**चित्र ६.३ सगुन प्रथा रहेको नरहेको आधारमा उत्तरदाता**
श्रोत स्थलगत सर्वेक्षण, २०७१ ।

विवाहमा सगुन दिने प्रचलन छ ? भनेर गरिएको प्रश्नमा ९८.० प्रतिशत उत्तरदाताले सगुन प्रथा विद्यमान रहेको विचार गरेका छन् । भने बाँकी २ प्रतिशतले उक्त प्रथा नराम्रो हो भन्दा भन्दै पनि यो प्रथा उन्मूलनका लागि कुनै ठोस कदम चालिएको पाइएन । उनीहरुको समुदायमा गरिएको साक्षात्कार कुराकानीमा महंगी धेरै बढेकाले पहिलेको अनुसार सगुन दिन नसकिने हुनाले औपचारिक कदम नचालिए पनि आफै विस्थापित हुँदै गएको छ भन्ने मत पाइए पनि व्यवहारिकतामा भने फरक भेटिएको छ ।

## ६.६. दाइजो प्रथा

छोरीको विवाहमा माइतीले छोरीलाई दिएको वा दिने सम्पत्तिलाई दाइजो भनिन्छ । दाइजो विशेषगरी विवाहमा दिने चलन छ तापनि आवश्यकता अनुरुप जुनसुकै समयमा पनि दाइजो दिन सकिन्छ । दाइजो नगद वा जिन्सी जुनसुकै पनि हुन सक्छ । बोटे जातिको विवाहमा देखिएका विविध परिवर्तनहरु मध्ये दाइजो प्रथालाई पनि लिन सकिन्छ । पहिला सगुन लिने प्रचलन रहेपछि दाइजो लिने प्रचलन त्यति थिएन । तर वर्तमानमा सम्मिश्रित बस्तीका रुपमा रहेको बोटे बस्तीमा पनि दाइजो प्रथाले स्थान पाउन थालेको छ । सगुन प्रथा र तिलक प्रथा जस्तै दाइजो प्रथा पनि विद्यमान रहेको नेपाली समाजको कुप्रथाले बोटे जातिलाई पनि गाँज्न थालेको छ । अन्य जातजातिको संस्कृतिकरण र आधुनिकीकरणका कारण बोटे समाजमा पनि दिनानुदिन प्रश्रय पाउदै गएको दाइजो प्रथाले बोटे समुदायमा महत्वपूर्ण स्थान ओगटी परम्परागत विवाह पद्धतिमा परिवर्तन ल्याएको निष्कर्ष स्थलगत सर्वेक्षणद्वारा निकालिएको छ । जसलाई चित्रद्वारा प्रस्तुत गरिन्छ ।




**चित्र ६.४ दाइजो प्रथा रहेको नरहेको आधारमा उत्तरदाता**

श्रोतः स्थलगत सर्वेक्षणः २०७१ ।

माथिको चित्र ६.४ मा विवाहमा दाइजो प्रथा रहेको कुरा ७०% ले व्यक्त गरेका छन् । भने ३० प्रतिशतले दाइजो प्रथा नभएको वताए । जुन प्रथाले विवाह प्रणालीमा परिवर्तन ल्याएको देख्न सकिन्छ । निष्कर्षमा भन्दा सगुन प्रथा पहिलाको अनुपातमा घटेको भएपनि दाइजो प्रथाले महत्वपूर्ण स्थान ओगटेको देख्न सकिन्छ ।

### वैयक्तिक अध्ययन २

*वैयक्तिक अध्ययन २ का पुरुष क्यामिन ९ बोटेटार निवासी धन बहादुर बोटेका छोरा, हरि बोटे हुन । २०४३ सालको जन्म बताउने हरिको प्रेम विवाह १७ बर्षको उमेरमा भुर्कोट निवासी रामु बोटेकी छोरी गोरी बोटे सँग भएको थियो । उनको सन्तानका रुपमा दुई छोरा र एक छोरी छन् । उनको तिनै वटा सन्तान नजिकैको पञ्चज्योति प्रा.वि. मा पढ्दछन् । हरिले दुई छोरा भन्दा छोरीको पढाइ राम्रो बताए । किन प्रेम विवाह गर्नु भयो ? भन्ने प्रश्नमा प्रेम विवाह नै जीवनभर सुखमय रमाइलो हुने कुरा हरि बोटे मुस्कुराउँदै बताउँछन् । भागी विवाह नाता भित्र गर्नु भयो र ? भनी शोधदा नाता बाहिर गरेको बताए । दाइजो प्रथा मन नपराउने हरिले सगुन प्रथालाई भने राम्रो, व्यवहारिक र सँस्कृतिमूलक बताए । परिवार कसरी पाल्नु भएको छ भनी शोधदा श्रीमती खेती गर्ने र आफू कतार गएर दुःख पाएको अनि कहिल्यै नजाने निर्णय गरी गाउँघरमा कहिले माछा मार्ने, कहिले ज्याला मजदुरी गर्ने गरी परिवार पालन पोषण गर्ने वताए ।*

*दाइजो प्रथा वढ्दै गएको अवस्थालाई चिन्ता गर्दै हारिबोटेले वैवाहिक कार्यक्रम खर्चिलो र तडक भडक हुँदै गइरहेको बताए । हुनपनि दाइजो प्रथालाई कुप्रथाको रुपमा जतिसुकै व्याख्या गरिएपनि बोटे जस्तो निम्न वर्गिय जातिमा दाइजो प्रथा बढ्दै जानु उनीहरुको विवाह पद्धतिमा आएको मुख्य परिवर्तनहरु मध्ये एक हो ।*

## ६.७. विवाहमा गरीने खर्च

बोटे जातिको विवाहमा सामान्य रुपमा खर्चमा पनि बृद्धि भएको देख्न सकिन्छ । पहिला ३ देखि ८ हजारसम्म खर्च हुने गरेकोमा समय परिवर्तन हुँदै जाँदा खर्चमा पनि बृद्धि भई ९ देखि १४ हजार खर्च हुन थालेकोमा अझ वृद्धि भएर १५ देखि २० हजार सम्म हुन खर्च हुन थालेको निष्कर्ष निकालिएको छ । अझ केही सक्षम मानिसले उक्त खर्चलाई बढावा दिदै आएको पाइएको छ । विवाहमा आएका परिवर्तन एवम् विवाहमा प्रभाव पार्ने कारक तत्व मध्ये खर्चलाई सर्वोपरि ठान्दै तालिकाद्वारा यसरी प्रस्तुत गरिएको छ ।

तालिका ६.२ विवाहमा गरीने खर्चका आधारमा उत्तरदाता

| बोटे जातिको विवाहमा खर्च | उत्तरदाताको संख्या | प्रतिशत |
| --- | --- | --- |
| ३-८ हजार | ९ | १५ |
| ९-१४ हजार | ४० | ६६.७ |
| १५-२० हजार | २ | ३.३ |
| २१ देखि माथि | १ | १.७ |
| थाहा छैन | ८ | १३.३ |
| जम्मा | ६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

नोट :- समूहगत छलफलबाट पहिले र अहिलेको विवाहमा हुने गरेको लगभग हुन जाने खर्चको आधारमा यो रकमस्तर राखिएको हो ।

तालिका ६.२ मा केहीले ३ देखि ८ हजार सम्म र धेरै मात्रामा ९ देखि १४ हजार खर्च हुने पाइए पनि सक्षम परिवारले १५ देखि २० हजार र सो भन्दा पनि माथि खर्च गर्ने गरेका छन् । यसरी खर्चको मात्रामा आएको वृद्धिले गर्दा पनि विवाहमा परिवर्तन आएको देखिन्छ ।

## वैयक्तिक अध्ययन ३


*वैयक्तिक अध्ययन ३ की महिला ५२ वर्षकी मुरली बोटे हुन् । उनी निरक्षर हुन् । उनको जन्म देवघाट तनहूँमा भएको थियो । २०३६ सालमा भागी विवाह गरेकी रहिछन् । देवघाट फुपूको घर भएकोले फुपूको घर आउँदा जाँदा फुपूकै छोरासँग बोलचाल, भेटघाटले निरन्तरता पाउँदा हितचित्त मिलेर प्रेम भई भागेर विवाह गरेकी रहिछन् । उनको भागी वा प्रेम विवाह गर्दा उनी १७ बर्ष र उनको श्रीमान १९ बर्षका रहेछन् । उनको श्रीमान् क्यामिन ९ बोटेटार निवासी सेते बोटेका छोरा जगत बोटेसँग भएको भागी विवाहमा उनलाई पछुतो छैन ।* उनी हाँस्दै भन्छिन, *"हाम्रो भागी विवाह भएपनि आजसम्म मन मिलेकै छ ।"* उनको तीन छोरी र २ छोरा मध्ये जेठी र माइली छोरी निरक्षर छन् भने कान्छी छोरी र दुई छोरा ७ कक्षा सम्म पढेका छन् । उनको विवाह कालदेखि मुरली बोटेले

वर्तमानमा आईपुग्दा विवाह प्रक्रियामा धेरै परिवर्तन आएको कुरा बताइएकी छन् । उनले सगुन प्रथालाई राम्रो भनिन् भने दाइजो प्रथालाई नराम्रो मानिन् ।

विवाहमा आएको मुख्य परिवर्तन के हो ? भनी शोधदा खर्च वृद्धि भएको बताइन् । खर्च वढनुको कारणहरु के के हुन् ? भनी गरिएको प्रश्नमा उनले दाइजो, प्रथा गहनापात, भोज भतेरमा अलि वढी तडकभडक बढ्न थालेको बताइन् । उनको समयमा विवाह खर्च अत्यन्त कम बताउने मुरली हाल खर्चमा परिवर्तन आएको देखेर दंग पर्छिन । पहिले पहिले तीनहजार पैतीस सयले सम्पन्न हुन्थ्यो भने अहिले पच्चीस तीसहजारले पनि नपुग्ने बताउँछिन् ।

## ६.८. संस्कृतिकरण वा एकल्चराइजेसन

कुनै एक जातिको संस्कृतिको प्रभाव अर्को जातिले अनुसरण गर्ने प्रकृयालाई संस्कृतिकरण वा संस्कृताइजेशन भनिन्छ । बोटे जातिमा पनि संस्कृतिकरणको प्रभाव देख्न सकिन्छ । सम्मिश्रीत ग्रामीण परिवेशमा रहेका बोटे जातिहरुलाई अन्य जातिले पनि बोलाउने गरेकाले संस्कृतिकरणको प्रभाव पर्दै जाँदा दाइजो प्रथा बढ्दै गएर विवाह पद्धतिमा परिवर्तन आएको छ ।




**चित्र ६.५ संस्कृतिकरणको प्रभावका आधारमा उत्तरदाता**

श्रोतः स्थलगत सर्वेक्षणः २०७१

चित्र ६.५ ले विवाहमा संस्कृतिकरणको प्रभाव परेको छ ? भनी गरिएको प्रश्नमा ४६ जना उत्तरदाताले परेको छ भन्ने उत्तर दिए भने बाँकी १४ जनाले परेको छैन भन्ने उत्तर

दिएको पाइयो । जसबाट धेरै थोरै मात्रामा भने पनि संस्कृतिकरणको प्रभाव बोटे समुदायको विवाहमा परेको एकिन गर्न सकिन्छ ।


### वैयक्तिक अध्ययन ४

*वैयक्तिक अध्ययन ४ की ४१ वर्षीय जुठीमाया बोटेको जन्म क्यामिन ९ निवासी पिता समाने बोटे र माता अतिरुपाका कोखबाट भएको हो । ६ छोरीकी आमा जुठीमाया आफू निरक्षर भएकाले छोरीहरुले पढून् भन्ने चाहेपनि छोरीहरुले प्रेम विवाह गरेर गइसकेको बताउँछिन् । आमाबाबुको इच्छानुसार मात्र विवाह गरेकी जुठीमायाले आजभोलि प्रेम विवाह बढेको बताएकी छन् । प्रेम विवाह मात्र होइन वैवाहिक कार्यक्रममा गरिने जन्त जाने प्रक्रिया, सगुन प्रथा, दाइजो, खर्च आदि सबैमा परिवर्तन भएको ठम्याइ उनको रहेको छ ।*

विवाहमा आएको मुख्य परिवर्तन के हो ? भनि शोध्दा जुठिमायाले विभिन्न जातका छिमेकीहरुको विवाहमा आवतजावत चाडपर्व आदिको प्रभावलाई विवाहमा आएको परिवर्तन बताइन । आजभोलि समिश्रीत बस्ती भएको र आफूहरु पनि अन्य जातजातिको विवाहमा संलग्न हुने र अरुलाई पनि बोलाउने हुनाले यी सबै कुरामा परिवर्तन आएका हुन् भन्ने विचार व्यक्त गर्दछिन् ।

## ६.९. जन्त जाने परम्परा

विवाहमा दुलाहासँगै केटा तर्फबाट सामेल भएर दुलहीको घरजाने प्रचलनलाई जन्त भनिन्छ । बोटे जातिको विवाहमा आएका धेरै परिवर्तन मध्ये जन्त प्रकृयालाई पनि मान्न सकिन्छ । पहिला महिलाहरु जन्त जात भएतापनि नन्द, भान्जी निकै नजिकका महिला नातदारमात्र जन्त जान्थे । अहिले प्रायः धेरै जसो महिला जन्त जाते गरेको पाइएको छ । उक्त जानकारीका लागि महिला जन्त जान्छन कि जादैनन्? भनी गरिएको प्रश्नलाई चित्रद्वारा यसरी प्रस्तुत गरिएको छ ।




**चित्र ६.६ महिलाहरु विवाहमा जन्त जान नजाने आधारमा उत्तरदाता**

श्रोतः स्थलगत सर्वेक्षणः २०७१

उक्त प्रश्नबाट बढी जानकारी हासिल गर्न पहिला केटीहरु जन्त जान्थे कि जादैनथे भनी प्रश्न गर्दा जान्थे भन्ने उत्तर आएपनि पहिला मात्र नजिकका नातेदार महिला जाने र वर्तमानमा अन्य महिलाहरु पनि जन्त जान थालेको निष्कर्ष निकालिएको छ । तसर्थ जन्त जाने प्रकृयालाई पनि विवाहमा आएको परिवर्तन मान्न सकिन्छ ।

## ६.१० पेशा/व्यवसाय

बढदै गएको आधुनिकीकरणले पेशा परिवर्तनमा महत्वपूर्ण भूमिका हुन्छ । त्यस्तै बोटे जातिको विवाहमा परिवर्तन आउनुमा पनि पेशाले कति महत्वपूर्ण भूमिका खेलेको छ भन्ने निर्क्यौल गर्न तपाईको पेशा क हो ? भनेर राखिएको प्रश्नमा मात्र तीन जनाले नोकरी गरेको र आठ जना अन्य पुर्ख्यौली पेशा र अन्य काममा सहभागी भएको देखियो भने व्यापारमा कसैको पनि संलग्नता देखिएन । बढी मानिसहरु कृषि पेशामा आवद्ध भएको देखियो । यसरी पेशाले पनि मानव मानसिकतामा परिवर्तन आएको बुझ्न सकिन्छ । उक्त संलग्नतालाई तालिकाद्वारा यसरी प्रस्तुत गर्न सकिन्छ ।

तालिका ६.३  पेशाको आधारमा विवाहमा आएको परिवर्तन

| उत्तरदाताको पेशा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४० | ६६.७ |
| ज्याला मजदुरी | ५ | ८.३ |
| जागिर | ३ | ५ |
| माछा मार्ने | १० | १६.७ |
| कृषि र ज्यालामजदुरी | १ | १.७ |
| ज्यालामजदुरी र माछा मार्ने | १ | १.७ |
| जम्मा | ६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षणः २०७१

तालिका ६.३ लाई मध्यनजर गर्दा बोटे जातिमा परम्परागत पेशालाई अवलम्वन गर्ने मानिस ज्यादै न्युन रहेको देखाएको छ । यसरी पेशा परिवर्तन गर्नमा आधुनिकीकरणले महत्वपूर्ण भूमिका खेलेको छ । आधुनिकीकरणको कारण पेशामा पर्दै गएको संकटले यस्तो स्थिति ल्याएको ठहर छ। त्यस्तै बोटे जातिमा लैङ्गिक विभेदता पनि विद्यमान देखिन्छ।

## वैयक्तिक अध्ययन ५

*व्यास नगरपालिकाको वैरेनीमा जन्म भएका वर्ष ६६ का पुरुष दुखिरामका अनुसारः उनको विवाह शिशाघाँट निवासी धुम्से बोटेकी छोरी अतिरुपासँग १७ बर्षको उमेरमा मागी विवाह भएको थियो । त्यतिवेला उनकी श्रीमती अतिरुपा १२ बर्षकी मात्र थिइन् । उनका ६ सन्तान छन् । हाल उनको परिवारमा श्रीमती र आफूमात्र छन् । छोरीहरुको विवाह भई सकेको र छोराहरु विवाह गरेर छुट्टै वसेका छन् । उनका छोराहरु सामान्य साक्षर र छोरीहरु निरक्षर छन् । उनको पेशा माछा मार्ने काम र खेतीपाती हो । त्यो समयमा बोटेजातिको पेशा डुङ्गा तार्नु र माछा मार्नु मात्र रहेछ । उनीहरु आफ्नै खेतवारीमा पनि खेतीपाती गर्दा रहेनछन् । हाल पुल पुलेसा निर्माण एवम् माछा मार्ने विद्युतीय धरापका कारणले गर्दा पुर्ख्योली पेशाबाट जीवनयापन गर्न कठिन हुने भएकाले उनले माछा मार्ने र कृषि कार्य दुवै अवलम्बन गरेका रहेछन् ।*

मागी विवाह मन पराउने दुखिराम बोटे बढ्दै गएको प्रेम विवाह नै बोटे जातिको विवाह पद्धतिमा आएको मुख्य परिवर्तन हो भनि आफ्नो दुःखेसो पोखे । प्रेम विवाह बढ्नुको मुख्य कारण के हो भनी शोधदा पेशामा आएको परिवर्तनको महत्वपुर्ण भुमिका वताए । पुर्ख्यौली पेशामा भन्दा अन्य पेशामा केटाकेटीले सँगै काम गर्ने अवसर मिल्ने र केटा केटीसँगै काम गर्दा एकअर्कालाई वुझ्ने अवसर पाउने, हित्तचित्त मिल्ने हुनाले प्रेम विवाह साथ साथै परम्परागत मागी विवाहमा परिवर्तन आएको कुरा उनले बताए ।

बोटेजातिको परम्परागत पेशाले जीवन धान्न गाह्रो भएपछि उनीहरुको पेशामा परिवर्तन आएको छ । कृषि, ज्यालामजदुरी, रोजगारी, विदेश पलायन तर्फ बोटेहरु विस्तारै उन्मुख हुँदै गएका छन् । ज्यालामजदुरी एवम् मेलापात गर्दा केटाकेछीहरुले सँगै काम गर्ने अवसर मिल्ने हुँदा एकअर्कामा घुलमिल बढ्दै जादा मायाप्रेम पनि बढ्दै जाने हुनाले मागी विवाहमा परिवर्तन आइ प्रेम विवाह बढ्दै गएको प्रष्ट देखिन्छ ।

### ६.१०.१. आधुनिकीकरणले बोटे जातिको पेशामा ल्याएको परिवर्तन

बढ्दै गएको आधुनिकीकरणले बोटे जातिले परम्परागत पेशा छाड्दै गएको देखिन्छ । माछा मार्ने डुंगा तार्ने जस्ता काममा संलग्न बोटे जातिहरुको पेशामा आधुनिकीकरणका नाममा बनेका पुल पुलेसा एवम् माछा मार्न प्रयोग गरीने विद्युतिय धरापले धारासायी बन्दै गएको पुर्ख्यौली पेशालाई त्यागेर अन्य पेशाहरु अवलम्बन गरेका छन् । बत्ति मुनिको अँधेरो भने जस्तै सदरमुकामको नजिक भएर पनि शिक्षामा अधि बढ्न नसकेका बोटे समुदायले कृषि, ज्यालामजदुरी, जागिर र विदेश पलायन हुने जस्ता नविन पेशाहरु अवलम्बन गरेका छन् । जसलाई तालिका नं. ६.२ ले प्रष्ट्याएको छ ।

### वैयक्तिक अध्ययन ६

*वैयक्तिक अध्ययन ६ की महिला क्यामिन वर्डा नं. ९ निवासी २६ वर्षीय विवाहित महिला हुन् । उनको जन्म २०४५ साल तनहूँको देवघाटमा वावु लक्ष्मण बोटे र आमा मंगली बोटेका कोखबाट भएको थियो । उनको विवाह १७ बर्षको उमेरमा क्यामिन ९ निवासी आइते बोटेसँग वि.स. २०५८ सालमा भएको थियो । उनका २ छोरा र २ छोरी छन् । उनका छोरा छोरीहरु नजिकैको पञ्चज्योति प्रा.वि. मा अध्ययनरत छन् । केटीकेटीहरुलाई पढ्नका लागि स्कूल पठाए पनि पढाइमा ध्यान नदिने कुरा बताउँछिन् । उनको पेशा कृषि हो । उनका श्रीमान् पनि कृषि पेशामा आवद्ध छन् । उनीहरुको पूर्ख्यौली*

*पेशा माछा मार्ने डुङ्गा तार्ने भएता पनि हाल बढ्दै गएको पुल पुलेसा निर्माण एवम् विद्युतीय धरापले गर्दा उक्त पेशाले जीवन धान्न गाह्रो हुने ठहर छ । उनका अनुसार उनी सानो छँदा आफूहरुले आफ्नै खेतवारीमा खेती नगर्ने अन्य जातजातिका मानिसलाई अधिँयामा दिने चलन रहेको बताउँछिन् । तर आजभोलि आफ्नो खेतबारीको उब्जनीले मात्र बर्ष धान्न नपुग्ने हुँदा अरुको खेतवारीमा पनि खेतीपाती गर्ने गरेको बताउँछिन् ।*

बढ्दै गएको आधुनिकीकरण एवम् नदिमा पुल निर्माण, माछा मार्ने विद्युतिय धराप आदिले बोटेजातिको परम्परागत पेशा विस्तापित हुँदै गएकाले उनीहरुको पेशामा परिवर्तन आएको छ । उनीहरु कृषि, ज्यालामजदुरी, जागिर तथा विदेश जाने काम तर्फ लागि परेका छन् ।

## ६.१०.२. बोटे जातिको पेशामा परिवर्तन आउनका कारण

कुनै पनि व्यक्तिले आफ्नो जीवीकोपार्जनका निम्ति संचालन गरीने व्यवसायलाई पेशा भनिन्छ भने दिनानुदिन बृद्धि हुँदै गएको जीवनशैली वा चिन्तन शैलीलाई आधुनिकता पनि भनिन्छ । यहि आधुनिकताका कारणले मानवको सोच कार्यशैलीमा पनि फरकपन भेटिन्छ । त्यस्तै बोटे जातिको परम्परागत पेशामा पनि परिवर्तन आएको पाइन्छ । यसरी पेशामा के कति कारणले परिवर्तन आएको हो भनि बुझ्न के पेशामा परिवर्तन आएको छ ? आएको छ भने पेशामा परिवर्तन आउनाका कारणहरु के के हुन्? भनि गरिएको अध्ययनले यस्तो निष्कर्ष निकालेको छ जसलाई तालिकाद्वारा प्रस्तुत गरिन्छ ।

**तालिका ६.४ बोटे जातिको पेशामा परिवर्तन आउनाका कारण उत्तरदाताको आधारमा**

| पेशामा परिवर्तन आउनाका कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशाले जीविकोपार्जन गर्न कठिन | ३४ | ५६.७ |
| चेतनाको वृद्धि | १ | १.७ |
| आधुनिकताले परम्परागत पेशा संकटमा पर्नु | ७ | ११.७ |
| परम्परागत पेशा मन नपर्नु | ४ | ६.७ |
| * परम्परागत पेशा नै गर्दै गरेका | ३ | ५ |
| अन्य | ११ | १८.३ |
| **जम्मा** | ६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षणः २०७१

तालिका ६.४ बाट यो प्रष्ट हुन्छ कि ९५% मानिसले पेशा परिवर्तन गरेको र ५% मानिसले मात्र परम्परागत पेशा अवलम्बन गरेको निष्कर्ष निकालिएको छ । यसरी पेशामा परिवर्तन आउनमा परम्परागत पेशाले जीवीकोपार्जन गर्न कठिन हुनुका साथै चेतनाको बृद्धिले पनि उक्त पेशा छाडेका छन् । वर्तमानमा आधुनिकिकरणबाट बन्दै गएको पुल एवम् आधुनिक संसाधनको निर्माणले परम्परागत पेशा संकटमा परेकोले उक्त पेशा छाडेको पाइएको छ । त केही व्यक्तिहरुले परम्परागत पेशा मन नपरेको कारण लगायत अन्य धेरै कुराहरुले बोटे जातिको पेशामा परिवर्तन आएको छ ।

## ६.११ बोटे जातिको विवाहमा परिवर्तन ल्याउने कारक तत्वहरु

परिवर्तन अवश्यम्भावी कुरा हो । एक पटकको कुरा सधै यथावत रुपमा रहिरहन्छ भने विकासको मुहान सुक्छ । तसर्थ समाज विकासका निम्ति पनि परिवर्तन आवश्यक छ । प्रत्येक समाजमा कुनै न कुनै कुरा परिवर्तनशील बनेर अगाडि बढेको देखिन्छ । त्यस्तै समाजमा देखिएका विविध परिवर्तनहरु मध्ये बोटे जातिको विवाहमा आएका परिवर्तनलाई पनि लिन सकिन्छ । उक्त परिवर्तन ल्याउने कारकहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

**शिक्षा र ज्ञानको वृद्धि :-** मानव जाति सामाजिक प्राणी हो । समाजमा बस्दा उसले धेरै ज्ञान आर्जन गरेको हुन्छ भने केही ज्ञान अरुलाई पनि प्रदान गरेको हुन्छ । यसरी ज्ञान लिने र दिने क्रममा देखासिकी गर्ने क्रममा नै केही कुरालाई छाड्दै केही नयाँ कुरा अवलम्बन गर्दै जान्छ । त्यसैले बोटे जातिको विवाहमा पनि परिवर्तन आएको पाइन्छ । यसरी परिवर्तन आउनुको मुख्य कारणमा शिक्षा र ज्ञानको बृद्धिलाई लिन सकिन्छ । शिक्षाकै माध्यमबाट बोटे जातिको विवाहमा विद्यमान चर्को सगुन प्रथामा पनि कमि आएको देख्न सकिन्छ ।

**रोजगारी :-** बोटे जातिको विवाह पद्धतिमा परिवर्तन ल्याउने तत्वका रुपमा रोजगारीलाई पनि लिन सकिन्छ । बोटे जातिको परम्परागत पेशा माछा मार्नु, डुंगा तार्नु र वालुवा चालेर सुन निकाल्नु हुन भने माछा मार्ने डुंगा तार्ने र सुन निकाल्ने व्यवसाय अवलम्बन गर्दा उनीहरुको सम्पर्क विशेषतः आफ्नो समाज र टोलमा हुने हुँदा बाह्य समाजसँग सम्पर्क थिएन जसले गर्दा आफ्नो संस्कृति एवम् परम्परामा के कस्ता नराम्रा तत्वहरु विद्यमान

छन ? भन्ने बारेमा जानकारी नभएकोले विवाहमा परम्परागत मूल्य मान्यता यथावत थिए तर आजभोली आफ्नो पुरानो पेशालाई त्यागेर नयाँ नयाँ पेशाको खोजीमा घर बाहिर जानाले नयाँ नयाँ संस्कृति, विचार र सुझको बृद्धि भएको छ । साथै रोजगारीले गर्दा पनि विवाहमा परिवर्तन आएको छ ।

**सिको वा एकल्चराइजेसन** :- मानिस सचेत प्राणी भएकाले उसको सोच अन्य प्राणीको भन्दा उच्च तहको मान्न सकिन्छ । समाजमा सँगै रहदा बस्दा अरु समुदायका मानवहरुको व्यवहारबाट प्रभावित बन्न पुगी अरुको संस्कृति बानी आदिको सिको गर्न पुग्छ । फलस्वरुपः नयाँ संस्कृति वा एकल्चराइजेशन प्रक्रियाबाट नयाँ संस्कृतिले जन्म लिन पुग्छ । नयाँ संस्कृतिको जन्म पछि उसको समाजमा गरिने विभिन्न संस्कृतिहरुमा पनि परिवर्तन हुन्छ । बोटे जातिको विवाह संस्कारमा परिवर्तन आउनुका कारण मध्ये अरुको सिको गर्ने प्रक्रिया वा एकल्चराइजेशन प्रक्रिया मानिन्छ ।

**वर्तमानको बदलिदो परिस्थिति** :- वर्तमानको बदलिँदो परिस्थितिले पनि विवाह प्रक्रियामा परिवर्तन ल्याएको देख्न सकिन्छ । वर्तमान स्थितिमा महँगी बढेका कारणले पनि मागी विवाह विस्तारै विस्थापित हुँदै गएको देखिन्छ । तसर्थ विवाह प्रणालीमा परिवर्तन ल्याउने कारकका रुपमा वर्तमानको बदलिँदो परिस्थितिलाई पनि उल्लेख्य कारकका रुपमा लिइएको छ ।

यसरी प्रत्यक्ष रुपमा स्थलगत भ्रमणमा गएर प्रत्यक्ष उत्तरदातालाई विवाह पद्धतिमा परिवर्तन ल्याउने कारकका रुपम शिक्षा र ज्ञानको वृद्धि, अरु जातिको प्रभावका साथै वर्तमान बदलिँदो परिस्थितिलाई लिइएको पाइन्छ । जसलाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

**तालिका ६.५ विवाह प्रक्रियामा परिवर्तन ल्याउने कारक तत्वहरु उत्तरदाताको आधारमा**

| विवाह प्रक्रियामा परिवर्तन ल्याउने कारक तत्वहरु | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा र ज्ञानको वृद्धि | १५ | २५ |
| अरु जातिको प्रभाव वा संस्कृताइजेशन | १७ | २८.३ |
| वर्तमानको बदलिदो परिस्थिति | १३ | २१.७ |
| रोजगारी | १५ | २५ |
| **जम्मा** | ६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण : २०७१

तालिका ६.५ मा बोटे जातिको विवाह पद्धतिमा परिवर्तन ल्याउने कारक तत्व के के हुन भनि गरिएको प्रश्नमा १५ जना वा २५% ले शिक्षा र ज्ञानको वृद्धिलाई प्रमुख कारण मानेका पाइयो । १७ जना वा २८.३% ले अरु जातजातिको प्रभावबाट वा कल्चराइजेशन प्रक्रियाबाट विवाह पद्धतिमा परिवर्तन आएको कुरा उल्लेख गरेका छन् । १३ जना वा २१.७% ले वर्तमानको बदलिदो परिस्थितिले विवाहमा परिवर्तन ल्याउको बताउछन् । त्यस्तै गरी १५ जना वा २५% ले रोजगारीलाई विवाहमा परिवर्तन ल्याउने कारक तत्वको रुपमा उल्लेख गरेका छन् ।

## ६.१२. बोटेजातिमा पारपाचुके र पुनः विवाह

पारपाचुके शब्दको अर्थ विवाहित जोडीमा कुनै एक वा दुवैको कारणले पटक्कै मन नमिलेको अवस्थामा श्रीमान श्रीमतिको सम्बन्धलाई जीवनभर पूर्णविराम लगाई आफूखुशी अलग जीवन विताउने अवस्था हो । जसलाई छोडपत्र शब्दले सजिलै बुझिन्छ बुझाइन्छ । यसरी दाम्पत्य जीवन छुटाइएको कानुनी सम्झौता पत्रलाई पारपाचुके वा छोडपत्र गरिएको मानिन्छ । पुनःविवाह शब्दले दोस्रो विवाहलाई बुझाउँदछ । पहिलो श्रीमति हुँदाहुँदै वा मरेपछि वा पहिला गएपछि वा पारपाचुके भएपछि गरिने दोस्रो वा तेस्रो विवाहलाई पुनःविवाह भनिन्छ । अन्य जातीय समाजमा पारपाचुके प्रथा र पुनःविवाह विद्यमान रहेकोले मिश्रीत समाजका रुपमा बसोबास गर्ने बोटे जातजातिमा यसको प्रभाव परेको छ या छैन भनेर निर्क्यौल गर्न बोटे जातिमा पारापाचुके प्रचलन छ कि छैन भनेर गरिएको प्रश्नमा औपचारिक रुपमा पारापाचुके प्रचलनले स्थान नओगटेको अवगत हुन आयो । यसरी विवाहकै क्रममा गरिएको स्थलग सर्भेक्षण अनुसार औपचारिक रुपमा पारापाचुकेले प्रश्रय नपाए पनि पुनः विवाह वा दोस्रो विवाहको प्रचलन भने विरलै पाइयो ।

**तालिका नं. ६.६ पारपाचुके र पुनः विवाहको आधारमा उत्तरदाता**

| तपाइको समाजमा पुनः विवाहलाई कस्तो रुपमा लिइन्छ ? | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ३१ | ५१.७ |
| नराम्रो | २७ | ४५ |
| अनुत्तरित | २ | ३.३ |
| **जम्मा** | **६०** | **१००** |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१

पुन विवाहको प्रचलनले प्रश्रय नपाए पनि पुनः विवाहप्रति बोटे समुदायको विचार बुझ्न बोटे समुदायमा पुनः विवाहलाई कस्तो रुपमा लिइन्छ भनेर राखिएको जिज्ञासामा धेरैले राम्रो मानेको पाइयो । ६० जनामा गरिएको स्थलगत सर्वेक्षणमा ३१ जनाले पुनः विवाहलाई राम्रो २७ जनाले नराम्रो र बाँकी २ उत्तर अनुत्तरित पाइयो । यसरी राखिएको विकल्प मध्ये पुनः विवाहलाई उक्त समाजमा अति राम्रो मानिएको भने पाइएन । जसलाई तालिकाद्वारा यसरी प्रस्तुत गर्न सकिन्छ ।

# अध्याय सात

## सारांश, निष्कर्ष एवम् सुझाव

### ७.१ सारांश

नेपाल बहुजातीय, बहु भाषिक, बहु साँस्कृतिक, मुलुक हो, यहाँ विभिन्न आर्थिक, सामाजिक, साँस्कृतिक विविधता भएको मानिस बसोवास गर्दछन् । यी मध्ये लोपोन्मुख जनजातिको रुपमा रहेको बोटे जाति, पनि एक हो । हिन्दु वर्णानुक्रममानुसार पानी चल्ने दासदासीका रुपमा राख्न मिल्ने जातका रुपमा रहेको पाइन्छ । बोटे जाति पनि परम्परागत रुपमा नै नदीका किनाराहरुमा वसोवास गर्दै आएका हुँदा यिनीहरुलाई आदिवासी जनजातिका रुपमा मान्न सकिन्छ । यिनहीहरु बौद्ध र हिन्दु धर्मावलम्वी दुवै किसिमका छन् । यिनीहरु आफ्ना संस्कारमा ज्वाँइ वा भाञ्जा वा दुवै बोलाई पूजा सम्पन्न गर्छन् । यस क्यामिन बोटेटारका बोटे जातिको विवाह प्रणालीको अध्ययन अनुसार पेशागत परिवर्तन आधुनिकीकरण शिक्षा, साँस्कृतिकरण जस्ता कुराहरुले विवाह प्रणालीमा पारेको प्रभाव पारेको देखिन्छ । जसले गर्दा विवाह प्रणालीमा परिवर्तन आएको पाइन्छ । यस जनजातिमा मागी विवाह र प्रेम विवाह विद्‌यमान रहेका छन् । लोपोन्मुख जनजातिका रुपमा रहेको बोटेजाति माछा मार्ने डुङ्गा तार्ने, सुन धुने जस्ता आफ्ना पुर्ख्यौली पेशालाई छाडेर कृषि, ज्यालामजदुरी, नोकरी जस्ता पेशामा आवद्‌ध रहेका छन् । अन्य जातजातिमा जस्तै यस जनजाति भित्र पनि लैङ्गिक असमानता झल्कन्छ । यस जनजाति भित्र पनि महिलालाइ निर्णयाधिकार दिइएको छन् ।

विवाह पद्‌धतिमा परिवर्तन हुँदै गएको बोटे जातिमा मागी विवाह गर्दा चर्को सगुन माग घटाएर सामान्य रुपमा परम्परा र संस्कृतिको जगेर्ना गर्ने हिसाबले सगुन प्रथालाई सामान्य पारिएको पाइन्छ । अर्कोतिर वर्तमानमा समिश्रित बस्तीका कारण सिको या विवाहमा अन्य जातिले बोटे जातिलाई र बोटे जातिले अन्य जातिलाई निम्तो गर्ने हुँदा संस्कृतिकरण र आधुनिधिकरणका कारण दाइजो प्रथा बोटे जातिको विवाहमा बढ्न थालेको देखिन्छ । अध्ययन क्षेत्रमा रहेको तनहुँ क्यामिन स्थित "तनहुँ क्यामिनका बोटे जातिको

विवाह पद्धति एक समाजशास्त्रीय अध्ययन" शीर्षक छनौट गरी त्यस स्थलका बोटे जातिका विवाह पद्धति सम्बन्धी अध्ययन गरिएको छ ।

छनोटमा परेको स्थल बोटेटारका बोटे जातिको सामाजिक आर्थिक अवस्था कस्तो छ ? विवाह पद्धति कस्तो छ? पहिलेको तुलनामा अहिले विवाह पद्धतिमा कस्तो परिवर्तन आयो? विवाहमा लैङ्गिक सहभागीता कस्तो छ? जस्ता समस्याहरुको पहिचान गरी उक्त समस्या पूर्ण गर्नको लागि बोटे जातिको विवाह पद्धति पत्ता लगाउनु, विवाह पद्धतिमा आएको परिवर्तनलाई विश्लेषण गर्नु, अन्य जाति र बोटे जातिको विवाह पद्धतिमा के कस्ता समानता एवम् विविधता खोजि गर्नु प्रमुख उद्देश्य रहेका छन् ?

मुख्य रुपमा बोटे जातिको वैवाहिक अध्ययनको लागि वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । लक्षित उद्देश्य हासिल गर्नको निम्ति तथ्याङ्कको प्रकृति, प्राथमिक तथ्याङ्कका विधिहरु मध्येका प्रमुख विधि अर्न्तवार्ता अनुसूचि, अवलोकन, वैयक्तिक अध्ययन जस्ता विधिहरु अपनाई उद्देश्यमुलक नमुना छनौट विधि अर्न्तगत कुल ६० जना उत्तरदातालाई चयन गरी तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गरिएको छ ।

## मुख्य प्राप्तिहरु

- बोटे जातिको विवाहमा पहिले सगुन प्रथा विद्यमान रहेकोमा अहिले विस्तारै सगुन प्रथा कम हुँदै गएर दाइजो प्रथामा बृद्धिहुँदै गएको पाइएको छ ।
- उत्तरदाताको विवाहमा खर्च ३-९ हजार सम्म हुने गरेकोमा बृद्धि हुँदै गएर २४-२५ सम्म पुगेको पाइयो ।
- सदरमुकामको निकटवर्ती क्षेत्र भएर पनि स्वास्थ्य सम्बन्ध सचेतन फैलिनसकेकोले अस्थायी शौचालयको समेत व्यवस्था हुन नसकेको पाइयो ।
- उत्तरदाता मध्ये ६७% निरक्षर ३३% साक्षर रहेको छन् जसले उत्तरदाताको समाजमा आज पनि "पढ्यो गुन्यो नकाम हलो जोत्यो मामै माम" भन्ने उक्ति चरितार्थ भएको पाइयो ।
- सिमान्तकृत वर्गमा परेको यो जनजातिमा आज पनि सरकारी पक्षबाट आफ्ना लागि के के कार्यक्रम आएको छन् भन्ने अवगत नभएको पाइयो ।

- उत्तरदाताहरुको विवाह पद्धतिमा परिवर्तन ल्याउन शिक्षा, पेशा, आधुनिकीकरण, लैङ्गिक, सहभागीता जस्ता कारक तत्वले प्रभाव पारेको पाइयो ।
- अध्ययन क्षेत्रमा जागिरको लागि  विदेश पलायन प्रवृत्ति बढ्दै जाँदा आर्थिकस्तरमा वृद्धि हुँदै गएको पाइन्छ ।
- उत्तरदाताले नातेदार भित्र विवाह हुन्छ वा बाहिर भनि गरिएको अध्ययनमा ७५% ले नातेदार बाहिर र २५% ले नातेदार भित्र विवाह गरेको पाइयो । जसले नातेदार भित्र विवाह हुने भएपनि थोरै मात्रामा नातेदार भित्र विवाह भएको पाइएको छ ।
- उत्तरदातामा ३२% मागी विवाह ६८% भागी विवाह भएको पाइएको छ जसले आजका पुस्ता मागी विवाह भन्दा प्रेम विवाह तर्फ आकर्षित भएको पाइयो ।
- ६० जना उत्तरदाताहरु मध्ये २ जनाको १० वर्षको उमेरमा, ११ जनाको ११ देखि १५ वर्षको उमेरमा, ३५ जनाको १६ देखि २० वर्षको उमेरमा, १० जनाको २१ देखि २५ वर्षको उमेरमा, ८ जनाको २६ देखि ३० वर्षमा र ५ जनाको ३० भन्दा बढि उमेरमा विवाह भएको निष्कर्ष निकालिएको छ ।
- अध्ययनका लागि छनोट गरिएका ६० जना उत्तरदाता मध्ये १.६६% को १० वर्षको उमेर समूह सम्म, ९.१६% को ११-१५ वर्ष सम्म, ५१.६६% को १६-२० वर्ष सम्म, २६.६६% को २१-२५ वर्ष सम्म, ६.६६ को २६-३० वर्ष सम्म र ४.१६% को ३० वर्ष भन्दा माथि उमेर समूहमा विवाह भएको पाइयो । जसबाट १६-२० वर्ष उमेर समूहमा सबैभन्दा बढि र १० वर्ष उमेर समूहमा सबैभन्दा कम विवाह भएको पाइएको छ ।
- मागी विवाह मन पराउनुमा ६०% ले संस्कृतिलाई नै निरन्तरता प्रदान गर्नुका साथै इज्जतमा वृद्धि हुनु, १५% ले रमाइलो हुने, १८.३% ले आफन्तहरु खुसी हुने हुनाले ६.७% ले प्रेम विवाहमा स्थायी घरबार नहुने डरले भन्ने उत्तर दिएको पाइएको छ । तसर्थ धेरैले मन परेर भन्नु भन्दा पनि संस्कृतिलाई निरन्तरता दिनका लागि मात्र मागी विवाह गरेको पाइयो ।
- उत्तरदातामा प्रेम विवाह मन पर्नका कारण के हुन भनी गरिएको प्रश्नमा ३६.७% ले दुवैको मन मिल्ने, १६.७% ले परिवार सुखी हुने, १०% ले दुवैको वानी व्यवहार बुझिने, १३.३% ले माया प्रेम गाढा हुने र २३.३% ले खर्च कम हुन्छ भन्ने धारणा राखेको पाइयो ।

- आफ्नो इच्छानुसारको जीवन साथी चयन गर्न पाइने हुनाले प्रेम विवाह मन पराएको भन्ने तथ्य पाइयो दाम्पत्य जिवनमा दुवैका मन मिल्नु भन्ने सबैभन्दा ठुलो कुरा हो, धन भएपनि मन मिलेन भने दुःख हुन्छ जस्ता  तथ्यहरु पा इयो ।

उत्तरदातामा वैवाहिक निर्णयमा महिलाको सहभागीता कतिको रहेको छ भनि निर्क्योल गर्न गरिएको अध्ययनमा ८५% ले नगराइने र १५% ले गराइने व्यक्त गरेका छन्, जसबाट अन्य समाजमा जस्तै उत्तरदाताको समाजमा पनि महिलालाई निर्णयाधिकार प्रदान नगरेका पाइएको छ ।

## ७.२ निष्कर्ष

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल तनहूँ जिल्ला क्यामिन ९ बोटेटार बस्ने बोटे जातिका आफ्नै परम्परागत सामाजिक सांस्कृतिक विशेषताहरु छन् । यो जाति आर्थिक एवम् शैक्षिक दृष्टिकोणले अति विपन्न वर्गमा परेतापनि परम्परा, भाषा एवम् संस्कृतिका दृष्टिले सम्पन्न रहको पाइयो ।

प्रकृतिका पुजक मानिने बोटेहरुको जीवनचक्र वा विविध संस्कारहरुलाई हेर्दा वर्तमान अवस्थामा पनि परम्परागत रुपमा नै रहेका आभाष हुन्छ । वर्तमानमा शिक्षा, स्वास्थ्य, यातायात तथा सञ्चारको क्षेत्रमा प्रगति हुँदै गएता पनि बोटे जातिको आर्थिक स्थितिमा सन्तोषजनक रुपमा प्रगति हुन सकेको छैन । आधुनिकिकरणको प्रभाव र अन्य जातिको सम्पर्क एवम् देखासिकीले बोटे जातिको मौलिक परम्पराहरु धेरथोर प्रवाहित भएतापनि बोटे जातिका मानिसका लागि जीवनयापन अझै कष्टकर पाइयो । २०५८ को जनगणना अनुसार नेपाल अधिराज्यको कुल जनसंख्याको ०.०६१ प्रतिशतमात्र बोटे जातिको कुल जनसंख्या थियो भने २०६८ को जनगणना अनुसार कुल जनसंख्याको ०.०४ प्रतिशत मात्र रहेकाले जनसङ्ख्याको दृष्टिकोणमा क्रमिक घट्दो प्रक्रिया देखिनाले यो जाति लोपोन्मुख अवस्थामा देखिन्छ ।

अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्क अनुसार धेरैजसो उत्तरदाताले मागि विवाहनै मन पराउने पाइएता पनि बढ्दो आधुनिकीकरणले गर्दा भागी वा प्रेम विवाहको क्रम बढ्दो देखिन्छ । नेपाली समाजमा भागी वा प्रेम विवाह त स्वतः नै लैङ्गिक असमानता प्रष्ट ठहरिन्छ । वैवाहिक निर्णयमा महिला सहभागिता न्यून देखिएकोले नारी पराधीनताको

अवस्था यो समुदायमा अझै पनि विद्यमान देखिन्छ । विवाह पद्धतिमा गरिने विवाह प्रचलनमा अझै पनि मामाको छोरा, फूँपूको छोरा विच नै बढी सम्बन्ध गास्ने भएकाले प्राचिन वैवाहिक संस्कार विद्यमान रहेको पाउन सकिन्छ । आर्यनहरु बढी घुलमिल भएका यी जाति आफ्नो धर्म संस्कार भन्दा पनि आर्यानरुको  संस्कृति संस्कार संस्कृतिकरण गरेको पाइयो । अध्ययन स्थल नगिचै विभिन्न प्रशस्त शैक्षिक स्थलहरु यत्रतत्र रहेकाले यिनीहरुको शैक्षिक स्तर, पेसामा वृद्धि रहेको पाइयो

## ७.३ सुझाव

नेपालका विविध जातजातिहरु मध्ये जनसंख्याको दृष्टिकोणले अति न्यून हिस्सा ओगटेको सो जातिको भावी अध्ययन अनुसन्धानको लागि निम्न सुझाव पेस गरिएको छ ।

(क) आर्थिक स्थितिले बोटे जातिको पारम्परिक पेसामा आएको परिवर्तन सम्बन्धी एक अध्ययन गर्न सकिनेछ ।

(ख) बोटे जातिको सांस्कृतिक मुल्य मान्यताहरु र गैर बोटे जातिका साँस्कृतिक मुल्यमान्यताहरु सम्बन्धी एक समाजशास्त्रीय अध्ययन शीर्षकमा शाध गर्न सकिनेछ

## सन्दर्भ सामग्री

आर.डि., एल.एल. (२०२३), *नेपालका विभिन्न जाति, लोकगित एक परिचय,* ललितपुर जगदम्बा प्रकाशन ।

एम.ए., रमेशकुमार (२०२६), *माझीजातिको एक संस्कृति हाम्रो संस्कृति,* वर्ष - ३ ।

केन्द्रिय तथ्याङ्क विभाग (२०११), *राष्ट्रिय जनगणना, २०६८, गा.वि.स./नगरपालिका रिपोर्ट ।*

डेभिड, सिल्स (१९७२), *इन्टरनेशनल इन्साइक्लोपेडिया अफ सोसियल साइन्स,* न्यूयोर्क: मेकमिलियन कम्पनी एण्ड फ्रि प्रेस ।

निरौला, हिरामणी (२०६२), *आधारभूत सामान्य ज्ञान:* काठमाडौः मकालु बुक्स एण्ड स्टेशनरी ।

नेपाल एसियाली अनुसन्धान केन्द्र (२०५६), *नेपालका केहि पीछडिएका जातिहरुको सामाजिक, आर्थिक अध्ययन,* त्रि.वि. काठमाडौ ।

न्यौपाने, गोविन्द (२०००), *नेपालको जातीय प्रश्न,* काठमाण्डौः सेन्ट्रल फर डेभलपमेन्ट, स्टडिज ।

पाण्डे, उमेशनाथ (२०२४), *यज्ञवल्लक्य स्मृति,* बाराणसीः चौखम्बा प्रकाशन ।

पाण्डे, नन्दकुमार (२०६१), *माझी वस्तीको ऐतिहासिक, आर्थिक झलक,* वर्ष ९, अंक ११ ।

पोखेल, बालकृष्ण (२०६५), *राष्ट्रभाषा,* ललितपुरः साझा प्रकाशन ।

बराल, बिमलप्रसाद (२०५०), *माझी जातिको सामाजिक संस्कृति,* मधुपर्क, कार्तिक ।

बराल, रामचन्द्र (२०५६), *विवाह विच्छेदका कारण र असरहरु,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र बिभाग, त्रि.वि.वि. काठमाडौ ।

बराल, बासु (२०४४), *हिन्दु सामाजिक सङ्गठनको प्रारुप,* काठमाडौः साझा प्रकाशन ।

भण्डारी, शंकरप्रसाद (२०५७), *मौलिक संस्कृतिका धनि बोटे जाति,* कान्तिपुर, दैनिक पत्रिका ।

राष्ट्रिय जनगणना (२०५८/२०६८), *मेची देखि महाकाली भाग ३* नेपाल सरकार सञ्चार मन्त्रालय सूचना विभाग ।

वस्याल, खगेन्द्र (२०३८), "बोटे जाति एक लघू परिचय", *मधुपर्क,* बर्ष २०१३ अंक १२ ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* ललितपुरः साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५०), *नेपाली जनजिवन ललितपुर,* काठमाडौंः साझा प्रकाशन ।

शर्मा, नरेन्द्र (२०३७), *नेपाली जनजिवन,* काठमाडौः साझा प्रकाशन ।

सत्याल, शंकरप्रसाद (२०३०),"माझी जातिको संस्कृति", *उषा,* बर्ष ५ अंक १ ।

सुव्वा, सुरज (१९८९), *बोटे द फेरी मेन अफ,* तनहूँ, काठमाडौः नेशनल प्रिन्टर ।

सुवेदी, राजाराम (२०६०), *कास्की राज्यको इतिहास,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौं ।

श्री कुल्लकभट्ट विरचिता, (२०३६), *मनुस्मृती, 'मनवर्थ मुक्तावली',* टीका सहित *'मणिप्रभा'* हिन्दी व्याख्योपेताः चौखम्बा, बारणासी ।

क्षेत्री गणेश र रायमाझी, रामचन्द्र (२०६१), *समाजशास्त्र/मानवशास्त्रको परिचय,* काठमाडौः एशिया पब्लिकेशन बागबजार ।

# अनुसूचि १

## बोटे जातिको विवाह पद्धति

## तनहूँ जिल्ला क्यामिन- ९ मा अधारित समाजशास्त्रीय अध्ययन

## अन्तरवार्ता अनुसूची

अनुसन्धानकर्ताः सूचना पण्डित

एम.ए. दोस्रो वर्ष रोलनं.: ९५/०६१

१. सामान्य परिचय

घरमुलीको नाम : लिङ्गः पेशाः

उत्तरदाताको नाम : विवाहको प्रकार

१.मणी २.भागी ३.जारी

४. प्रेम ५. अन्य

**पारिवारिक विवरण**

| क्र.स. | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

| प्र.न. | प्रश्नहरु | उत्तरहरु | जाने |
|---|---|---|---|
| २. | तपाईको विवाह कहिले भयो ? | मिति | |
| ३. | विवाह गर्दा तपाईको उमेर कति थियो ? | श्रीमान………वर्ष<br>श्रीमती……..वर्ष | |

| | | | |
|---|---|---|---|
| ४. | विवाह पूर्व तपाईहरुको भेट भएको थियो कि थिएन ? | १.थियो<br>२.थिएन | ६ |
| ५. | के पहिलो भेटमा बोलचाल भयो ? | १ भयो<br>२.भएन | |
| ६. | के तपाईको विवाह आफ्नै नाताभित्र भएको हो ? | १.हो<br>२.होइन | |
| ७. | यदि नाताभित्र भएको भए विवाह पूर्वको नाता के थियो? | | १० |
| ८. | के तपाईको विवाह आफ्नै जात भित्र भएको हो ? | १.हो<br>२.होइन | |
| ९. | अन्तरजातीय विवाह भएको भए घर परिवारले सहज रुपमा स्वीकार्नु भयो कि भएन ? | १.भयो<br>२.भएन | |
| १०. | तपाईको समाजमा अन्तरजातीय विवाहलाई कस्तो रुपमा हेर्नुहुन्छ ? | १.धेरै राम्रो<br>२.राम्रो ३.नराम्रो | |
| ११. | सामान्यतः बोटे जातिको विवाहमा कति खर्च गरिन्छ ? | रु. | |
| १२. | विवाहमा दाइजो दिने चलन छ कि छैन ? | १.छ<br>२.छैन | १४ |
| १३. | यदि दाईजो दिने चलन भए यो चलन राम्रो हो या होइन ? | १.हो<br>२. होइन | |
| १४. | विवाहमा सगुन लिने चलन छ कि छैन ? | १.छ<br>२.छैन | |
| १५. | छ भने सगुन लिने चलन राम्रो हो कि होईन ? | १.हो<br>२.होइन | |
| १६. | के सगुन र दाइजो प्रथा हटाउन केही गर्नु भएको छ ? | १.छ<br>२. छैन | १८ |
| १७. | छ भने के के उपाय गर्नु भएको छ ? | | |

| | | | |
|---|---|---|---|
| १८. | तपाईहरुको विवाहमा अन्य जातहरुलाई बोलाउनु हन्छ की हुँदैन ? | १.बोलाउछौं<br>२.बोलाउदैनन् | |
| १९. | छिमेकी अन्य जातको विवाहमा तपाइहरुलाई बोलाउँछन की बोलाउँदैनन् ? | १.बोलाउछन्<br>२.बोलाउदैनन | |
| २०. | तपाई कस्तो प्रकारको विवाह पद्धति मन पराउनु हुन्छ ? | १.माणी २.भागी<br>३.प्रेम ४.जारी<br>५.अन्य | |
| २१. | किन यस्तो प्रकारको विवाह मन पराउनु हुन्छ ? | | |
| २२. | तपाईको समाजमा विधुर/विधवा विवाह प्रचलनमा छ कि छैन ? | १.छ<br>२.छैन | २४ |
| २३. | विधुर/विधुवा विवाहलाई कस्तो रुपमा हेरिन्छ ? | १.धेरै राम्रो<br>२.राम्रो ३.नराम्रो | |
| २४. | के तपाईको समाजमा बहु–विवाह पद्धति प्रचलनमा छ ? | १.छ<br>२.छैन | २६ |
| २५. | यदि छ भने कस्तो प्रकारको छ ? | १.बहुपति<br>२.बहुपत्नि | |
| २६. | बहु - विवाह पद्धतिलाई कस्तो रुपमा लिनुहुन्छ ? | १.अति राम्रो<br>२.राम्रो<br>३.नराम्रो | |
| २७. | विवाहमा केटीहरु जन्त जान्छन् की जादैनन् ? | १.जान्छन्<br>२.जादैनन् | |
| २८. | यदि जान्छन् भने पहिले जान्थे की जादैनथे ? | १.जान्थे<br>२.जादैनथे | |
| २९. | तपाईको विवाह र वर्तमानमा हुने विवाहमा केही परिवर्तन पाउनु भयो ? | १.पाएँ<br>२.पाइनँ | |
| ३०. | यदि पाउनु भयो भने के के पाउनु भयो ? | | |
| ३१. | विवाह प्रक्रियामा फरक हुनाका कारणहरु के के | | |

| | | | |
|---|---|---|---|
| | होलान् ? | | |
| ३२. | तपाईहरुको समाजमा पारपाचुकेको चलन छ की छैन् ? | १.छ<br>२.छैन | |
| ३३. | यदि छ भने पारपाचुके पछि पुनः विवाह पनि भएको छ ? | १.छ<br>२.छैन | |
| ३४. | तपाईको समाजमा पुनः विवाह पद्धतिलाई कस्तो रुपमा<br>लिईन्छ ? | १.अति राम्रो<br>२.राम्रो ३.नराम्रो | |
| ३५. | तपाईको हालको पेशा के हो ? | १.कृषि २.व्यापार<br>३. ज्याला मजदुरी<br>४.नोकरी ५.अन्य | |
| ३६. | तपाईले किन आफ्नो पेशा परिवर्तन गर्नु भएको हो ? | | |
| ३७. | महिलाहरु पेशाको खोजिमा घर बाहिर जान्छन् कि जाँदैनन् ? | १.जान्छन्<br>२.जाँदैनन् | |
| ३८. | यदि जान्छन् भने पेशाको खोजिमा जाने महिलालाई समाजले कस्तो रुपमा लिन्छ ? | १.अलि राम्रो<br>२.राम्रो<br>३.नराम्रो | |
| ३९. | तपाईको अहिलेको पेशामा महिला/पुरुषको समान सहभागीता छ कि छैन ? | १.छ<br>२.छैन | |
| ४०. | विवाहको कुरा चलाउँदा महिलालाई सहभागीता गराइँन्छ कि गराइँदैन ? | १.गराइन्छ<br>२.गराइदैन | |
| ४१. | यदि गराइन्छ भने कस्ता कस्ता कार्यमा गराइन्छ ? | १.केटा खोज्दा<br>२.निर्णय गर्दा<br>३.सबै | |
| ४२. | वैवाहिक कार्यक्रममा महिलाको कस्तो भूमिका रहन्छ ? | | |

४३. विवाहका लागि केटी खोज्ने विधिबारे केहि बताइदिनु हुन्छ कि ?

४४. विवाहमा अन्य भुमिका कस्तो रहन्छ ?

४५. के पेशागत परिवर्तनले विवाह प्रकृयामा दाइजो र सगुन लिने दिने चलनमा परिवर्तन ल्याएको हो ? परम्परागत समय र वर्तमान समयमा काम गर्ने तरिका, खानपान लगायत यातायात सञ्चारका साधनमा परिर्वतन आएको छ कि छैन ?

# अनुसूचि २

## व्यक्तिगत अध्ययन

| | |
|---|---|
| उत्तरदाताको नाम: | परिवार संख्या |
| उमेर : | लिङ्ग |
| बर्ष : | सन्तान संख्या |

विवाह भएको साल :

१) विवाहमा आएका परिवर्तन के के हुन ?

२) के के कारणले विवाहमा परिवर्तन आएको छ ?

३) विवाहमा परिवर्तन आएका पक्षहरु के के हुन ?

४) विवाह गर्दा कति वर्षको हुनुहुन्थ्यो ?

५) तपाईको विवाह नातेदार भित्र भएको हो कि वाहिर ?

६) नातेदार भित्र भएको भए कस्तो नातेदारसँग भएको हो ?

*सहयोगको लागि तपाईलाई धन्यवाद ।*

अक्सफोर्ड युनिभर्सिटी: *'अक्सफोर्ड लर्नर्स डिक्सनरी',* कलकता, १९९२ अक्सफोर्ड युनिभर्सिटी प्रेस

अधिकारी सुर्यमणि, *तनहूँ राज्यको इतिहास* २०५५

आदिवासी जनजाति तनहूँ, २०७०

कोइराला शंकर, *प्राचिन नेपाल* संख्या ३

कैनी श्रीमती प्रभादेवी, *बोटे जातिको अध्ययन*

शर्मा हिरामणी, *२०२४ बोटे भाषाको अध्ययन*

आदिवासी जनजाति घोषणा पत्र २०६१

लिलाड्युव, *विमेन एण्ड किन्सप* (१९९७),

मिश्र डिल्लीराम, *नेपाल अधिराज्यमा तनहूँ* दोस्रो संस्करण

शर्मा जनकलाल, *नेपाली जनजिवन, अदर सन्ड्री अफ द तराई* (२०५२)

मेधावी समर्पण, २०७१/०७२ *समसामयिक विपशेषाङ्क,* पेज १५

विष्ट, डोर बहादुर (२०१९), *हामी दनुवार, माझी र दरै सवै जातको फुलवारी,*

*नेपाली वृहत शब्दकोष २०४०*

थपालिया भोजराज, *बोटेजाति एक परिचय* (पहिलो संस्करण)

द्विवेदी पशुपति कुमार, *अदर सन्ड्री अफ द तराई* (१९७५)